प्राचीन नेपाल
पुरातत्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या १८
माघ २०२८

Number 18
January 1972

सम्पादक
रमेशजङ्ग थापा

*Edited by*
**Ramesh Jung Thapa**

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थान:-
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok Lalitpur

मूल्य रू. ५।-

Price Rs. 5|-

Printed at Matribhoomi Press, Ghantaghar

**प्राचीन नेपाल**
संख्या १८
माघ २०२८

**Ancient Nepal**
**Number 18**
**January 1972**


सम्पादक
रमेशजङ्ग थापा

*Editor*
**Ramesh Jung Thapa**

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

*Assistant Editor*
**Ram Chandra Dhungana**

# Contents

# विषय-सूची


| | पृष्ठ | Page |
|---|---|---|
| नपाल देशको इतिहास | १ | 1 |
| ऐतिहासिक पत्रस्तम्भ | २५ | 25 |
| लुम्बिनी अञ्चलका केही ऐतिहासिक पत्र<br>*श्री शंकरमान राजवंशी* | ४१ | 41 |
| The Early Scuptures of Nepal<br>**Dr. Stella Kramrisch** | ४७ | 47 |
| The Rise and Development of The Baisi States<br>**Shri Ram Niwas Pandey** | ५० | 50 |

# नेपाल देशको इतिहास

## (गताङ्कको बांकी)

यिनका पुत्र श्रीनिवास मल्लले वर्ष २६।। राज्य गरे । यिनकी रानी मृगावती नामकी थिइन् । यिनले सपत्नीक भई ७ घोडाको सर्वसामग्रीसंयुक्त रथ र सुवर्णको सूर्यविंब बनाई असल योगमा रथारूढ सूर्यनारायण दान गरी काशी-निवासी सामवेदी ब्राह्मणलाई दिए । यिनले मत्स्येन्द्रनाथको आरतीगुठी राखी प्रात, मध्याह्न सन्ध्या र अर्धरात्री यी चार समयमा आरती गराए । बुग्मतीमा सुनको धारा बनाए । नेपाली संवत् ७८२ वैशाख शुक्ल तृतीयाका दिन राजा प्रताप मल्लकी रानी परलोक हुँदा मत्स्येन्द्रनाथको यात्रामा बाजाशून्य गरी खाली यात्रा गरे । यसै सालमा ठूलो हावा आउँदा धेरै रूखहरू ढले र धेरै घरका छाना उडाए । राजकुमार छत्रनरसिंह पनि परलोक भए । यी राजकुमारका नाउँले दरवारभित्र ढुंगाको रम्य देवल बनाई नेपाली संवत् ७८३ कार्तिक शुक्ल दशमीका दिन वंशगोपाल-को स्थापना गरे ।

फेरि अघि बाबुले बनाएको दिगुन्तलीका पांचतले देवालका छानामा अग्निप्रवेश भई एकतला मात्र बांकी हुँदा जीर्णोद्धार गरेर ६ महीनामा चार तला मात्र छाना सिध्याई सुनको छाना र गजुर चढाए । त्यस बखतमा अग्निप्रवेश भई शहरका धेरै घर बिग्रे । यो विघ्न हुनाको कारण बाजा नबजाई मत्स्येन्द्रनाथको यात्रा गरेको हुनाले हो भन्ने ठहराए । अनि संवत् ७८५ पौष महीनाका सूर्यग्रहणमा टौदहपोखरीमा चौद्ध हजार पुरश्चरण गराए । यसै सालमा यी राजाकी भिन्निनी देवलक्ष्मीकी छोरी मर्दा भक्तपुरे मन्त्रीका संमतले राजद्वारमा सबै स्त्रीहरू गई रोई विचार गर्नू भन्ने नियम बाँधी शहरवासी स्त्रीहरूलाई राजदरवार-मा लगी रुन लगाएर विचार गराए । यो स्थिति पहिले पाटनमा चलेको हो । ललितपुरमा तलेजुको ठूलो मन्दिर बनाई कुंभेश्वरमा चारतला छाना भएको देवालय, कुण्ड र पोखरी बनाएर बाबु सिद्धिनरसिंहले कीर्ति राखेको कार्तिक-भरको नाच नचाई जाग्राम गराए ।

यसै सालका माघ शुक्ल पूर्णिमाका दिन गुजराती ब्राह्मण दामोदरलाई सय गौदान दिए । दक्षिणी ब्राह्मण व्यासलाई आठ हजार मोलिने हात्ती दान दिए । मत्स्येन्द्र-नाथका देवालयका माझतलामा नेपाली संवत् ७८६ मा सुनको छाना बनाई छत्रसहित गजुर राखे । मूलचोकका दक्षिणपट्टि तीनतले देवालय बनाई बीचका देवालयमा सुनको जलप सारेर चोक फराक गरी गजुर चढाए । चोभारका गणेशको पनि देवालय बनाई गजुर चढाए । नेपाली संवत् ७८७ आषाढ शुक्ल तृतीयाका दिन हरिसिद्धि-देवीलाई १९ गजुर चढाए । अघिका पुराना गजुर तला-तलाका बीचमा राखिदिए । कीर्तिपुर जाने बाटामा वागमतीको पुल बनाई प्रतिष्ठा गरे । चम्पापुरकी बज्रवाराही-देवीको सुवर्णमूर्ति बनाई नेपाली संवत ७८६ चैत्र शुक्ल अष्टमी सोम वारका दिन विश्वनाथ उपाध्यायद्वारा प्रतिष्ठा गराएर त्यही एकादशी बृहस्पति वारका दिन ललितपुरमा घुमाउँदै यात्रा गरी प्रतिष्ठा गरे ।

नेपाली संवत ७८८ मा यिनले भक्तपुरका जगत्प्रकाश-संग मिली कान्तिपुरका लगाको २९ कोट जिती आफ्नो गरे । भक्तपुरका राजाले हामी दुई मिली आफ्नो गरेको पदार्थ बांडेर लिनुपर्दछ, तसर्थ मलाई डेढ लाख रुपियाँ र दुई हात्ती तथा लुभुगाउं र बिसंखुगाउसमेत देऊ भनी खबर पठाए । यिनले केही जवाफ नदिई त्यसै बसे । यसै

अवस्थामा कान्तिपुरका राजाले रात्रीमा समाचार पठाई भोलिपल्ट टेकुदोभानमा भेट गर्ने व्यवस्था मिलाए। तदनुसार अब हामी दुई जनाले विरोध नगरी सदा मिली रहनू भनी शालिग्राम, गाई, ब्राह्मण, हरिवंशपुस्तक र कालिकापुराण छोएर सत्यवाचा गरी कान्तिपुर र ललितपुर दुबैका राजा मिले। अनि भक्तपुरउपर आक्रमण गरी नाला, चौकोट, धुलिखेल र दाप्चागाउं जिती आफ्नो कब्जामा लिए। भक्तपुरका राजाले रात्रीमा फौजसहित कान्तिपुरमा आई श्रीनिवास मल्लका सेना ह्वौं भन्दै कोटमा पसेर नौ जनालाई मारे, तीस जनालाई समातेर भक्तपुर लगी भोलिपल्ट देवताहरूका स्थानमा बलि दिए। यता कान्तिपुरका राजा प्रताप मल्लले बहुत रिसाई ठिमी नलिउंज्यालसम्म पगरी पहिरने छैन भनी प्रतिज्ञा गरे। अनि श्रीनिवास मल्लसंग मिली भक्तपुरका राजाले कपट गरी जितेका कोटहरू स्वाधीन गरी भाद्र कृष्ण षष्ठीका दिन ठिमीमा ठाना बस्न पुगे। ठिमी शहरलाई चारैतर्फबाट घेरी नौ कोट बनाएर आश्विन महीनामा एक कोट जिती मार्गशीर्ष महीनामा नगदेश जिते। त्यसपछि ठिमी शहरका प्रजाहरूलाई बाहिर आवतजावत गर्न नदिई दुःख दिए। माघ शुक्ल एकादशीका दिन ठिमी शहर जितेर बन्दूक ६३ र ढाल १०९ जफत गरी दुवै राजाले बांडे। यसमा ललितपत्तनका सेनापति मुख्यकाजी विश्वराज र कान्तिपुरका सेनापति मुख्यकाजी बीरजी थिए। नेपाली संवत ७८३ वैशाख महीनामा राजा जगज्ज्योति मल्लले बनाएका ठेचोगाउंका पोखरीका छेउमा स्थापना गरेका सुनका छाना भएका योगेश्वर महादेवलाई र पोखरीका बीच खम्बाका सुनका फणादार नागलाई उठाई कान्तिपुरमा लगेर भंडारखालका पोखरीमा फणादार नागलाई र सुनका बसाहामाथि योगेश्वरलाई राखे। यति गरेपछि मात्र राजा प्रताप मल्लले पगरी पहिरे।

यस्ता प्रकारले भक्तपुरका राजाका कपटी कामले खूब रिसाई फेरि पनि यसै साल भाद्र महीनामा भक्तपुरका चारैतर्फ कोट बनाई कान्तिपुर र ललितपुरका राजाले घेर्दा भक्तपुरका मानिसहरू बाहिर निस्कन पाएनन्। त्यसै मौकामा उनीहरूका धानका कुन्यू पनि झांटी धान र पठुवासमेत सब बोकाएर कान्तिपुर र ललितपुरमा लगे। ललितपुरका राजाले भन्दा दोबर अन्न कान्तिपुरका राजाले लगे। यस्ता हिसाबले वर्षदिनसम्म ठाना बसी त्यस शहरमा कुनै गाउंबाट पनि चामल चिउरा आदि बेच्न जान दिएनन्। शहरभित्र अतिदुर्भिक्ष हुंदा दामको १० गेडा मकै र मोहरको २ माना चामल भयो। त्यसकारण खानबेगर दुःख पाई धेरै मानिस मरे। गरीब र धनीहरूले समेत किन्न नपाई खान नपाउंदा धेरैले रूखका पात, कपासका बीज र घाँससम्म खाई गुजारा गरे। भोकले श्रृंगार आदि कर्म गर्न सामर्थ्य नहुंदा स्त्रीहरूले ताकतबेगर गर्भधारण गर्न सकेनन् र जन्मने कोही भएनन्, खालि मर्ने मात्र भए। यस्तो दुःख पर्दा भक्तपुरका प्रजाहरू धेरै जनाले जीउको माया मारी रात्रीमा शहरबाट बाहिर निस्केर परदेश लागी गुजारा गरे। राजा प्रताप मल्लले इनायटोलमा थापिराखेका ढुँगाका दुइ सिंह उठाएर त्याई आफ्ना राजद्वारमा राखे। यस्तै गरी पोखरीका ढुंगा र ढुंगाका तोरण पनि उठाई कान्तिपुरमा लगे। ललितपुरका राजाले भने कीर्ति बिगारी कुनै कुरा पनि लिएनन्। यस्तो दुःख पर्दा भक्तपुरवासी जनहरूले धेरै पुस्तक र घरहरू बेचेर खाए। पछि बेच्दा पनि कसैले नलिंदा बहुत दुःख पाएका थिए। यसै बेला ललितपत्तनका मुख्यकाजी विश्वनाथ बिरामी हुंदा चौतर्फ कोट गरेर ठाना बसी घेरेका दुबैतर्फका सेनाहरू त्यसै छाडी फर्के। नेपाली संवत ७८४ कार्तिक कृष्ण नवमीका दिन काजी विश्वनाथ पनि परलोक भए। यी काजी लडाईंमा अतिशूरा र ब्राह्मण, योगी र सन्यासीहरूलाई अन्न वस्त्र दिई वारंवार भोजन गराउने उदारस्वभावका थिए।

यसपछि कान्तिपुरका राजाले भक्तपुरका राजा अति दुर्बल भइसके भनी ललितपुरका राजालाई बन्दीखानामा राख्ने नियत गरेर कपटभावले बोलाए। उनले मनमा बहुतै शंका गरेर पनि जान खोजे। तर मत्स्येन्द्रनाथले एक जनाका शरीरमा प्रवेश गरी प्रताप मल्लको मतलब सबै राजासंग विस्तार गरे। त्यसपछि राजा श्रीनिवास मल्लले हामी दुई जनाको जीउ छउन्जेल नछुट्टिनू भनी देवताका स्थानमा सत्य वाचा गरी ताम्रपत्र गरेको छँदै यस्तो गर्न खोजे भनी प्रताप मल्ललाई असत्य ठाने।

उता राजा प्रताप मल्लले अब म एकलो हुन लागें भनी डराएर भक्तपुरका राजासंग गुप्त दूतद्वारा मिल्ने खबर पठाए। तर उनले यिनको विश्वास नमानी केही उत्तर

दिएनन् । सो कुरा थाहा पाई राजा श्रीनिवास मल्लले पुरोहित विश्वनाथका माहिला छोरा मधुसूदनलाई मेलको कुरा कही भक्तपुर पठाए । भक्तपुरका राजा जगत्प्रकाश मल्लले आफ्ना प्रजाहरूको दुःख देखी अति दुःख मानी नेपाली संवत ७८४ वैशाख शुक्ल द्वादशीका दिन कपाल अति लामालामा र मुख अति मलिन गरेर ललितपत्तनका राजाका शरणमा आए । राजा श्री निवास मल्ल आफै बाटामा लिन गई दरवारमा ल्याए । भोलिपल्ट दारी कपालहरू बनाउन लगाएर असल वस्त्र पहिराई उनको आफूले लिएको राज्यसंपत्ति संपूर्ण सपुर्द फिर्ता दिए । अनि केही दिन दरवारमा राखी भक्तपुर पठाए । तिनताका कान्तिपुर र ललितपुरका कुनै राजाले पनि भक्तपुरका मूलतुलजाको दर्शन गर्न पाउँदैनथे । यिनका पालामा यी राजा श्रीनिवास मल्लले धेरै पूजासामा लगी भक्तपुर दरवारमा मूलतुलजाको दर्शन र पूजा गरे ।

यस्ता रीतले ललितपत्तन र भक्तपुरका राजा मिलिरहेका बखतमा राजा प्रताप मल्ल एकला भएका थिए । नेपाली संवत् ७८५ ज्येष्ठ शुक्ल दशमी हस्ता नक्षत्रका दिन भक्तपुरका राजा जगत्प्रकाश मल्लले देवालय बनाई ललितपत्तनका विश्वनाथ उपाध्यायलाई भक्तपुरमा लगी हरिशंकरको मूर्ति स्थापना गराए । नेपाली संवत् ७८५ आश्विन महीनामा मदालसोपाख्यानको नाच बनाई मानिग्लमा नचाए । नेपाली संवत् ७८६ कार्तिक शुक्ल अष्टमीका दिन जन्मेको पुत्र ७५ दिन मात्र बाँची खस्यो । यही साल तंबाहालका देवालयका बीचतलामा सुनका छाना, सुनका छत्र र सुनका पुष्पमाला चढाए । यसरी ललितपत्तन र भक्तपुरका राजा मिलिरहेका थिए तापनि नेपाली संवत् ७८६ आषाढ महीनामा भक्तपुरका राजा केही कारण नभई राजा प्रताप मल्लसंग मिल्न गए ।

केही दिनपछि राजा प्रताप मल्लले कान्तिपुरको दरबार बनाउनालाई भक्तपुरका राजासंग चौध हजार काठ मागे । भक्तपुरका राजाले पनि सधैं यिनीसंग मिलेर बढिया हुँदैन भन्ने ठानी ६ महीनापछि फेरि ललितपुरका राजासंग मिल्न गए । त्यसै बखतमा भक्तपुरका प्रजाहरूले अघि राजा प्रताप मल्लसंग मिल्न जानुभएको असल गर्नुभएको होइन भनी आफ्ना राजासंग विन्ति गरे । त्यसका केही दिनपछि नेपाली संवत् ७८७ आषाढ महीनामा ललितपत्तनका राजा र कान्तिपुरका राजाहरूको भेट मुलाकात भई बराबर आउनुजानु गर्दा फेरि भक्तपुरका राजा एकला भए । राजा प्रताप मल्लले यसै साल भाद्रमा हरिसिद्धिका देवालयमा सुनको छाना चढाए । श्रीनिवास मल्लले नेपाली संवत् ७८७ कार्तिक कृष्ण पंचमीका दिन बुग्मतीका रुद्रकुम्भभैरव-मा सुनको तोरण चढाई ती भैरवको सुनको मुख बनाएर प्रतिष्ठा गरे । श्रीनिवास मल्लले यसै साल श्रावण महीनामा नीलकण्ठस्थानमा गई स्नान, दान र दर्शन गरेर फर्के । यसै साल श्री मत्स्येन्द्रनाथको नयनबाट हरबखत आँशु खस्यो । वागमतीमा गोकर्णदेखि देवपत्तनसम्म दूध जस्तो सेतो जल बग्यो । आकाशमा धूम्रकेतुको उदय भयो । राजा श्री निवास मल्लले ती उत्पातहरूको शास्त्रोक्त रीतले नेपाली संवत् ७८८ पौष वदि १० का दिन यथाक्रमले शान्ति गरी उपद्रवको निवारण गरे । संवत् ७८९ वैशाख शुक्ल चतुर्थीका दिन सिद्धिनरसिंहका लवटपुत्र कीर्तिनरसिंहले पनि सोधमा तीन तला भएको देवालय बनाए । संवत् ७८९ ज्येष्ठ शुक्ल प्रतिपदाका दिन श्रीनिवास मल्लले कुंभेश्वरका स्थानमा सुनको नाग बनाई सर्वेश्वरमा अर्पण गरे ।

संवत् ७९० ज्येष्ठ कृष्ण पंचमीका दिन भण्डारखालका कोणमा देवालय बनाई द्विमाजुदेवीको स्थापना गरे । यसै साल फाल्गुन शुक्ल सप्तमीका दिन दिगुन्तलीको देवालयका चार कुनामा सुनका चार गलुर बनाई चढाए । संवत् ७९१ कार्तिक शुक्ल दशमीका दिन बालकुमारीदेवीका स्थानमा अघि प्रमाणले राखेको खंबामाथिको मुजूर झिकी अर्को असल मुजूर बनाई राखे । यसै सालमा थछेका महालक्ष्मी पीठमा खम्बा खडा गरी सुनको सिंह बनाएर चढाए । यसै सालका चैत्र कृष्ण त्रयोदशीका दिन ललितपुरमा भक्तपुरका बिस्केट (विश्वकेतु) यात्राका रीतबमोजिम यात्रा गराई अघिल्ला दिन लिंगो उभ्याएर भोलिपल्ट चतुर्दशीका दिन लिंगो ढाल्ने रीत चलाए । रामायणको नाच नचाई हरिकीर्तन पनि गराए । त्यस नाचका वानरले नटेश्वरका प्रभावबाट सिद्धि पाई चटकीले गरे जस्तो तमाशा गरेर नाच्दा त्यस नाचमा शहर र गाउँका धेरै मानिसहरू तमाशा हेर्न आए । यी राजाले पनि परमेश्वरको भक्तिभावना गरी एक सय साठी तोला सुवर्णको च्यादर बनाएर चढाए । यसै साल ज्येष्ठ कृष्ण पंचमीका दिन तुलजादेवीको

सुनको छाना र गजुरसहितको देवालय बनाए। अनि लक्षाहुति यज्ञ गरी अघिका ठाउँबाट सारेर स्थापना गरे। संवत् ७९२ मा मत्स्येन्द्रनाथमा पनि सुनको तोरण चढाए। यो वृत्तान्त यसरी लेखिएको छ:–

मत्स्येन्द्र योगिनो मुख्याः शाक्ताः शक्ति वदन्ति यम् ।
बौद्धा लोकेश्वरं तस्मै नमो ब्रह्मण्यरूपिणे ।
नेपालाब्दे लोचनांकद्विपाख्ये श्रीपंचम्यां श्रीनिवासेन राज्ञा ।
स्वर्णद्वारं स्थापितं तोरणेन सार्द्धं श्रीमल्लोकनाथस्य गेहे ।

श्री राजा श्रीनिवास मल्लले भक्तपुर, गोरखा र तनहुँका राजाहरूलाई समेत साथमा लिई आफू मुख्य भएर मकवानपुरमा चढाईं गरी जिते। अनि त्यहाँका राजा शुभ सेनले दूतहरू पठाई सलतनत बाँधे। राजा श्रीनिवास मल्ललाई दुई हात्ती नजराना दिई दर्शन गरे। श्री निवासले पनि केही करको बन्दोबस्त गरी राज्य उनैलाई थामेर आफ्नो वशमा राखे। अनि एक हात्ती गोरखाका राजालाई दिई एक हात्ती आफूले लिएर दरबार फिरे। संवत् ७९२ माघ महीनामा मोरङका राजा हरिहर सेनले सिन्धुमा चढाईं गरी लडाईं गर्दा मकवानपुरका राजाले यी राजासंग मद्दत लिएर धेरै फौज मारी घोडा आदि वस्तुहरू लुटिलगे। मद्दतलाई गएका बिसंखुका खसहरूले पनि पूरा मद्दत दिई मोरङका राजालाई हराएर धेरै वस्तु लुटिल्याई यी राजालाई चढाए। संवत् ७९३ फाल्गुन शुक्ल दशमीका दिन आफैं राजा श्रीनिवासले बनाएका पाँच श्लोकसमेत शिलापत्रमा लेखी त्यस शिलालेखलाई भारी यात्रासाथ देश घुमाई मत्स्येन्द्रनाथका देवालयका पूर्वपट्टि स्थापना गरिदिए। संवत् ७९४ वैशाख शुक्ल चतुर्दशी बुध वारका दिन श्रीमत्स्येन्द्रनाथका रथमा सुनको खट्तला राखी यात्रा गराए।

यही साल कान्तिपुरका राजा प्रताप मल्ल परलोक भएपछि अघि प्रताप मल्लले साहिंला पुत्रले राज्य गर्नू भनेको रहेछ र यो त बेइन्साफ भयो भनी श्रीनिवास मल्ल, जोगेन्द्र मल्ल, भक्तपुरका राजा जितामित्र मल्ल र यिनैका भाइसमेत ४ जना सामेल भै कान्तिपुर पुगे। श्रीनिवास मल्ल प्रमुख भै तीन पुत्रमध्ये ज्येष्ठ नृपेन्द्र मल्लकन राज्याभिषेक दिलाए। यी सातै जना संयुक्त भै सभा गरी बडो उत्सवसंग नाचकीर्तन गराए।

फेरि यसै साल आश्विन महीनामा सेन राजाहरूको आफू आफूमा तकरार पर्दा मकवानपुरका राजा शुभ सेनले मद्दत मागे। श्रीनिवास मल्लले आफू अग्रगण्य भई कान्तिपुर, भक्तपुर र तनहुँका राजा तथा फौजसमेत साथमा लिएर गई पूर्वतिर हरिहर सेनको राज्य मोरङमा चढाईं गरे। लडाईंमा रावा, हलेसी आदि १७ गाउँ जितेर राजा शुभ सेनलाई दिई फर्के। अर्को साल यी राजालाई राजा शुभ सेनले मोरङबाट ४ हात्ती नजराना चढाई पठाए।

संवत ७९५ साल मार्ग शुक्ल एकादशीका दिन यी राजाका भाग नाम भएका काजीले लामू सत्तल बनाई उमामहेश्वरको स्थापना गरे। यसै साल चैत्र शुक्ल चतुर्थीका दिन श्रीनिवास मल्लकी महतारी रानी अपूर्वा परलोक भइन्। संवत् ७९५ साल माघ कृष्ण षष्ठीका दिन राजा श्रीनिवास मल्लले पुत्र योगनरेन्द्र मल्लको व्रतबन्ध गर्दा भक्तपुरका राजाका दुइ भाइ, कान्तिपुरका राजाका तीन भाइ, तनहुँका राजा, गोर्खाका राजा र मकवानपुरका राजासमेत दस राजालाई निमन्त्रणा गरेर डाकी बडो उत्सव गरे।

यी राजाका राज्यकालमा अघिका राजाहरू सबै परलोक भै सब ठाउँका राजाहरू बालक हुंदा यिनले कसैउपर चढाईं नगरी सबैसंग मिली राज्यभोग गरे। ७९५ साल ज्येष्ठ शुक्ल तृतीयाका दिन कान्तिपुर, भक्तपुर, तनहुँका राजा र यिनका काजीहरूसमेत सामेल गरी श्रीगुह्येश्वरीमा गएर "हामीहरू यति राजामा कसैले कलह नउठाउनू, आफू आफूमा मिली आफ्नो आफ्नो राज्य मात्र भोग गरेर मित्रता राख्नू" भनी सत्यवाचा बाँधेर खुशीराजीसंग सबै राजाले कसम खाए। यसै साल भदौ महीनामा इकुहिटीमनिका खेतमा एक धानका बीजमा एक सय चौबीस धानका बाला उब्जँदा राजा, प्रजा सबै गई हेरे। ७९५ साल चैत्र शुक्ल पंचमीका दिन राजा श्रीनिवास मल्ल, जितामित्र मल्ल, नृपेन्द्र मल्ल र यिनका गुरु, पुरोहित चौतारा र प्रधानहरू सबै जम्मा भई मानिस मर्दा अघि बाह्र दिनमा घरशुद्ध र तेह्र दिनामा शुद्धशान्ति आदि कर्म गरी ब्राह्मणभोजन गराउने रीत सबको थियो। त्यस्तो रीत चलेमा

सबै प्रजाहरूले सबै क्रिया पुऱ्याउन नसकी कर्महीन हुन जांदा धर्मशास्त्रका वचन प्रमाण भएका गुरु पुरोहितको वचन लिई तीनै शहर आदि सबै ठाउँमा अब उप्रान्त सबै प्रजाहरुले पैंतालीस दिनमा सपिण्डीकरण गर्नू, राजकुलमा मात्र तेह्र दिनमा सपिण्डी गर्नू भन्ने बन्देज बांधी तामामात्र गरेर ललितपत्तनका मूलचोकमा टाँसे।

संवत ७९६ साल वैशाख शुक्लमा हुखादेखि चौक्वाठ-सम्म दरवार बनाई पूरा गरे। ७९९ साल वैशाख कृष्ण अष्टमीका दिन मंगलभट्ट आगम मूलचोकमा स्थापना गरि-दिए। मूलचोकमा भगवतीको र धूबहालका भैरव नाट्ये-श्वरको स्थापना गरे। संवत् ८०० ज्येष्ठ कृष्ण चतुर्थीका दिन अम्बरसिंह कवरले कोबहालमा ढुंगाको देवालय बनाई श्री कृष्णको मूर्ति स्थापना गरे। संवत ८०१ भाद्र शुक्ल षष्ठीका दिन भीमसेनको तीन तला गरेर ठूलो देवालय बनाई गजुर चढाए। कीर्तिपुरमा कोटघर बनाई गजूर चढाए।

यसै साल पौष कृष्ण अष्टमीका दिन रात्रिमा दिग्दाह भई अति लामो धूम्रकेतु र ठूलो एक तारा उदाई अकस्मात आकाशमा ठूलो शब्द भयो। ज्येष्ठ शुक्ल सप्तमीका रातमा भूकम्प भई धेरै घरहरू भत्के। संवत् ८०३ माघ कृष्ण सप्तमीको दिन धेरै तुसारो वृष्टि भयो। यिनै ताका राजकुमार योगनरेन्द्र मल्लले मन्त्रीका खेलमा परी दरवार-को धन ओसारेर ढुंलगनखेलका स्थानसमीपमा बसी बेपारी-लाई झिकाएर बेपार चलाई नयाँ पोखरी बनाए। पछि त्यहीं दरवार बनाउने मन पनि गरे। यो कुरा राजाले थाहा पाई आफू बहुतै शान्तस्वभावका हुनाले पुत्रले आफू-लाई नसोधी आफ्नो आँटले काम गर्न लाग्यो भने आफैले राजकाज चलाउने मन गरेको हो भन्ने ठाने।

आफ्नो वृद्धावस्था र छोराको त्यस्तो मनसुवा बुझेर सबै राजकुलहरू डाकी संवत् ८०५ पौष शुक्ल पंचमी हस्ता नक्षत्र सुकर्म योग भएका दिनमा सुवर्ण कलश स्थापना गरी पुत्र योगनरेन्द्र मल्ललाई राज्याभिषेक गरी राज्य दिए। त्यसपछि यी श्री निवास मल्लले आफ्ना बाबु सिद्धिनर-सिंहले कीर्ति राखी गएको कार्तिक महीनाभरको कार्तिक-महात्म्यको नाच जगाई हरिकीर्तन गरेर मत्स्येन्द्रनाथलाई धेरै गहना चढाई धेरै गुठी पनि राखे। देवदेवताका स्थान-हरूमा नित्यपूजाको नियम बाँधी आफ्ना प्रजाहरूको नीति-पूर्वक प्रतिपालना गरे। यस्ता प्रकारले धेरै बर्ष राज्य भोग गरी ठाउँ ठाउँमा धेरै कीर्ति फिजाएर संवत् ८०७ साल माघ शुक्ल एकादशीका दिन राजा श्री निवास मल्ल परलोक भए।

यिनका पुत्र योगनरेन्द्र मल्लले २१॥ वर्ष राज्य भोग गरे। यिनले संवत ८०२ वैशाख कृष्ण एकादशीका दिन आफ्नी महतारी मृगावतीका नाउँबाट पोखरी बनाई सुनको नागफणामाथि बालगोपाल देवताको स्थापना गरे। बाबुका पालादेखिका भाग नामक काजीले अरू काजीभन्दा ठूलो भई काम गर्ने, प्रजाहरूलाई राजी नराख्ने, बेरीतसंग मनपरी कामकाज गर्ने साथै रानीसंग बोल्दा पनि बेमर्यादा गर्ने गरेको हुनाले यिनले त्यस काजीलाई अति बढेको ठानी युक्तिपूर्वक मान खोसेर पछि दगा गर्ला भन्ने डरले मारि-दिए।

संवत् ८०७ माघ कृष्ण अमावास्याका दिन शहरको पूर्वपट्टि मैदान बनाई प्रतिवर्ष घोडायात्रा चलाए। ८१० सालमा कान्तिपुर र भक्तपुरका राजाहरू मिलिरहेका बखतमा भक्तपुरका राजासंग लडाई गरी ढाल, तरवार र बन्दूकहरूका साथै १२८ मानिस पक्री ल्याए। यसै सालमा मत्स्येन्द्रनाथको रथयात्रामा रथ ढल्दा एक बाँडाका शरीरमा देवता प्रवेश भई दरवारका समीपमा आएर तिमीहरूले केही फिक्री नगर, रथ अहिल्यै खडा हुन्छ भन्यो। अनि राजाले यो कुरा निश्चय भयो भने देवतालाई बाह्र पलका सुवर्णको गहना बनाई चढाउँला भनी भाकल गरे। टेवा लगाई तान्दा रथ खडा भयो र फेरि यात्रा गरे। राजाले अघि भाकेअनुसार सुनको सिक्री माला बनाई चढाए।

संवत् ८१२ साल फाल्गुन शुक्ल द्वादशीका दिन लक्षा-हुति यज्ञ गरी तुलजाभवानीलाई गजूर चढाए। यसै सालमा मत्स्येन्द्रनाथका ढमाका भैरवका मुखबाट पसीना चुहुंदा चौथा दिनमा ललितपुर शहरका उत्तरपट्टि अग्नि प्रवेश भई धेरै घरहरू जले। ८१३ साल फाल्गुन शुक्ल दशमी रवि

वारका दिन यी राजाले दिगुन्तली भनी खम्बा खडा गरेर त्यसमा सुनको आफ्नो दुरुस्त मूर्ति बनाई स्थापना गरे। यसै सालमा ईश्वरदास काजीले न्हूगलमा भवानीशंकरको स्थापना गरे। यिनका बाजे सिद्धिनरसिंहले आफै ग्रन्थकार भई कार्तिकमहात्म्यको नाच खडा गरेर कार्तिकभर नचाएका थिए। यिनका बाबुले त्यसमा केही थप गरी नचाएका थिए। यिनले त्यसमा पनि धेरै लीला थप गरी नित्य नाच गराई हरिकीर्तन गरे।

संवत् ८१४ मा मत्स्येन्द्रनाथको यात्रा गर्दा अघि मत्स्येन्द्रनाथलाई नेपालमा ल्याउने राजा नरेन्द्रदेवको मूर्ति खड्ग भक्तपुरका राजाले सौंपिदिने रीत चलेकोमा उसताका भक्तपुरका राजासंग मेल नहुँदा उनलाई बाहेक गरी आफैले खड्ग लिएर कर्म चलाए। ८१५ सालमा गोदावरी तीर्थमा गई अहोरात्र उपवास यज्ञहरू गरी सय गोदान गरे। यसै साल चैत्र महीनामा जमरा रोपी दसैंको विधि पूरा गरेर रामनवमी कर्म गराए। संवत् ८१६ मा यी राजाले प्रतिवर्ष चैत्र महीनामा चांगुनारायणको पूजा गर्ने गरेकोमा पनि भक्तपुरका राजासंग मेल नहुँदा चांगुनारायणका सट्टामा ललितपुर सोथटोलका आदिनारायणको पूजा गर्ने रीत गरे।

यसै सालमा यी राजा योगनरेन्द्र मल्लले वेवघाटमा स्नान गर्न गएका बखतमा तनहुंका राजा र उनका काजी परशुराम थापासंग भेटमुलाकात हुँदा तनहुंका राजाले दुइ हात्ती दिए र मकवानपुरको बाटो गरी दरवारमा भित्रिए। यी हात्तीमा १ हात्ती भक्तपुरका राजा जितामित्र मल्ललाई दिई मिले। त्यसका केही दिनपछि कान्तिपुरका राजाले यिनलाई १ हात्ती भेटी दिई मिलेर भक्तपुरमाथि लडाई गरे। त्यसमा सांगा र नाला जिती फर्के। संवत् ८१७ मा ईश्वरदास काजीले क्वाथछे बालकुमारीपीठमा तीन तला भएको देवालय बनाई गजूर चढाए। यसै सालमा यिनले कुंभेश्वरको पांचतले देवालय बनाए।

संवत् ८२१ माघ शुक्ल एकादशीका दिन यज्ञमण्डप बनाई होता पूर्णानन्द उपाध्यायद्वारा अग्निस्थापना गराई कोट्याहुति यज्ञ गरेर कुम्भेश्वरमा गजूर चढाई सुनको जलहरि राखिदिए। यसका तीन दिनपछि यही यज्ञमण्डपमा दुःशासनवधरूपका ध्यानले संयुक्त र भूतभूतिनीसहित भएको भीमसेनको मूर्ति बनाई अचारहरूका हातबाट रात्रिबलि र देशबलिसहितको पूजा गराई शहरमा दोबाटापीछे छाग, मेष, हंसहरू बलि चढाएर शहरका सब नाच र बाजाले सहित ठूलो उत्सव गरे। देश घुमाएर यज्ञमण्डपमा लगी शास्त्रोक्त प्रमाणले प्राणप्रतिष्ठा गरी देवालयमा राखेर जीवन्यास गरिदिए। कस्ता प्रकारले जगाए भने नाकको छिद्रमा पिउरी घुसारी जीवन्यासको मन्त्र प्रयोग गर्दा त्यस मन्त्रसिद्धिका प्रभावले नाकका छिद्रबाट श्वास निस्की पिउरी उडायो। अनि राजाले भयो भनी खूब हर्षित हुँदै आफ्ना हातको औंठी झिकेर भीमसेनका हातका औंलामा लाइदिए। यी भीमसेन बडा प्रत्यक्ष छन्।

उता भक्तपुरका राजाले यी राजामाथि ठूलो रिस गरेर सन्तति शून्य हुने क्रियाद्वारा न्हुगलटोलमा शिवस्थापना गरिदिए। जलहरि सामुन्ने गरी दरवारका उत्तर पारी स्थापना गरे। यो कुरा अघि योगनरेन्द्र मल्ललाई पनि थाहा भएन। त्यसैका प्रभावले राजकुमार ऋद्धिनरसिंह मल्ल पनि बालकैमा परलोक भए। पछि थाहा हुँदा पालीमाथि पनि धुरी होच्याई धुरीमा हनूमान् थापिदिए।

शहरका धर्मधारा ध्वलहिटीमा पानी भर्नुपर्ने गरी जलधेनुस्वरूप भई उत्तरवाहिनी भएकी वाग्मतीलाई बार लगाएर सोझो पारी उत्तरवाहिनी नगरी बिगारेको हुनाले धारामा यन्त्र गाडी फेरिदिए। बालकुमारीको श्मशान पनि फेरिदिए। मानिस मर्दा गल्ली गल्लीमा रोई विचार गर्नुपर्ने रीत चलाए। यी राजाले संवत् ८२६ भाद्र कृष्ण सप्तमीका दिन भक्तपुरका राजा भूपतीन्द्र मल्लको राज्य दखल गर्नलाई फौजहरू लिई चाँगुमा गई बसे। त्यस बखतका फौजमा सेनापति चौतरिया आनन्दहारी थिए। लडाई गर्दा केही हात पार्न नसकी बज्रयोगिनी र चाँगुनारायणको दर्शन गरी चाँगुमै बसे। तिनै ताका भक्तपुरका मन्त्रीका खेलले तमाखुमा विष हाली खुवाउँदा संवत् ८२६ कार्तिक शुदि ११ का दिन राजा योगनरेन्द्र मल्ल चाँगुमै परलोक भए। राजाको लाश उसै दिन डोलीमा राखी ललितपत्तन शहरमा ल्याए। कान्तिपुरका राजा भूपालेन्द्र मल्लकी रानी र छोरा महीन्द्र मल्ल तथा काजीहरूसमेत आई विचार

गरे। भौलिवल्ट शंखमूल तीर्थमा लगी दाहसंस्कार गरे। यिनका साथ सती जानेमा पट्टरानी २, राउतिनी ७ र बाहिरिया २३ जम्मा रानीहरू ३२ भए। संस्कार गरिसकेपछि चतुर्दशीका दिन राजाको भण्डार र हात्तीहरू कान्तिपुरका प्रजाहरूले लिई जान लाग्दा ललितपत्तनका प्रजाहरू सब उठी कान्तिपुरका प्रजाहरूलाई जहाँ पायो उहीं मारे। यस्ता तरहले सय जना मारिसकेपछि कोठामोचेहरूलाई काजीहरूकहाँ पुऱ्याउन पठाए।

यसपछि संवत् ८२६ कार्तिक कृष्ण एकादशीका दिन छोरीपट्टिका सन्तान विष्णु मल्ल भन्ने प्रसिद्ध नाउँ भएका लोकप्रकाश मल्ललाई भक्तपुरका राजा आई राज्याभिषेक दिए र हात्तीमा सवार गरी देशयात्रा गराए। यी विष्णु मल्ल योगनरेन्द्र मल्लकी पुत्री योगमतीका छोरा हुन्। यसै साल आषाढ महीनामा बर्षाद नहुँदा योगमती रानी र राजा लोकप्रकाश मल्लले ठाउँ ठाउँका सबै देवताहरूको पूजापाठ गरी पानी मागे। यसै आषाढमा श्रीबज्रवाराही बालकुमारीस्थानदेखि माथि बढो जाहेर भइन्। घोभारका गणेशले पनि कीर्तिपुरतर्फ फर्की हेरिरहे। यी लोकप्रकाश मल्ल ११ महीना मात्र राज्य गरी संवत् ८२७ आश्विन कृष्ण षष्ठीका दिन परलोक भए।

यिनका शेषपछि बोध मल्ल कवरका छोरा इन्द्र मल्ललाई राजा गराए। यी राजा पनि १॥ वर्ष मात्र राज्य गरी संवत् ८२९ चैत्र शुक्ल पूर्णिमाका दिन परलोक हुँदा यिनकी रानी भाग्यवती सती गइन्।

त्यसपछि बालक महेन्द्र मल्ललाई राज्याभिषेक दिए। यी राजा बालक हुनाले राजा लोकप्रकाश मल्लकी महतारी योगमती रानीले कान्तिपुरका राजालाई बोलाएर मर्यादामाफिक कर्म चलाई मत्स्येन्द्रनाथको यात्रा गराइन्। यिनै योगमती रानीले ढुंगाको देवालय बनाई श्रीकृष्णको स्थापना गरिन्। यिनैका राज्यसमयमा संवत् ८३४ चैत्र वदि २ का दिन श्री मत्स्येन्द्रनाथको मुख उप्की आयो। संवत् ८३५ पौष वदि द्वितीयाका दिन राजा महीन्द्र मल्ल शीतलाको व्यथाले परलोक भए।

यसपछि शतुंगले घरका ऋद्धिनरसिंहलाई झिकाई राज्याभिषेक दिए। ऋद्धिनरसिंहको भोग वर्ष २। यी पनि संवत् ८३७ ज्येष्ठ वदि अमावास्याका दिन परलोक भए।

संवत् ८३७ आषाढ शुक्ल १५ का दिन कान्तिपुरका राजा महीन्द्र मल्ललाई मणिमण्डप सिंहासनमा राखी राज्याभिषेक दिए। यी राजाको ललितपुरपट्टिको राज्य भोग वर्ष ५। यी राजा शुद्ध सूर्यवंशका हुन्। यिनले कान्तिपुर र ललितपुर दुवै शहरको राज्य भोग गरे। यिनका पालामा संवत् ८३६ चैत्र महीनादेखि कान्तिपुरमा महामारी व्यथा आई धेरै मानिस मरे। आषाढ महीनादेखि ललितपत्तनमा र त्यसपछि भक्तपुरमा समेत त्यही व्यथा प्रवेश हुँदा धेरै मानिस मरे।

कान्तिपुरका राजा महीन्द्र मल्ल, ललितपत्तनका राजा ऋद्धिनरसिंह मल्ल र भक्तपुरका राजा भूपतीन्द्र मल्ल भएका बखत तीनै शहरमा पहिले हात्ती, घोडा आदि पशु र पंछीहरू मर्न लागे। अनि तीनशहर र गाउँहरूमा समेत धेरै मानिस मरे। व्यवहार र समाचारहरू सबै बन्द हुँदा सबै प्राणीहरूमा हाहाकार भयो। संवत् ८४१ ज्येष्ठ शुदि १४ का दिन व्याघ्रभैरवको पनि नेत्रदेखि मनि मुख पतन भई विरूप भए। यसरी सबै देवताका स्थानहरूमा धेरै उपद्रव भए। यस्ता प्रकारले ठाउँठाउँमा महाउत्पात भएपछि संवत् ८४२ भाद्र वदि एकादशीका दिन अघि भास्कर मल्लका नाउँले प्रसिद्ध भएका पछि महीन्द्र मल्ल भन्ने नाउँले कहलाएका कान्तिपुर र ललितपुर दुवै शहरका राजा पनि परलोक भए।

यसपछि ललितपत्तनमा कुनै छोरीपट्टिका सन्तान योगप्रकाश मल्ललाई भक्तपुरका राजा रणजित् मल्ल आई राज्याभिषेक गरिदिए। यिनले ७ वर्ष राज्य भोग गरे। यिनले महामारी उपद्रव शान्तिका निति मेलु र भगवतीदास २ काजीका संमतले संवत् ८४३ माघ वदि ६ का दिन लक्षाहुति यज्ञ गरे। संवत् ८४४ ज्येष्ठ शुदि सप्तमीका दिन मत्स्येन्द्रनाथलाई रथबाट ओह्राल्दा कुकुरले छोयो। फेरि बुग्मती पुगेपछि सुंगुरले छोयो र प्रायश्चित्त गराए। कोन्तीका गौरीकुण्डबाट मांग उत्री आयो। गुह्येश्वरीकुण्डबाट

ह्लिो निस्क्यो । चांगुनारायणको शिर जमीनमा खस्यो । भक्तपुरमा भैरवनाथलाई चढाइरहेको महिषको शिर जिभ्रो निकाली उफ्रन लाग्यो । पनौती र ठेचोमा देवगणहरू लडाईं गर्नन् कि भने जस्तो गरी अघि सर्न लागे । सवत् ८४५ मा मत्स्येन्द्रनाथका यात्रामा घमाको भैरवको नाक, मुख र आँखाबाट धेरै दिनसंम पानीको बूंद गिर्दै रह्यो ।

यसरी उत्पात बढ्दै गएपछि यसै साल भक्तपुरका राजा एकला हुनाले उनले गोरखाका राजाको सैन्य झिकाई भदौ महीनामा बिसंखुगाउं जितिलिए । ललितपत्तनका राजाले कार्तिक महीनामा गोरखाका सैन्य हात लिए । त्यसपछि जयप्रकाश मल्लले बिसंखु आफ्नो गरे । त्यसपछि भक्तपुरका राजाले कान्तिपुरका राजालाई तेह्र हजार रुपियाँ र एक हात्ती दिई मिलेर योगप्रकाश मल्ललाई एकला गराए । थोरै दिनपछि जगज्जय मल्ल योगप्रकाश मल्लसंग मिल्न आए । एक महीनापछि कान्तिपुर ललितपुर र गोरखाका राजाहरू कोटेश्वरमा एकट्ठा भइरहेका वेलामा भक्तपुरका राजाले डराई दुई हात्ती र चौबीस हजार रुपियाँ चढाउंदा तीनै राजाले बाँडी लिए । संवत् ८४६ वैशाख महीनामा राजा योगप्रकाश मल्लले मत्स्येन्द्रनाथका देवालयको चारैतर्फ ढुंगा छापी प्रतिष्ठा गरे । त्यसपछि कान्तिपुर र ललितपुरका राजा मिली भक्तपुरमाथि चढाइं गरेर फूलबारी, काभ्रे र लामुडागाउँ जिती फर्के । त्यसै बखतमा कान्तिपुरका राजाले भक्तपुरका राजासंग दुई हात्ती र अठार हजार रुपियाँ लिए । संवत् ८४९ भाद्र वदि द्वादशीका दिन ललितपुरका राजा योगप्रकाश मल्ल परलोक भए ।

त्यसपछि ललितपुरमा विष्णुजित् मल्ललाई राज्याभिषेक दिए । यिनले ९५ वर्ष राज्य गरे । यी र जगज्जय मल्ल मिली संवत् ८५१ पौष महीनामा भक्तपुरमाथि चढाइं गरी साँगा,नाला आदि गाउँहरू जिती तीन तीन गाउँ बाँडी लिए । विष्णु मल्लले आफ्ना भागमा गोरखालीहरूलाई राखी आए । कान्तिपुरका राजाले आफ्नै कब्जामा लिए । त्यसपछि तिनीहरूसंग भेट गरी भक्तपुरका राजाले आफ्ना गाउँहरू छुटाउनलाई हात्ती र रुपियाँ दिई पठाउँला भनी कबूल गरेर फर्के । पछिसम्म पनि कबूल नपुऱ्याउँदा उनीहरू रिसाई चौरपुरमा र भक्तपुरमा समेत ठाना बस्न गए । भक्तपुरका राजाले लमजुङ, तनहुं र मकवानपुरका सैन्यलाई तीन गाउँमा रहेका गोरखाली सैन्यलाई हटाएर १२० जनालाई समाती ती गाउँहरू आफ्नो गरे । राजा रणजित् मल्लले विष्णु मल्ललाई केही रुपियाँ दिई आफूसंग मिलाए ।

उता कान्तिपुरका राजाले गोरखालीसंग मिली ललितपुरको लामोडांडा दखल गरी गोरखालीलाई राखे । केही दिनपछि राजा विष्णु मल्लले गोरखालीलाई हात लिई लामोडाँडा आफ्नो गराए । त्यसपछि गोरखाली र लमजुङ्गे दुइ राजा मिली देउराली गाउँ दखल गरे ।

संवत् ८५१ आषाढ शुदि पूर्णिमाका दिन विष्णु मल्लले मत्स्येन्द्रनाथलाई ठूलो चाँदीको ब्रह्मकूप बनाई चढाए । बज्रवाराही देवीका स्थानको वरिबरि जग्गा राम्रो गरी देवालय बनाएर शिलाको महिषमूर्ति स्थापना गरे । संवत् ८५४ माघ शुदि प्रतिपदादेखि आरम्भ गरी अघिको दरबार भत्काएर अर्को चौकोट नाउं गरेको दरबार बनाए । संवत् ८५७ मा विष्णुजित मल्लकी रानी चन्द्रलक्ष्मी देवीले तुलजा भवानीलाई ठूलो घण्टाका साथै सुनको छाना बनाई सुनको गजूर चढाइन् । ज्येष्ठ शुदि चतुर्थीका दिन शंखमूलका पश्चिमतर्फ लामो पाटी बनाई लक्ष्मीनारायण र वाग्मतीको मूर्ति स्थापना गरेर प्रतिष्ठा गराइन् । संवत् ८६० पौष वदि सप्तमीका दिन श्री पशुपतिनाथलाई चाँदीको जलहरि चढाई महास्नान गराइन् । यसै साल फाल्गुन शुदि नवमीका दिन राजा विष्णु मल्लकी अर्की रानी विष्णुमतीदेवीले पनि मातातीर्थमा अघि १ धारा मात्र भएकामा पछि जग्गा सुन्दर गरी बनाएर एघार धारा गराई प्रतिष्ठा गरिन् । संवत् ८६१ पौष वदि सप्तमीका दिन महादेवका शिरमा अग्निस्थापना गरी यज्ञ पूरा गरे । अद्यापि त्यहाँ ब्राह्मणहरूले अग्निहोत्र गर्दैछन् । यसै साल यी राजाका राज्यमा चार हात चार कान चार पाउ भएको भेडो जन्म्यो । लगनखेलका माजुको स्थान भएको खरीका रूखको एक हाँगो हावा नचली अकस्मात ठूलो शब्द गरी भाँचियो । यस्ता प्रकारले यी राजा विष्णु मल्लले ललितपुरको राज्य भोग गरी आखिरसम्म पनि सन्तान नहुँदा ब्राह्मणहरूलाई

धेरै बिर्ता दिई धेरै धर्म गरे । जगज्जय मल्लका पुत्र आफ्ना साला राज्यप्रकाश मल्ललाई राज्याभिषेक दिनू भनी संवत् ८६५ श्रावण शुदि अष्टमीका दिन परलोक भए ।

त्यसपछि राज्यप्रकाश मल्ल राजा भई १३।। वर्ष राज्य गरे । यी राजा बहुतै शान्त स्वभावका हुनाले सधैं शालिग्रामको पूजा गरिरहन्थे । यिनले करुणामयलाई तारापूजा गरी रथको अगाडि ध्वजा र थलमाका पछाडि पाँचतले छत्र चढाई यात्रामा प्रतिवर्ष ओढाउनुपर्ने रीत चलाए । संवत् ८६८ पौष महीनामा राजा सिद्धिनरसिंह मल्लले अघि बनाएका श्री कृष्णका देवलको अगाडिका खम्बामा स्थापित गरुडका नजरबाट रगत बग्यो । यसै साल भाद्रमा तनहुंका राजाले चितलाङ दखल गरी लिए । पछि केही रुपियां दिई बुझाउंदा छोडिदिए । फेरि तनहुंका राजाले लामोडांडा दखल गरिराख्दा नेपालका प्रजाहरूले कपास लिन पाएनन् र तुला काठहरू पनि काट्न दिएनन् भनी राजा राज्यप्रकाशसँग विन्ति भरे । संखवाल काजीले म युक्ति गरुंला, सन्देह नमान भनी प्रजाहरूलाई बुझाए । उनी तनहुंका राजासंग बन्दोबस्त मिलाउन जांदा तनहुंका राजाले लामोडांडा छुटाइदिउंला भनी आफ्ना गुरुलाई संखवाल काजीका साथमा पठाए । तर बीचैमा गोरखाका राजा आई धनवन्त काजीसंग सल्लाह गरी लामोडांडा सुपुर्द गरी पठाए । यसबाट संखवाल काजी रिसाई फर्के ।

संवत् ८७१ ज्येष्ठ वदि अमावास्याका दिन मत्स्येन्द्रनाथको रथ नक्खुमा पुग्दा सूर्यग्रहण पर्‍यो र राजाप्रभृति सबैले स्नान दान गरे । गोरखालीले तिष्टुङ दखल गरिराखेका बखतमा भिखवाल धनवन्त काजीले गोरखाका कालु काजीसंग भेट गरी छुटाउनाको बन्दोबस्त गर्दा हामीलाई आवतजावत खुला गरिदिन्छौ भने हुन्छ भनी कालु पाण्डेले भनेका थिए । यस कुरामा प्रजाहरूले नमान्दा त्यसै फर्की आए ।

यी राजा राज्यप्रकाश मल्लका १६ रानी हुनाले स्त्रीहरूको विरोधले नेत्ररोग भयो र ज्योतिषीहरूलाई देखाउंदा गणेशको दोष ठहराए । उक्त दोष निवारण गर्नाका निमित्त चोभारगणेशको देवालय बनाई प्रतिष्ठा गरे । त्यस प्रतिष्ठाकर्ममा तीन शहरका राजामन्त्रीहरू सबै मिलेर बसौं, वैरभाव नगरौं भनी राजा र मन्त्रीहरू सबैलाई निमन्त्रणा पठाइएको थियो । भक्तपुरका राजा रणजित् मल्ल र युधन काजी निमन्त्रणामा आई गणेशको दर्शन गरे । कान्तिपुरका राजा जयप्रकाश मल्ल भने एकाईसपल्ट बोलाउन पठाउंदा पनि आएनन् र कन्सारो ललितपुरका लगाभित्रका कोटहरूमा आगो लगाइदिए । उता जयप्रकाश आउनन् भनी कसैले पनि नखाई सांझसम्म पर्खिरहे । भक्तपुरका राजा दिक्क भई केही नखाएर फर्की जांदा राज्यप्रकाशले आंसु काढी दुःखमनाउ गरे । त्यस्तो हालत देख्दा काजी कालिदासले विन्ति गरे "महाराज, यसमा फिक्री नगर्नुहोस् । आजका ६ महीनाभित्रमा राजा जयप्रकाश मल्लको टीकाहरण गरिछोडौंला । यति गर्न नसके म योगदास काजीको सन्तानै होइन ।" यस्तो प्रतिज्ञा गरी राजालाई बुझाएर सबै जना फर्की ललितपत्तनमा आए । अनि कालिदास र धनबन्त काजीले गोरखाका राजा पृथ्वीनारायण शाहलाई "अहिले मौका परेको छ नुवाकोट दखल गर्नुहोओस्" भनेर विन्तिपत्र लेखी पठाए । गोरखाका राजाले पनि मौका छोपी नुवाकोट दखल गरी लिए । राज्यप्रकाश मल्ल पनि चार दिनसम्म उहीं बसी विधिपूर्वक प्रतिष्ठाकर्म गरेर शहरमा फर्के ।

उता राजा जयप्रकाश मल्लले नगरकोटीहरू झिकाएर सिपाही जमाई भण्डार शून्य गरे । दरमाहा दिनालाई ढुकुटीबाट नपुग्दा पशुपतिनाथका भण्डारबाट समेत धन झिकी दरमाहा दिने गरे । थछेमहालक्ष्मीका अगाडिको खम्बा ढाली सुनको सिंहमूर्ति उठाएर रातारात कान्तिपुर पुर्‍याए । यस्ता अनेक उपद्रव गरे । कालिदास मन्त्रीका घरमा नगरकोटी दुई जनालाई चाकरीमा राखी ६ महीना पछि दसैंमा देवताहरूको स्थापना गरी चोकमा तमाखु खांदै बसिरहेका बखतमा काजी कालिदासलाई परशु प्रहार गरी मराए । ती नगरकोटीहरूलाई पनि त्यहाँ रहेका मानिसले लगार्दा एउटालाई नकबहीटोलमा र अर्कोलाई वाग्मतीमा फेला पारी मारे । यस्ता प्रकारले कालिदास काजीलाई मारिसकेपछि राजा जयप्रकाश मल्लले ठूलो मन्त्रीलाई मारें भनी बहुतै खुशी भए । उता राज्यप्रकाश मल्लले बहुतै दिक्क मानेका बखतमा नेत्ररोगले पनि बहुत पीडा गर्दै लगेको थियो । यिनले अघिदेखि नित्य शालिग्रामको पूजा गर्ने र धेरै शालिग्राम संग्रह गर्ने गरेका हुनाले त्यसैका दोषले यी राजालाई नेत्ररोग भएको हो भनी छथर प्रधानहरूले निश्चय गरेका थिए । त्यसको निवारण गर्ने उपाय भने केही गर्न सकेका थिएनन् ।

यिनै ताका तेह्रौंतबाट विष्णुदत्त ब्रह्मचारी ललितपुरमा

आए । यी ब्रह्मचारी साधना गरी राज्य थाम्नामा समर्थ र वीरसाधनको कार्यमा पनि निपुण मन्त्रज्ञ थिए । उनलाई मन्त्रीहरूले बहुत संमान गरी राजाको जय होओस् भन्नाका निमित्त वैष्णवी पीठमा चाहिने सामग्रीहरू पुऱ्याएर पुरश्चरण गर्न लगाए । उता तिने प्रधानहरूले बबाहालका तन्त्रमन्त्र जान्ने सुधन बाँडालाई धन दिउँला भनी आशा देखाएर ती ब्रह्मचारीको चरित्र बुझ्न आधारातमा वैष्णवी-पीठमा पठाए । सुधन बांडा पनि रातमा गई साधना गरेको स्पष्ट गरी त्यसै कार्यमा स्थापना गरेकी मोहनीलाई लिएर आफ्नो बाहालमा ल्याई तहबाहादेवी भनाएर दुनियाँहरूले बराबर पूजा गरी मान्ने गराए । पछि अहंकारले धेरै उपाधि गरी "मत्स्येन्द्रनाथ मैं हुँ उनका शिरको छत्र ओढ्छु भन्दै लिन जांदा त्यस बांडालाई समातेर ल्याई मारे । विष्णुदत्त ब्रह्मचारी पनि बहुतै रिसाई "मैले धेरै दिनसम्म मिहिनेत गरी सिद्ध भइसक्न लागेको कार्य तिमीहरूले दुर्बुद्धि लिएर भ्रष्ट गरिदियौ भने अब तिमीहरूको राज्य पनि नष्ट होइजाओस् । गाई र ब्राह्मणहरूको रक्षा गर्ने गोरखामहाराजको प्रवेश भई उत्तरोत्तर वृद्धि होओस्" भनी तिनीहरूलाई सराप र गोरखामहाराजलाई आशीर्वाद दिई यस ठाउँमा गाई, ब्राह्मण र देवताहरूको संमान गरे उत्त-रोत्तर वृद्धि हुनेछ भन्ने कुरा सबैलाई सुनाएर आफ्नो देशतर्फ गए ।

त्यसपछि राज्यप्रकाश मल्लले बहुलाहाको स्वभाव लिएर प्रजाहरूलाई पीडा दिई धेरै उपाधि गरे । संवत् ८७३ चैत्र महीनामा उनका पुत्र राजकुमार परलोक भए । तिनैताका गोरखाका राजाले नेपालभित्र प्रवेश गरी दहचोक, फर्पिङ र खड्पुमा ठाना राखे । अनि भिख्वालधन काजीले दहचोक र फर्पिङ आफ्नो गरी राज्य चलाइराखे । फेरि गोरखाका राजा पृथ्वीनारायण शाह आफैं नेपाल खाल्डामा प्रवेश गरी ललितपुरका लगा धेरै गाउँ दखल गरे । संवत् ८७७ शाके १६७९ कार्तिकमा बुगमतीमा रहेका मत्स्येन्द्र-नाथलाई ललितपुरमा ल्याए । नियममा नरहेका बांडाहरूले बोकी ल्याएका प्रभावले गर्दा गोरखालीहरूले गाउँका मानिसहरू शहरमा र शहरका मानिसहरू गाउँमा जान आउन नदिई धेरै दिन रोकिराखे । ललितपुरका काजीहरूले गोरखाका राजालाई केही रुपियाँ बुझाई ठेब, बांडागाउँ, चापागाउँ, ठेचो, सुनागुठी, खोकना, बुगमती र फर्पिङ गाउँहरू छुटाई लिए । यी गाउँहरूबाट घरगन्ती गरी रुपियां उठाएर गोरखाका महाराजलाई बुझाउँदा सापट लिएका महाजनहरूको सापट तिरिदिए । गोरखाका राजाले थानकोट, बलंबु, सतुंगल र दहचोक दखल गरी कीर्तिपुर दखल गर्नालाई क्रमखेलमा ठाना बस्न पठाए । यता विश्वजित मल्लका सेना र जयप्रकाश मल्ल आफैं गएर लडी गोरखाका भैयाद, काजी र फौजलाई मारी भगाए । राजा पृथ्वीनारायण शाहले जीउ बचाई दहचोक चढेर भागे । राज्यप्रकाश मल्लले शालिग्रामको संग्रह र पूजा गरेकामा प्रधानहरूको चित्त बुझेको थिएन । यिनका दुवै आँखा रोगले व्याप्त भई बन्द हुँदा नानाशास्त्रका वचन-अनुसार उपाय गर्दा पनि शमन नभई आखिर संवत् ८७८ आश्विन शुदि सप्तमीउपर अष्टमीका दिन परलोक भए ।

त्यसपछि भीमख्वाल काजीले नुगलका १८ वर्ष उमेर-का विश्वजित मल्ललाई ल्याएर संवत् ८७८ आश्विन शुदि नवमीका दिन सिंहासनमा राखे । यिनले वर्ष २।९ राज्य गरे । यिनका पालामा प्रजाहरूलाई बहुतै सुबिस्ता दिई राजकाज गरेका थिए । यिनले कालिदास काजीकी छोरी चाकुबाहालका काजीका छोरालाई विवाह गरिदिएकी मयजू थकुं नामकीलाई दरवार भिœयाई पत्नी तुल्याए । चाकुबहालका प्रधानको छोराले कालिदासका छोरा देवी प्रसाद, तडीधनहरूको बल मद्दत पाई राजामाथि दगा गरि थिए । एक दिन राजाले मत्स्येन्द्रनाथका स्थानमा उनको मोहडा फिराई राखेको देखेर "आज लोकनाथलाई किन टेढा गरी राखेको ?" भनी सोधे । अरू साथका मानिसले सदा-का माफिक रहेका छन् टेढा छैनन् भनी विन्ति गरे । राजाले आज मलाई के भयो भनी आश्चर्य मानी फर्कदा सिढीबाट लोटे । त्यसपछि दरवारमा आई चौकोटका झ्यालमा बसिरहेका बखतमा चाकुबाहालका प्रधानका छोराले राजालाई ढुंगाले हानी भाग्यो । राजालाई लागेन तापनि मेरी स्त्री राख्ने भनी रिसले हानेको होला भन्ने सम्झी कसैलाई केही नभनी चुपै लागे ।

त्यसपछि राजाका साथमा रहेका काजी प्रधानहरूले राजामाथि यस्तो गर्नेलाई समाती शास्ती दिनुपर्छ भनी बिन्ति गरे । जाऊ, समाती ल्याऊ भनी राजाले प्रजाहरूलाई हुकुम दिई भित्र पसे । काजीहरू आफाफ्ना घरमा गए । प्रजाहरूले चाकुबहालका काजीका घरमा घेरा दिए । चाकु-बाहाल काजीका दुई छोराले अब हाम्रो प्राणरक्षा हुनेछैन,

सकेसम्मको पौरख गर्नैपर्छ भन्ने सम्झी जीउको माया मारेर तरवार झिकी पट्टा खेल्दै घर घेर्नेहरूलाई धपाए । प्रजाहरूलाई मार्ने हुकुम नभएको हुंदा ती दुई भाइलाई मार्न पनि सकेनन्, समाती ल्याउन पनि सकेनन् र त्यसै हटी फर्के। ती दुइ भाइले प्रजाहरूलाई हटाउंदा हटाउंदा भीमसेनस्थान नघाए । दरवारका ढोकामा पालो बसेका मानिसहरू पनि भागिसकेका थिए । एक भाइ घेरा दिन आउनेलाई हटाउन लागे । अर्का भाइ दरवारभित्र जांदा राजाले थाहा पाई तलेजुमा लुक्न पुगे । प्रधानका छोराले मार्न आंटी लगार्दै जांदा दिगुन्तलीको ढोकामा भेट्टाए । राजालाई छुरी धस्न खोज्दा अब मेरो ज्यू रहनेछैन भन्ने ठानी डराएर यसका हातबाट मर्नुभन्दा आफ्नै हातबाट मर्नु बेश छ भन्ने ठानी कमरबाट शस्त्र झिकेर आफैले पेट चिरी सवत ८८० भाद्र वदि १४ का दिन प्राण त्याग गरे । यसरी राजा विश्वजित् मल्ललाई परलोक गराई उल्टिखेरि फर्की दुवै भाइ मधेसतर्फ भागे ।

त्यसपछि काजीहरूले थाहा पाई आउंदा राजा परलोक भएको देखी बहुत दुःखित भए । धनवन्त काजीले चाकुबाहालेहरूलाई खोज्न पठाउंदा डांडा काटेका हुनाले फेला परेनन् । उनीहरूको घर सर्वस्व गरी धनवन्त काजीले उसै बखत कान्तिपुर पुगी राजा जयप्रकाश मल्ललाई "जुन राजालाई बाबा भनी मानिआएका थियौं उनलाई चाकुबाहाले प्रधानका छोराले दगा गरी अन्तकाल पारे । अब हजुरलाई बाबा भनी मान्न आयौं" भनी विन्ति गरे । जयप्रकाश मल्लले कान्तिपुरका दरवारको माया मारी ललितपत्तन गए । राजा विश्वजित् मरेपछि उनकी महतारीले बहुत विलाप गरी रुंदै झयालमा बसेर प्रजाहरूलाई "मेरा पुत्रको यहांसम्मको आपद पर्दा के हेरिरहेछौ ?" भनिन् । प्रजाहरूले केही भन्न सकेनन् र त्यसै टोलाइरहे । अनि उनले प्रजाहरूलाई "सुअवसरमा याद नहोओस्" भनी सराप दिएर छोराका संसर्गमा सती गइन् ।

संवत् ८८० भाद्र वदि १४ का दिन ललितपुरमा जयप्रकाश मल्ल राजा भए । यिनले वर्ष १।२ राज्य गरे । यिनले हुकुम चलाएको देखी डर मानेर ललितपुरका काजी प्रधानहरूले टेकुदोभानतिर हावा खान गएका बखतमा उतैबाट धपाई जयप्रकाश मल्ललाई कान्तिपुरतर्फ पठाए । अनि भक्तपुरमा गई रणजित् मल्ललाई संझाई बुझाई ल्याएर संवत् ८८२ ज्येष्ठमा ललितपुरमा राजा थापे । यिनले वर्ष १ राज्य गरे । यी काजी प्रधानहरूका मन नपरेका हुंदा शंखमूलमा श्राद्ध गर्न गएका बखत उतैबाट धपाए ।

फेरि काजी प्रधानहरूले कान्तिपुरका राजा जयप्रकाश मल्ललाई संझाई बुझाई ल्याएर राजा गराए । ६ महीना राज्य चलाएपछि काजीहरूसंग चित्त नमिल्दा दगा राखी जयप्रकाश मल्ल कान्तिपुर आए । त्यहांका देवानन्द उपाध्यायलाई ललितपुरमा पठाई प्रधानहरूलाई कान्तिपुरमा झिकाए । धालाछेकाजी धनवन्त भीमखवालधन आदि प्रधानहरूलाई ७ पुस्ताको धर्म दिई सत्यवाचा गरेर राजा जयप्रकाश मल्लले बोलाएका छन् भनी अनेक तरहसंग शपथ गरी कान्तिपुर लगे । जयप्रकाश मल्लले सत्य छाडी सब काजीलाई बन्धनमा राखे । भीमखवालधन काजीले "जयप्रकाश मल्लको बन्धनमा बस्नेछैन, पृथ्वीनारायण शाहलाई सलाम गर्नेछैन" भनी प्रतिज्ञा गरेका हुनाले बन्धनमा पर्दा कमरबाट शस्त्र झिकी मुटुमा रोपेर प्राण त्याग गरे । यो कुरा ललितपुरका प्रजाहरूले थाहा पाउंदा हुल उठी अटकोनारायणसम्म आइपुगे । राजाले यो खबर पाउंदा गई दुइ जनालाई मारे, पांच जनालाई समाती ल्याए र अरूलाई हटाइपठाए । त्यसपछि ती पांच जना काजीहरूलाई स्त्रीजातिले पहिरने पोशाक पहिराई फजिहत गरी पठाए ।

उता ललितपुरका प्रजाहरूले काजीहरू बन्धनमा पर्दा राजा र काजीसमेत कोही नभएकोले गोरखाका राजा पृथ्वीनारायण शाहलाई राजा बनाउनुपर्‍यो भनी विन्ति गर्न पुगे । उनले आफ्ना भाइ दलमर्दन शाहलाई आफ्नो साटो छाप दिई पठाए । संवत् ८८४ माघ शुदि पूर्णिमा शुक्र वारका दिन दलमर्दन शाहलाई ललितपुरमा प्रवेश गराई राज्याभिषेक दिए । थोरै दिन व्यतीत भएपछि यिनीहरूलाई पृथ्वीनारायण शाहले कपास पठाइदिए । यसै कुराको प्रसंग भएको बखतमा त्यहांका प्रजाहरूले दलमर्दन शाहसंग "हामी सबै प्रजाहरूलाई सुख होला भन्नाका निमित्त हजुरलाई राजा थाप्यौं, अब नून र कपास झिकाइदिनुहोस्" भनी विन्ति गरे । दलमर्दन शाहले "केही धन्दा मान्नुपर्दैन," भनी भरोसा दिए । त्यसपछि दाज्यू पृथ्वीनारायण शाहलाई पत्र लेखी पठाउंदा खुशी भई प्रजाहरू मिलेर पृथ्वीनारायण शाहको टीका हरण गरेर दलमर्दन शाहलाई राज्यमा थापे । यिनले वर्ष १ राज्य गरे । यी दलमर्दन शाह गोरखाली हुनाले राजकाजमा प्रधानहरूलाई नसोधी

आफै आंटेर गर्दथे । राजा पृथ्वीनारायण शाहले मानिस पठाउँदाखेरि पनि नून कपास पठाएनन् । यसबाट काजी प्रधानहरू रिसाई यसबाट हाम्रो भलो हुनेछैन भनी राजा दलमर्दन शाहलाई छेकी पछिबाट निकालेर धपाए ।

संवत् ८८५ वैशाख शुदि द्वादशीका दिन राजा विश्वजित् मल्लका वंशधर छोरीपट्टिका सन्तान ठाकुर तेजनरसिंह मल्ललाई राज्याभिषेक दिए । यिनले वर्ष३।११ राज्य गरे । यसै साल गोरखालीले नेपालमा प्रवेश गरी ठाना राखे । ठानामा रहनेहरूले पहिले तिमीहरू मर्नेछैनौ भनी विश्वास पारी पछिबाट सबैलाई मारे । तिनमा एक प्रधान नक्खुको बाटो सबैले देख्ने गरी भागेर तीर्थवासी भई लोप भयो । पाँच प्रधानका स्त्रीहरू सती गए । दुइ सरदारलाई समातेर नवकोटमा लगी झुण्ड्याई नदीमा डुबाई शास्ती दिंदा एक जना मऱ्यो, धनवन्त काजीको छोरा वीरनरसिंह मरेन र चौकी राखी कतै जान दिएनन् । पछिबाट तेरा बाबुलाई फलानो फलानो गाउँ हाम्रो हात पारिदे भनी चिठी लेख अनि मात्र छाडिदिउँला भनी नेल हाली राखेको थियो । केही गाउँ हात परेपछि पनि छाडिनदिंदा ती वीरनरसिंहले नेलसंगै फाल हाल्न खोज्दा पनि चौकीदारहरूले नदिई समाइराखे । यिन ताका गोरखाका राजाको र ललितपुरका काजीको बराबर चिठी आवतजावत हुन्थ्यो । पछि छोरा वीरनरसिंहले काजी धनवन्तलाई चिठी लेख्दा पृथ्वीनारायण शाहबाट पनि चिठी पठाई झिकाए । धनवन्त काजीले छोराको मायाले गर्दा ललितपुरको कज्याइंको समेत माया छोडी गोरखाका भरमा पर्न गए ।

यसै साल बज्रयोगिनीका द्वारमा अकस्मात् रगतको विन्दु देखियो । वैशाख वदि १४ का दिन बालाज्यूका कोटमा गोरखाका सैन्यले प्रवेश गरे । त्यस ठाउँका प्रजाहरूमा सामुन्ने परी आइलाग्नेहरूलाई मारे । अघि कालु पाँडे र अरू सरदारहरू मारी शूरप्रताप शाहको नेत्रनिर प्रहार गरी फोरिदिए भन्ने रिसले आफ्नो सर भइसकेपछि कीर्तिपुरे प्रजाहरूमा बाह्र वर्षदेखि माथि उमेरका फेला परेका जति सबैको नाक काटी छाडिदिए । त्यस बखतमा भागी दबिरहनेहरू मात्र बचे । काटेको नाक जम्मा धार्नी ७.१ भयो । यसपछि रात्रीमा प्रजाहरू जम्मा भई चिराक बालेर डाँको छोड्दै कीर्तिपुरका कोटघरमा पसे ।

संवत् ८८८ भाद्र शुदि चतुर्दशी सोमवारका दिन गोरखाका राजा पृथ्वीनारायण शाहले कीर्तिपुरमा प्रवेश गरेपछि जयप्रकाश भागी ललितपुर पुगे । त्यसपछि आश्विन वदि सप्तमीका दिन ललितपुरका राजा तेजनरसिंह मल्ल र कान्तिपुरका राजा जयप्रकाश मल्ल दुवै भागी भक्तपुर गए । ललितपुरका काजी संख्वालधन, भोजनरसिंह, सिमचा सिपाहीहरू पनि सबै भागी भक्तपुर पुगे । संवत् ८८८ आश्विन वदि एकादशी शनि वारका दिन गोरखाका राजाले ललितपुर दखल गरी मिश्रज्यू, बाहुबल राना, धनवन्तसिंह प्रधान, तढी प्रधान, कीर्तिनरसिंह यी ६ जना काजीलाई ललितपुरको भारा दिए । त्यसपछि छ प्रधानलाई बोलाई मिश्रज्यूले तिमीहरू छ जनालाई छलकपट गर्नेछैनौं भनी जनै समाती पानी लिएर सत्यवाचा गरे । बाहुबल रानाले ढालमाथि तरवार राखी तिमीहरूमाथि मैले छलकपट गरें भने भगवतीले कुदृष्टि गरून् भनी शपथ खाएर कान्तिपुर पुगी राजाका पीछा परे । त्यसपछि संवत् ८८९ पौषमा राजा पृथ्वीनारायण शाहले ललितपुरमा प्रवेश गरी सिन्दूरयात्रा गरे । पछि ६ प्रधानहरूलाई पाउरखवारी ल्याई कान्तिपुर लगेर सर्वस्वहरण गरी सन्तान मासे । यिनीहरूमा यगुबाहालको प्रधान भागी मधेसतिर जाँदा कसैले फेला पार्न सकेनन् । अरू ५ प्रधानलाई यी कुल्याहा बेईमान हुन् भनी मारेर यमलोक पठाए । पाँचै प्रधानीहरू आफाफना पतिसंग सती गए । काजी धनवन्तसिंह भने अघिदेखि शरणमा आएका हुनाले बाँचे । उनको सबै जग्गाजमीन फोइदिई नब्बे खेत जागीर बुग्मती खुवा गरी एक सय पच्चीस खुंडा तरवार तयार गर्नू भनी उमराउ गरी राखे । यस्ता तरहले महाराज पृथ्वीनारायण शाहले निष्कण्टक राज्य प्राप्त गरे ।

## कान्तिपुरको विस्तार ।

राजा शिवसिंह मल्लका ज्येष्ठ पुत्र लक्ष्मीनृसिंह मल्ल कान्तिपुरमा राजा भए । यिनले वर्ष ११ राज्य गरे । यिनका पालामा लगनयात्राका दिन एउटा सिकर्मी विसेतले यात्रा हेर्न जाँदा लगनखेलका कल्पवृक्षले मनुष्यको रूप लिई यात्रा हेर्न आएका ठूला अग्ला चार जना मानिस देख्यो र यिनीहरू सामान्य मानिस होइनन्, कहाँ जान्छन् भनी विचार गऱ्यो । यात्रा सकिएपछि चारै जना कान्तिपुरतर्फ गएको देखी त्यो सिकर्मी पनि तिनीहरूका पछिपछि लाग्यो । काठमाडौंको डबलीमा पुगेपछि उनीहरू त्यहाँ हुन लागेको

नाच हेर्न लागे। त्यसै वेला सिकर्मी विसेतले ती चार जनामा वृक्षको छाया देख्यो र यिनीहरू वृक्ष रहेछन् भन्ने ठहरायो। अनि उनीहरूलाई डोरीको घेराभित्र पारिराख्यो। नाच सकिएपछि सब आफ्‌आफ्ना घरमा गए। ती चार वृक्षहरू मात्र घेरा नाघी जान सकेनन्। सत्य कबूल गराएर वृक्षलाई चार कुनामा राखी हांगा मात्र काटिदिए। ती हांगाका काठले मात्र पुऱ्याई राजा बक्साएर संवत् ७१५ सालमा काष्ठमण्डप नामक एक सत्तल बनाए। त्यो सत्तल बनाउँदा वृक्षको कबूल प्रतिष्ठा नगरेसम्म बसौंला भन्ने र बनाउनेको कबूल नून र तेलको एकै भाउ भएका बखतमा प्रतिष्ठा गरौंला भन्ने थियो। अझसम्म एकै भाउ नभएको हुनाले प्रतिष्ठा गरेको छैन। दुइ दुइ वर्षमा नून महंगो, तेल सस्तो वा तेल महंगो, नून सस्तो भनी त्यहाँ सुनाउने चलन छ। यी वृक्षका काठले मात्र पुऱ्याएर ईंट माटो नलगाई बनाएको हुनाले त्यस सत्तलको नाउं काठमाण्डु वा काष्ठ मण्डप (काठको माडु माने सत्तल अथवा काष्ठ माने काठको मण्डप माने घर) रह्यो।

यी राजाले अघि आफ्नो आपद्‌कालमा स्याहारसंभार गर्ने भन्ने संझी देवपत्तनका रजककी छोरी फिरू र परूलाई लिन डोली पठाए। उनीहरूले पनि डोलीमा चढ्ने हाम्रो रीत छैन भनी पैदलै आएर राजासंग भेट गरे। अघिदेखि उनीहरूका हातको जल खान बन्द भएकोमा अब उप्रान्त जल खानू भनी जलमोचन गराइदिए। उनीहरूले धेरै खेत मागी मुर्दा उठाउने गूठी राखी रानीगूठी भनी प्रख्यात गराए। राजाले पनि अघिको गुण संझी यिनीहरूमाथि बहुत दया गरेर मागेको वस्तु दिई खुशी गराई पठाए।

एक दिन नित्यानन्द स्वामीले श्री पशुपतिनाथलाई छोड्दैनन्, यस्ता पूजाहारी राखेर बढिया हुँदैन भनी कुनै दुजनले राजालाई सुनायो। यो कुरा बुझ्न राजा आफै गए। स्वामीले मतलब बुझी केही नबोलेरै नित्यपूजा सकिए-पछि बाहिर आई चण्डेश्वरीको पूजा सकेर कामदेवलाई ढोग दिंदा कामदेवको पादुका भंग भई खस्यो। धर्मशिलामा ढोग दिंदा धर्मशिला फुटी दुइ चिरा भयो। फेरि दक्षिण दवाजाभित्र पसी दण्डवत् प्रणाम गर्दा त्यो शिला पनि दुइ टुक्रा भई फुट्यो। फेरि हर हर भनी श्री पशुपतिनाथलाई शिरले छुवाई दण्डवत् गर्न तयार हुँदा राजाले स्वामीलाई समाते। अनि स्वामीलाई कर जोरी बहुतै प्रार्थना गरेर बुझाई स्वामीदेखि डर मान्दै राजा कान्तिपुर फर्के। त्यस दिनदेखि स्वामीले मेरो गूढ प्रभाव खुल्यो भनी दिक्क भएर संसारमा रहने इच्छा त्यागे। उनी नित्यपूजा सकिएपछि बाहिर आई नैऋत्यकोणमा खडा भएर तीनपल्ट पक्डो पक्डो भनी कराउँथे। त्यसका केही दिनपछि यी नित्यानन्द स्वामी समाधिमा प्राप्त भए। यी स्वामीलाई उनका गुरुले तेरो गुप्त प्रभाव खोलिएपछि तैंले प्राणको माया नराखी संसार त्याग गर्नू भनी बाचा गराएका थिए। यसरी आफ्नो गुप्त प्रभाव खोलिएपछि यी स्वामीले प्राणत्याग गरेका हुन्।

यी राजाले गुह्येश्वरीका समीपदेखि वाग्मतीलाई सोझ्याएर ल्याई श्री पशुपतिनाथका चरणोदक वाग्मतीमा पर्ने गरी नाल बनाएर जल बहाए। संवत् ८५३ माघ शुदि सप्तमीका दिन श्री तुलजा भवानीलाई सुनको चंदुवा चढाए। सवालाख दीपमाला बाली कोटेश्वर मन्दिरमा कोडाल राखेर भित्र ठूलो घण्टा चढाए।

यी राजाका दुइ पुत्र थिए। जेठा प्रताप मल्ल र कान्छा भीम मल्ल। यिनले ११ वर्ष राज्य भोग गरेपछि मन्त्रीहरू-का खेलले गर्दा जेठा छोरा प्रताप मल्लले बाबाको टीका हरण गरी राजा भए। कान्छा भीम मल्ल बहुतै बुद्धिमान् अवतारी पुरुष हुनाले बालकपनैमा मन्त्री भए। आफ्नो टीका छोराले हरण गरी राज्य गर्दा मनमा दिक्दार भई राजा लक्ष्मीनृसिंह मल्ल वात रोगले पीडित भए।

राजा प्रताप मल्लले २१ वर्ष राज्य गरे। यी प्रताप मल्ललाई दक्षिणकाली प्रसन्न भई मलाई मूर्तिमान् गरी प्रकाश गर भन्ने स्वप्नामा आज्ञा हुँदा पनि वास्ता नगर्दा फ भन्ने ठाउँकी कुमारीमा प्राप्त भई मेरो स्वयम्भू मूर्ति बनाई प्रख्यात गर, महामारी भय निवारण, आयुवृद्धि र साम्राज्यप्राप्ति होला भन्ने आज्ञा हुंदा राजाले अब त नबनाई भएन भनी मूर्ति बनाए। मूर्ति तयार भएपछि त्यो मूर्ति मेरो अप्रकाशित ध्यान हो, दरबारभित्र स्थापना गर भन्ने स्वप्न हुँदा अर्को मूर्ति बनाए। यिनले लम्बकर्ण भनी प्रसिद्ध नाउं भएका नरसिंह भट्टलाई गुरु मानेका थिए। यिनैद्वारा श्री दक्षिणकाली, श्री सुन्दरकाली र अष्टमातृकालाई दक्षिण भागमा पूर्णवती गंगा र वामभागमा उद्धारवती गंगाका संगम भएको दक्षिणकालीका निकट स्थानमा श्मशान-वासिनी प्रकाशस्वरूप भएकी श्री महाकाली, श्री सुन्दरकाली

र अष्टमातृकालाई नरबलिसहित सहस्रबलि पूजा र कोटचाहुति यज्ञ गरी विधिपूर्वक प्रतिष्ठाकर्म पुऱ्याएर वैशाख शुदि तृतीयाका दिन स्थापना गरे । आफ्ना राजकुलमा दरवारभित्र मोहनचोक नामक सुन्दर चोक बनाई त्रिशक्ति, षडाम्नाय, षोडशाम्नाय, दशाम्नायका मूर्तिकामूर्तिप्रतिमा चौसट्टी योगिनी आवरणदेवतासंयुक्त गरेर बनाई श्री सुन्दरकालीलाई स्थापना गरे । यिनै फर्पिङका ईश्वरीहरू प्रसन्न हुँदा कुवेर सन्तुष्ट भई असंख्य द्रव्य पाए । यस्ता प्रकारले गुरु श्री नरसिंह भट्ट, राजा प्रताप मल्ल र भीम मल्लका संमतले ईश्वरीलाई स्थापना गर्दा तिनका प्रभावले भोट राज्य लासा कुती अम्बल गरी धेरै दौलथ प्राप्त हुँदा मोहनचोकमा पांच कोटि द्रव्य ल्याई भण्डार थापे । चार कुनामा चार ध्वजा खडा गरी जलद्रोनुमा षोडश प्रकारका अक्षर लेखेर राखे । कोटी धन खर्च गरी परलोक उद्धार र यस लोकमा साम्राज्य ऐश्वर्य पाउनाका निमित्त श्री विगुन्तली भवानीको मूर्ति बनाई यथाक्रमले स्थापना गरी कंडेलचोक भनी नाम प्रख्यात गरे । एउटा खम्बा खडा गरी आफ्नो मूर्ति बनाई शालिक थापे । भित्र देवालय बनाई पंचमुखी हनूमान्को मूर्ति स्थापना गरे । राजद्वारमा अर्को हनूमान्को मूर्ति बनाई स्थापना गरेर हनूमान्ढोका भन्ने नाउँ प्रख्यात गरे ।

राजा लक्ष्मीनरसिंह मल्लले वातरोगले पीडित हुँदा ज्यादै कष्ट पाइरहेका थिए । उनका मन्त्री भक्तपुरका कचिगल नरदेव काजी थिए । प्रताप मल्लका मन्त्री काजी प्रतापध्वज मरुजोशी थिए । छोरा प्रताप मल्लले ठूलो पुरुषार्थद्वारा राजकाज गरेको देख्दा बाबु लक्ष्मीनृसिंहले मनमा सन्ताप छाडी हर्ष माने । 'मैले गुरुको बुद्धि, पुण्य, सामर्थ्य सब सुने । गुरुका प्रभावले श्री गुह्यकालीबाट वरप्रसाद पाई छोरा प्रताप मल्लले सामर्थ्यवान् भई पुरुखाको नाम राख्यो । मेरा मनमा मलाई हेला गऱ्यो भन्ने दुःख अब छैन । भक्तपुरे मन्त्रीको कुरा सुन्नु रहेनछ । उनका बुद्धिमा मैले हिंड्दा छोराले मलाई यस्तो गरेको हो । अहिले उत्तरपट्टिको समेत राज्य भोग गर्न पाउने गरी गुरुबाट कृपा भयो । मेरा गुरुले चतुर्दिक्को भुक्तमान होला भन्नुभएको साँच्चै रहेछ । भक्तपुरे मन्त्रीको बुद्धिमा लाग्दा गृहकलह उठी कुटुम्ब नाश भएको देख्नुपऱ्यो ।" लक्ष्मीनृसिंहले यस्तो विचार गरे ।

उता महारानी र भीम मल्लकी रानी यी दुइ जेठानी–देउरानी बहुतै मिलेका थिए । उनीहरूले आफ्ना कुलमा सिद्धपुरुषले उपदेश गरेको कुरा संझी पीठदेवता कोटेश्वरसम्म सडक, शास्त्रमर्यादाअनुसारको शहर, प्रजाहरूको राम्रो बन्दोवस्त इत्यादि काम गर्न सके यहीं इन्द्रासन पाएसरह हुन्थ्यो, छयासी हजार योजन टाढा हुँदैनथ्यो भनी दुई रानीहरू कुरा गरिरहेका थिए । यो कुरा राजा प्रताप मल्ल र मन्त्री भीम मल्लले सुने । प्रताप मल्लले भने 'वीरपीठमा वीरत्वशक्ति सिद्धि हुन्छ, तर धन प्रशस्त कमाउन देशविदेश डुल्नुपर्छ । त्यस कामको निमित्त अब तिमीलाई मान्नू भनी प्रजाहरूलाई बन्देज गरिदिन्छु । प्रजाको मेल गराएर स्थिति बांधी राजकाज गर ।" भीम मल्लले विन्ति गरे "महाराज, भोट पहाड मधेश सवारी भई बुझिबक्सियोस् । देशको बन्दोबस्त गर्नु, प्रजाहरू तसल्ल गर्नु, दौलत कमाई ल्याउनु, घाट पाठ शहर बढाउनु आदि सबै काम देवताका प्रसादले हुन्छ । सिद्धपुरुषको आज्ञा र श्री पशुपति आर्यातीर्थको इच्छानुसार कलियुगमा हजुरको वीरकीर्ति रहने स्थिति गरिबक्सियोस् । प्रभुको टहलका हुकमा म भरसक गरी पुऱ्याउँला ।" राजाले पनि यही उद्योगका निमित्त बन्देज बाँधी "मन्त्री भीम मल्लका स्थितिमा सबै प्रजाले राजी भई सामेल रहनू" भनी शहर शहर गाउँ गाउँका सिमानामा डंका बजाइदिए । मन्त्री भीम मल्लले पनि सोही बमोजिम निमेकको सोको चिताई प्रजाहरू मिलाएर मधेस, पहाड, भोट राज्यतक सर गरे । यसरी राज्यको राम्रो स्थिति र बन्दोबस्त मिलाए । श्री पशुपतिनाथको सेवामा चिन्तना र पण्डित पुराना योगी महानुभावहरूसंग मिलाप गरे । धर्ममार्गले आएको धन जम्मा गरी खजाना राख्ने ढुकुठी तयार गरेर पहाड मधेससम्म उद्योग गरिरहेका थिए ।

यिनै ताका मन्त्री भीम मल्लले श्री भीमभक्तेश्वर महादेवको स्थापना गरी देवालय बनाउन लागे । तुलजाको देवालयभन्दा अग्लो गरी बनाउन लागे भनी राजालाई भक्तपुरे मन्त्रीले चुक्ली लगाए । तुलजा अप्रसन्न भइन् भन्ने पारी बहुतै मिहिनेतले तीन दिनमा बनाएको देवालय एकै रातमा भत्काई डेढ वर्षसम्ममा पनि सिध्याउन नसक्ने गराइदिए । यसै बेला उत्तरतिरबाट कलह आउँदा प्रताप मल्लले भीम मल्ललाई वकील गरी उत्तरापथको राज्य गर्ने मनसुवाले पठाए । मन्त्री भीम मल्लले पनि भक्तपुरे मंत्रीको कपट थाहा पाएर पछि मलाई चुक्ली गरी बिगार्नन् भ

फर्की आउने छैन भन्ने ठानेर पत्र लेखी आफ्नो तकियामनि राखेका थिए ।

पत्रको बेहोरा यस्तो थियो:–

भक्तपुरेको बुद्धिले राज्य नास्ला र पछिबाट अनराज्य हुनजाला । मेरा बाबाको बुद्धि छैन भन्थे त्यसरी मेरा दाजुको पनि रहेनछ, किनभने वाग्मतीपूर्वपट्टिका मनुष्यको विश्वासमा लागी मलाई विदेश पठाउनाको मनसुवा गरे। परन्तु वाग्मतीपूर्वपट्टिका मनुष्यको विश्वासमा लाग्नेको नेपालमा राज्य धाम रहनेछैन । टीकाधारीको आज्ञा मानी जानुपर्‍यो भनी मैले धन्दा मानेको होइन, परन्तु मेरो जीउ फर्की आउन पाउला भन्ने आशा छैन । इत्यादि ।

राजा प्रताप मल्लले भाइ भीम मल्ललाई बाह्र वर्षको बिदा दिएर साँखुसम्म आफैं पुर्‍याउन गई भोट पठाए । मन्त्री भीम मल्लले पनि मुलुकहरू सर गर्दै, बीचबीचमा देखेसुनेका खबरहरू राजालाई लेख्दै भोट पुगे । भोटबाट लेखेको पत्रको बेहोरा यस्तो थियो:–

ल्हासादेखि उत्तर पन्ध्र बीस दिनको रस्तामा एक अपूर्व जग्गा रहेछ । एक बित्ता जमीन खनेपछि सुनको झुर्कैझुर्का धेरै मिल्ने रहेछ । पानीले पखाल्दा असल बुकीसुन हुने रहेछ । जहांसुकै पनि सुनचांदीको खानी मात्र । रस्ताको हकमा डोरोसंम पनि नदेखिने गुप्त हुनाले पहिल्याई जानुपर्ने । बस्तीका हकमा ग्याला गुरुङ भन्ने जातको बस्ती भएको । भित्र नूनपानी जमेको, तर बाहिर हेर्दा बालुवा जस्तो नूनखानी रहेछ । त्यस ठाउँमा ल्हासा, दिगर्चा आदि भोटदेशका भोटिया महाजनहरूको जमात एकट्ठा हुँदा हातहतियार साथमा लिएर बलियो मद्दत पुर्‍याई जानुपर्ने । यहाँबाट खच्चर, भेडा, च्याँग्रा, गधाहरूलाई सत्तू चिया बोकाई गएर उताबाट सुन र सत्तू चिया बराबर गरी साट्ने चलन रहेछ । नूनका हकमा केही दिन नपरी मोफतैमा रित्ता खच्चर, भेडा, गधाहरूलाई बोकाई ल्याउने रहेछन् । त्यहाँ एक्लै त के, साठी सत्तरी जनाले पनि गइनसक्नु रहेछ । त्यहांका गुरुङजातिहरू जीवघात गर्नालाई कत्ति दया नभएका भूत राक्षसहरू जस्तै । भोक लागेका बखतमा उत्तिखेरि बेपारीका मुखेन्जी च्यांग्राहरू समाती दांतले घोक्रामा च्यापेर तातो रगत पिउने रहेछन् । यस्ता गुरुङ जात भएका ठाउँमा द्रव्यको खानी रहेछ ।

सबै जानिबुझिसकेपछि भीम मल्ल कर्तव्यपथमा जुटे । अनि यिनीहरूसंग सलूक गर्न सके सिद्धपुरुषको आज्ञा र श्री पशुपति आर्याको इच्छाले कलियुगमा चिरकालसंम वीरकीर्ति रहने र महाराजको सोझो टहल हुनेछ भन्ने विचार गरी समर्थवान् हुनाले थोरै मानिस साथमा लिएर टांगन घोडामा सवार भई त्यहांका मानिसहरूसंग सलूक गर्दै हिंडे । बाटामा सिद्धपुरुषसंग भेट भयो र ती सिद्धले तिमी को हौ ? कताबाट आयौ ? कहां जान्छौ ? किन जीवको माया मारी जान्छौ ? भनी सोध्दा तपस्वी जानी घोडाबाट ओर्लेर साष्टांग प्रणाम गरी बताए । "श्री पशुपतिनाथ आर्याको इच्छा, हाम्रा राजाको टहल र हजुरको दर्शन पाउनु मलाई जन्माउने बाबा महतारी धन्य हुन् ।" भनी आँसु खसाल्दै बिन्ति गरे । सिद्धपुरुषले खुशी हुँदै भने "चीन, दिल्ली, भोट सर गरी भोग गर्ने तप र योगहरू जसले गरेका छन् उसको अवतार लिएकालाई त्यो काम सिद्ध हुन्छ । पछि नेपालमा यसैले त्यो कीर्ति पाउँदछ । तिमी आफ्नी रानीलाई पत्र लेख र तिमीहरू दुवै जना छ्यास्कामिनीमा गई संगसंगै बसेर योग तप गर, फेरि जन्मौला । त्यहां धेरै अत्याचार बढेको छ । मर्यादा नपुग्दा तपस्वीले जन्म लिएर बाह्र हजार कारीगर फौज जमाई कार्यसिद्धि गर्नन् । तिमीलाई कायप्रवेशविद्या दिन्छु । यही कुरा तिम्री रानीलाई पनि भनिपठाऊ ।" यति भीम मल्ललाई उपदेश गरी योगी एकातिर गए ।

त्यसपछि ल्हासाको अजित लामाले भोटमा भीम मल्ललाई महाकालस्वरूप देख्दा बहुतै संमानपूर्वक मित्रता गरी मेलमिलाप गरे । भीम मल्लले दाजु प्रताप मल्ललाई मोहनचोकको भण्डारमा राख्नाका निमित्त पाँच करोड द्रव्य पठाए । फेरि भीम मल्लले पाकुमा आफ्ना हातका पांच औंलाको छाप चिह्न राखी ठाउँठाउँमा द्रव्य जम्मा गर्दै मुलुक सर गर्दै थिए । यस्ता प्रकारले भीम मल्ल मन्त्रीले राजाको बहुतै सोझो गरी ल्हासा शहरमा महाजनहरू राखी बत्तीसकोठी कहलाए । भोटका विभिन्न ठाउँहरूमा महाजनहरू पठाई आफू ल्हासामा बसेर बेपार गर्न लागे । त्यहांबाट नेपालमा सुन चांदीको धारो लगाए । भोटमा महाजनहरू मरे अपुताली र कुतीगाउँ आधा आफ्नो गराए।

तिनैताका भक्तपुरे मन्त्रीहरूले हजुरबाट काजी भीम

मल्ललाई भाइ भनी पठाउनुभएको त उनी भोटेहरूसंग मिली भोटको राजा भई रजाइँ गर्दछन् भन्ने सुनिन्छ" भनी प्रताप मल्ललाई चुक्ली लगाए । राजाले पनि सन्देह मानी भाइलाई लिन मानिस पठाए । केही महीनापछि भीम मल्ल पनि धेरै द्रव्य र लाख पल सुन बोकाई भक्तपुरमा आइपुगे ।

छुल्याहाहरूले मौका छोपिहाले । यता राजाको डबल निको छैन, द्रव्य यहीं राखी जाऊ भनी भक्तपुरे मन्त्रीहरूले भीम मल्लको कान भरे । उता धन सबै भक्तपुरमा राखेर रित्तै भीम मल्ल आएका छन् भनी प्रताप मल्ललाई गोप्य खबर पठाए । यसबाट प्रताप मल्ल रिसाई भीम मल्लमाथि दगा लिए । अघि भीम मल्लले रगतको गोल्पु रोज्छौ कि दूधको गोल्पु रोज्छौ भनी रोजाउँदा दूधको गोल्पु रोजेकाले कसाहीहरूलाई भैंसी मार्न छुटाउँदा उनीहरू निकै रिसाएका थिए । तिनै कसाही जातिलाई भीम मल्ललाई मार्ने हुकुम राजाले दिए । गोत्रहत्या लागेमा बरु एउटा धर्मकीर्ति शिवको स्थापना गरिदिउँला भन्ने प्रताप मल्लको विचार रहेछ । यो कुरा कसैलाई थाहा थिएन । पहिले तलेजुको दर्शन गरेरै जान्छु भनी भीम मल्ल सिंहढोकाबाट पसी त्रिशूलडबलीमा पुगेका वेलामा उनलाई दश बाह्र जना कसाहीले पक्री तरवारले छप्काइदिए । उनकी रानीले सतीको रूप लिई सोही रातमा हातको पंजा भिजाई ढोकामा छाप मारी पौष शुदि अष्टमी सोम वारका दिन "सिद्धपुरुषको आज्ञा, देशान्तरका राजाले समेत अति मानेका, महापराक्रमी, निमेकको सोझो गर्ने यस्ता भाइ तथा मन्त्रीलाई दुर्जनको चुक्ली सुनी यस्तो गरे भने अब उप्रान्त यहाँ निमेकको सोझो गर्नेलाई तपस्वी योगीबाहेक खानु कसैलाई पनि नहोओस् । यस दरवारमा विवेक पनि नरहोस्" भनी सराप दिएर आर्याघाटमा गई प्राण छोडिन् । त्यसपछि चितामा उनीहरूको लास देखिएन ।

भीम मल्लकी रानी पनि अघिनै सिद्धपुरुषका आज्ञानुसारको चिठी पाएका प्रभावले कायप्रवेशविद्यामा निपुण थिइन् । अनि सिद्ध वलंवले स्थापना गरेका भगवान् महाकालका स्थाननेर दुवै जना टांगनघोडामा चढी हिंडेका सर्वप्रथम भीम मल्लका भतिजाले देखे । आश्चर्य मानेर बोलाउन पनि नसकी हेरी मात्र रहे । उनीहरू दुवै जना कुरा गर्दै एउटै टांगनमा चढी गएका थिए । फेरि रानीपोखरीको छेउमा धेरै मानिसले देख्दा आश्चर्य माने । अघि दरवारमा यिनलाई खिल्लत दिने सल्लाहको बात हुन्छ भन्ने सुनिन्थ्यो, पछि काट्छन् भन्ने पनि सुनियो, आजै आइपुगे भन्थे, अहिले लोग्नेस्वास्नी दुवै जना एउटै टांगनमा चढी जान्छन्, यो के आश्चर्य हो भनी आफुसमा कुरा गरी हेरिरहे । देउपाटनमा पुग्दा राजा प्रताप मल्लको भण्डारे ज्ञानधर मास्केले भेट्दा प्रणाम गरी रोए । यो के आश्चर्य हो भनी विन्ति गर्दा "मानिसको हात चिठी पठाइदिएको छ । हामी दुवैको सेवा छ भनी विन्ति गरिदिनू । कागतबमोजिम सबै बुझिलिनू । सबै बात दाजु जान्ने छन् । खिल्लत पायौं, छ्यास्कामिनी जान्छौं भन्थे भनी बिन्ति गरिदिनू" भनी अह्राएर सरासर गए । ज्ञानधर मास्केले पनि रुंदै फर्केर राजासंग सबै विन्ति गरे । अनि राजा मोह भई लश्करसमेत लिई भेट्न जांदा यसै बाटाबाट गए भन्ने खबरसम्म पाए, भेट्टाउन कसैले सकेनन् । फर्केर कागतबमोजिम हेरी बुझ्दा यथार्थ वृत्तान्त बल्ल थाहा भयो । अनि प्रताप मल्लले बहुतै पछुतो माने । बाबा लक्ष्मीनृसिंह मल्ल पनि हाः भीम मल्ल, हाः भीम मल्ल भन्दै कान्छा छोराको विलाप गर्न लागे । प्रताप मल्लले काजी भीम मल्लका नाउंले यटखाटोलमा यथाक्रमले शिव स्थापना गरी देवालय बनाएर गूठी राखी नित्यार्चन चलाए ।

राजा प्रताप मल्लले नेपाली संवत् ७७७ माघ शुदि १५ रवि वारका दिन विश्वरूपमूर्तिलाई सुनको जलप सारी लावकुबहीलमा राखिदिए । यसै साल राजा लक्ष्मीनृसिंह मल्लले आफ्नो अन्त्यकालका बखतमा तुलजा जगाउने मूल मन्त्र कुलपरम्पराअनुसार सन्ततिमा दिनुपर्ने हुनाले मैले पनि छोरालाई दिनुपर्छ भन्ने विचार गरी छोरा प्रताप मल्ललाई बोलाउन पठाए । बाबाले मलाई बोलाउन पठाएको हो कि भनी सोध्दा एक दुष्ट मन्त्रीले "म दिनभर उहीं थिएं बोलाउनुभएको होइन, उहां त त्यस छोरालाई मार्न पाए हुन्थ्यो पो भन्नुहुन्थ्यो । तसर्थ सवारी नहोओस्" भनी झुट्टा कुरा लगाउंदा बाबुकहां जान तयार भएका प्रताप मल्ल त्यसै विमुख फर्के । उता त्यसै मन्त्रीलाई छोरा किन आएनन् भनी लक्ष्मीनृसिंह मल्लले सोध्दा ती दुष्ट मन्त्रीले 'उहाँलाई अनेक प्रकारले संझाई विन्ति गर्दा पनि त्यस बाबुसंग सात जन्मसम्म पनि मिल्नु नपरोस् भनी आज्ञा गर्नुभयो" भन्ने विन्ति गर्‍यो । यस कुराले राजा लक्ष्मीनृसिंह मल्ल बहुतै दिग्दार भए । अनि कलश स्थापना गरी त्यसमा मन्त्र पढी मूलमन्त्रको आवाहन गरेर इनारमा खसालि-

दिए । सहसा अग्नि जस्तो ज्योति प्रकाश भई त्यो मन्त्र ऊर्ध्वमार्गले बिदा भई गयो । त्यसपछि त्यो मन्त्र यिनका सन्तानमा लोप भयो । राजा लक्ष्मीनृसिंह मल्ल पनि भाद्र शुदि त्रयोदशीका दिन परलोक भए । राजकुलकी भवानीभई नाउँ गरेकी एक रानी सती गइन् ।

बल्ल प्रताप मल्लले सबै रहस्य पत्ता पाए । यसै काजी नरदेव मरुजोशीका खेलले गर्दा विवेक नगरी बाबालाई बेमर्यादासंग राख्दा ठूलो कुरो उम्काएँ । कुलपरंपरामा चलेको अमूल्य मन्त्र लोप गराएं । यसरी पछुताएर त्यस मन्त्रीको वंश नाश गरे । उक्त मन्त्र कतै पाइन्छ कि भनी सबै शहर, गाउँ र आगमहरू खोली हेरे । दुर्भाग्यवश त्यो मन्त्र कहीं पनि पाइएन । कुनै आगम भने त्रास मानेर खोल्न सकेनन् । पाटन मूलछे आगमघरमा त तारपत्र खड्गहरू खोल्दा बहुतै डर भयो र भागी आए । मन्त्र भने कतै पनि पाउन सकेनन् । यिनले तुलजा जगाउने मन्त्र पाउन नसके पनि यिनी श्रुति, स्मृति र धर्मशास्त्रहरूमा बहुतै व्युत्पत्ति भएका र अभूतपूर्व कविताशक्ति भएका तथा महाज्ञानी र सामर्थ्यवान् पनि थिए । यिनले तिर्हुतदेखि दुइ डोला झिकाई विवाह गरेका हुनाले यिनका पट्टरानी दुइ थिए ।

यी राजाले बाह्रठकुरी राजाका पालादेखि लोप भएको राजा जय यक्ष मल्लका पालामा कुमालले माटो खन्दा निस्की शहरभित्र देवालय बनाएर स्थापना गरेका लोकेश्वर (सेतामत्स्येन्द्र) को रथ बनाई प्रतिवर्ष मत्स्येन्द्रनाथको रथारोहणयात्रा गराए । देशी र विदेशी पण्डितहरू जम्मा गरी उनीहरूबाट पन्ध्र जातको अक्षर अध्ययन गरे । ठूलठूला पीठदेवताहरूका स्तोत्रहरू आफैंले कविता गरी शिलापत्रहरूमा लेखेर ठाउँठाउँमा स्थापना गरे । आफू बस्ने दरबार बनाउँदा वास्तुचक्रका प्रमाणले दरबारभित्र जमीनमनि चार कोटि धन गाडी कोटिध्वज ४ खडा गरी तिनमा हनूमान्, मत्स्य, गरुड र सिंह यी चार मूर्ति साधन गरी स्थापना गरे । अग्रभागमा स्थूलकायसंयुक्त भएका हनूमान् हुनाले मूलदरवाजालाई हनूमान्ढोका कहलाए । नासलचोक बनाई नृसिंह नृत्यनाथ सब सृष्टि हुने लक्षण संयुक्त गरी तामसमूर्ति प्रख्यात गरे । मोहनचोक बनाई देवताका अनेक मूर्ति बसाए । दरबारका अगाडि इन्द्रपुर र जगन्नाथको देवालय बनाई कालिकाको स्तोत्र आफैंले बनाई शिलामा पन्ध्र जातका अक्षर लेखेर दरबारमा पनि टुटेधारा लेखी राखे । काष्ठमण्डपको छेउमा प्राचीन लिंगाकारभित्र कामदेवालयका नृत्यनाथको ध्यानसंयुक्त सुन्दर मूर्ति बनाएर आफूले कविता गरेका श्लोक शिलापत्रमा लेखी कवीन्द्रपुर नाउँ राखेर ठूलो सत्तल बनाई मरुनासलदेव कहलाए । धातुको विश्वरूप बनाई इन्द्रयात्राहरूमा लोकहरूलाई देखाउनाका निमित्त बाहिर राख्ने गरी बसाए । पचलिंगभैरवको धेरै अग्लो लिंग छोपी सानो गराए । महादेवमा हिंसा गर्छन् भनी देशी, परदेशी र नजान्नेहरूले ठट्टा गरेको देख्दा जलहरी छोपिदिए ।

भण्डारखालमा ठूलो १ तलाउ बनाई भुजगशयन नारायण राख्नाका इच्छाले आदिरूप नीलकण्ठनारायणसंग बक्साउँदा मूर्ति बनाउने आज्ञा भएन र विशालनगरका प्राचीन ज्ञानेश्वरका सन्निधानमा रहेका जलशयन नारायणको मूर्ति उठाएर ल्याई भण्डारखालका तलाउका बीचमा विराजमान गराए । यिनै नारायणको उत्तम शक्ति बढाउनाका निमित्त बूढानीलकण्ठको जल ल्याउने इच्छाले नीलकण्ठ प्रभुलाई धेरै प्रकारले बक्साई कूलो खनी जल ल्याए । रानीवननिर ल्याइपुऱ्याएपछि कूलो चलेन । अनि ठूलो कष्ट सहेर पनि राजा त्यहीं बसे । "लान सके जलका साथमा मात्र दरबार जान्छु, लान नसके राजपाठ छोडेर योगी भई देशान्तर जान्छु" भन्ने राजाले प्रतिज्ञा गरे । इन्द्रजात्राहरू पनि आफू बसेकै ठाउँमा झिकाई हेरे । त्यहाँ माटो बोकाएर धेरै जमीन पुरी कूलो तयार पारेर पानी ल्याए । त्यसैले त्यस ठाउँको नाउँ पकनाजोल भनी प्रख्यात भयो । नवरात्रकर्म गर्ने दिनमा जलसंगसंगै आफू आई पोखरीमा जल भरेर प्रतिज्ञा पूरा गरे । त्यसै रातमा राजालाई "आजदेखि तिम्रा सन्तानदरसन्तान यहाँ नआउनू, आएदेखि मरण होला, म त्यहीं आएँ" भन्ने श्रीबूढानीलकण्ठबाट सपनामा आज्ञा भयो । त्यस दिनदेखि राजाहरू बूढानीलकण्ठ जान नहुने भयो ।

केही दिनपछि जलशयन नारायणलाई ल्याएका ठाउँनेरको ठूलो एक भयंकर मूर्तिशिला घोप्टिइरहेको छ भन्ने सुन्दा धेरै कालिगडहरू साथमा लिई राजा आफैं गएर उठाई हेरे । त्यहाँ बडो ध्यानले संयुक्त भएका भीमकाय भैरवलाई देखे । राजा साह्रै खुशी भई द्वापरयुगमा नेपाल सब तलाउ भइरहेका बखतमा डुंगामा बसी जलविहार गर्ने

आदिरूप हुन् भनी त्यहाँबाट उठाएर लगी दरबारनजीक दिगन्तलीको देवालयका अग्रभागमा विधिपूर्वक जगाई उत्तरमुख गरी स्थापना गरे। यी स्थूलकायभैरव (कालभैरव) खडा प्रत्यक्ष छन्। विशालनगरका प्राचीन साकुना भनेका स्थान कालीयनागमथन गरिरहेका नारायण माटाले छोपिइरहेका पाएर गरुडले सहित ती नारायणलाई कान्तिपुरमा लगी सुन्दरचोकमा स्थापना गरे। त्यहाँ गरुडले यी राजालाई धेरै दुःख दिदा ती गरुडलाई नारायणहिटीका नारायणसन्निधानमा ल्याई यथाक्रमले स्थापना गरे।

यी राजा प्रताप मल्ल हरि र हर दुवैको उपासना गर्ने द्वैतवादी थिए। विष्णुको उपासना गर्दा बौद्धमार्गले उपासना गर्दथे। तमर्थ स्वयम्भूको सेवा गर्दै स्वयम्भूस्तोत्र आफैंले बनाई संवत् ७७० मा स्वयम्भूस्थानको ठूलो शिलापत्रमा लेखाए। यसै गरी ठाउँठाउँका देवताहरूको स्तोत्र आफैंले बनाई धेरै शिलापत्रमा लेखाए। फेरि कवीन्द्र जय प्रताप मल्ल भन्ने आफ्नो मोहर पनि धेरै बनाई चलाए। यी राजाले यौवनावस्थाको जोशमा बहुत कामुक भई लक्ष योनिक्रिया पुऱ्याउने इच्छा गरे। स्त्रीहरूलाई खुशी गराई मनोमानसंग रतिक्रीडा गर्दा तीन हजारसम्म स्त्रीहरूको यौनसुख लिए। एक दिन ऋतुमती पनि नभएकी एक बालिकासंग राजी गराई मनोमानी रतिक्रीडा गर्दागर्दै त्यो स्त्री मरी। त्यसपछि ठूलो पाप लाग्यो भन्ने संझी श्री पशुपतिनाथमा गएर तीन महीनासम्म बसे। त्यहाँ बीचमा बाटुलो देवालय बनाई कोटि लिंग स्थापना गरे। अनि कोट्याहुति गरेर श्री पशुपतिनाथको मन्दिर जीर्णोद्धार गरी गजूरसमेत चढाए। दक्षिण दरवाजामा आफ्ना परिवारहरूको शिलाको खम्बा खडा गरी सुवर्णलगायत संपूर्ण द्रव्यको तुलादान गरेर परिवारसहित आफ्नो सालिक मूर्ति बनाई बसाए। चतुर्थीकर्म गर्दा देवपत्तनका उत्तरपट्टि धेरै गोचर संकल्प गरी भूदानखेल भन्ने नाउँले प्रख्यात गराए। श्री पशुपतिनाथका स्थानदेखि प्रारम्भ गरी कान्तिपुरपर्यन्त देवताका पाइलाप्रमाणले लिंगाकार देवालय बनाई शिवजीको स्थापना गरे। श्री पशुपतिनाथका गजूरदेखि कान्तिपुर मोहनचोकमा स्थापित महादेवका गजूरसंम एकै पताकाले बांधी श्री पशुपतिनाथमा पताका चढाए। यस्ता प्रकारले यी राजाले धेरै धर्मकार्य गरे।

यिनका पालामा चोभारका नागले वागमतीका तीरतीरै आर्यातीर्थमा आई वागमतीको जल बढाएर श्री पशुपतिनाथको निर्माल्य जाने जलद्वारबाट भित्र पसी अरू कुरा छाडेर कवचमा रहेको एकमुखी रुद्राक्ष चोरी लगे। यो कुरा वासुकिले थाहा पाई वागमतीमा फाल हालेर नागलाई मारी रुद्राक्ष ल्याएर जलहरीमै राखिदिए। यो रुद्राक्ष अघि राजा रण मल्लका पालामा बनेपुरको मोहनसिंह साल्मीले श्री पशुपतिनाथलाई चढाउन भनी कवचमा राख्नालाई आफै ईश्वर सन्यासीको रूपमा आई दक्षिणामूर्तिमा चढाउनू भनेर दिएको हो। अनि प्रवाह भई जल सुक्यो। लोकहरूले राजराजेश्वरीका स्थानसमीपमा वागमती बढिरहेको देखी राजाछेउ खबर पुऱ्याउँदा राजा पनि गुरुपुरोहितसहित भई त्यहाँ आए। त्यस्तो तमाशा देखदा लम्बकर्ण भट्टले शास्त्रानुसार त्यहाँ नागको आवागमन बन्द गरी वासुकिलाई जगाए। उनको अघि भत्केको देवालय जीर्णोद्धार गरी ऊवा तीनतले चांदीका छानाको बनाई गजूर चढाए। एउटा बाजा रातका चारै प्रहरमा बजाउनू भनी धनपानी भन्ने नाउँ राखी रक्षानिमित्त गूठी राखेर नित्य भजन गराए। यसपछि वासुकिका कृपाले नागभय निवारण भयो।

यिनैका पालामा मिथिलादेशदेखि नृसिंह ठाकुर नामक एक बडा सामर्थ्यवान् ब्राह्मण कान्तिपुरमा आए। उनी पंचलिंगभैरवमा आसन जमाई बस्दा राजा प्रताप मल्लले भेटी उनको शक्ति प्रभाव देखी बहुत संमान गरी राखे। यिनले अघि गुरुबाट नृसिंह देवताको मन्त्र पाई तीन वर्षपर्यन्त पुरश्चरण गर्दा नृसिंह प्रत्यक्ष भई "वरं ब्रूहि" भन्दा दाहिना हात थापी "त्वं जलं मत्करे भव" भनी वरदान मागे। नृसिंह आफै जल भई ब्राह्मणका हातमा बसे र ब्राह्मणले आफ्ना हातको जलपान गरे। अनि स्वतन्त्र सिद्धि पाई ती ब्राह्मण नृसिंह ठाकुर भन्ने नाउँ रह्यो। उनले केही कालपछि महाकालसंहिता आदि पुस्तक हेरी श्लेष्मान्तक वनमा गुह्येश्वरीको स्थान खोज्न लागे। अघि शंकरदेव राजाका राज्यकालमा मलाई प्रकाश गर भन्ने सपनामा गुह्येश्वरीदेवीको आज्ञा हुँदा उनको कुण्ड बनाई स्थान सुन्दर गरी पूजा गरिराखेका थिए। केही कालपछि भासिई बिग्रन जांदा त्यस ठाउँमा एक खड्गी र एक तेलकारलाई देखी तिनका अंगको लक्षण विचार गर्दा ईश्वरीको स्थान यही हो भन्ने ठहराए। त्यसै ठाउँमा पुरश्चरण गर्दा कुण्डमा ज्योति उठेको देखियो। अनि राजा प्रताप मल्ल र गुरु लम्बकर्ण भट्टले समेत गरी खनी पीठ जगाउँदा ईश्वरी प्रत्यक्ष भइन्।

संवत् ७७४ वैशाख शुदि ११ गुरु वारका दिन श्री गुह्येश्वरी कुण्डमा बडा यत्नले फलामका ३६ दलिन बसाएर बाहिरी खण्डमा चार खण्ड गरी चारैतर्फ पर्खालको गढ बनाए। भित्री खण्डमा ईश्वरीको जलज्वाला ढाकी अष्टपत्र यन्त्राकार भैरवसहित गरी कुण्ड सुन्दर गरी बनाए। फेरि फटिकको कलशाकार बनाई त्यहां नित्यनैमित्तिक पूजाहरू गराए। आवरण देवताहरू पनि सबै यथाक्रमले स्थापना गरी जगाएर खम्बामा सिंहको सालिक राखे। राजा आफैले श्री गुह्येश्वरीको अपराध क्षमापन स्तोत्र बनाई शिलापत्रमा लेखाए।

संवत् ७७५ मा तुलजा भवानीको देवालयमा तल्ला तलाको छाना सुवर्णको बनाई चार ढोकामा सुवर्णका सिंह-मूर्ति स्थापना गरे। चारैतर्फ आफ्नो र आफ्ना परिवारहरू-को मूर्ति खडा गरी खम्बामा राखे। सबै देवताहरूलाई आवाहन गरी तीनफेरा कोटयाहुति पनि गरे। यी प्रताप मल्लका दुइ रानीमा दुइ दुइ गरी जम्मा चार पुत्र जन्मेका थिए। तिनमा जेठा नृपेन्द्र, माहिला पार्थिवेन्द्र, साहिला महीपतीन्द्र र कान्छा चक्रपतीन्द्र मल्ल थिए।

यिनले दुइ रानी र चार पुत्रले सहित भै राज्य गरि-रहेका बखतमा दक्षिणदेशदेखि ज्ञानानन्द नाउँ गरेका षोडान्यासी स्वामी आई श्री पशुपतिनाथका समीपमा बसेका छन् भन्ने राजाले खबर सुन्दा राजा आफै गई स्वामीसंग बसउठ वादविवाद गर्दा योग्य ठहराई श्रीपशुपतिनाथका पूजक तुल्याए। स्वामीले पनि पूजाको भेद बताउँदा पंचायन पंचपत्र भएको पंचायन मंत्रका संख्याको क्रमले सुवर्णको छत्र बनाई त्यसका उपर आफूले बनाएका कविता भुजंग र स्वामीले तर्जुमा गरेको देवताको नाउँ मन्त्रयन्त्रले सहित भएको महाकालसंहितोक्त आगमार्थ नृत्यलीला प्रसन्नार्थ लेख छत्रमा लेखाई श्री पशुपतिनाथलाई अभूतपूर्व सुनको छत्र चढाए। अघिका पूजाहारीले रुद्राक्षका दाना उनी चंदुवा बनाउने गर्थे। यी स्वामीले श्री पशुपतिनाथ खुशी होऊन् भन्नाका निमित्त नीलकण्ठको स्नान मेला भएको श्रावण शुदि चतुर्दशीका दिन राजा बक्साई वेदवाक्य प्रमाणले नीलकण्ठगर्भ भावना राखी पचासपल्ट देवालयमा सूत्रले बाँधी अलंकार प्रक्षालन गरेर सबै भंडारेहरूलाई प्रवेश गराए। नियमक्रियासंग श्री पवित्रारोहण नाउँ गरी सूत्र संख्या धार्नी ७ सेर १ श्री पशुपतिनाथलाई अर्पण गरी चतुर्थीकर्ममा राजालाई पवित्र प्रसाद चढाउनू भन्ने रीत चलाए। यी स्वामी ठूला हुन् भनी नित्यकर्म गर्नालाई देवपाटनमा मूलक्रिया स्थिरासन भई जप सिद्धि होओस् भन्नाका निमित्त घर बनाएर मध्यभागमा ऊचो आसन बनाइदिए। यी स्वामीले त्यसैका समीपमा अर्को घर बनाई स्वतन्त्र मूर्ति आवाहन गरी यथाक्रमले बसाएर नित्यार्चन गरी श्री पशुपतिनाथको पूजा गर्दथे।

तिनै ताका यी राजाले स्वामीसंगसमेत संमत गरी राज-कुलमा उत्पन्न भएका हुनाले आफ्ना पुत्रहरूको इच्छापूरणार्थ एक एक वर्षको पालो गरी राज्य गर्ने बन्दोबस्त मिलाए। अनि आफूले राज्य छाडी राज्यको भोग गराए। जेठा नृपेन्द्र मल्लले गादीमा बसी राज्य गर्दा श्री पशुपतिनाथका नन्दीमूर्तिलाई सुनको कवच बनाई यथाक्रमले मन्दिरमा बसाए। नन्दीका शिरमा श्लोकबद्ध गरी बेहोरा लेखाए। संवत् ७८७ कार्तिक शुदि नवमीका दिन माहिला पार्थिवेन्द्र मल्ल गादीमा बसे। यिनले मानापाथीको चलन चलाए। साहिला महीपतेन्द्रले पनि एक वर्ष राज्यभोग गरे। कान्छा चक्रपतीन्द्र मल्ल गादीमा बसेका एक अहोरात्रमै अकस्मात् परलोक भए। यिनका नाउँले छापमोहर बनाउँदा त्रिकोण, बाणास्त्र, पाश, अंकुश, कलश र चमरका चिह्न रहन्थे। सवत् ७८९ लेखिएको हुनाले उनको मरण भए तापनि स्त्रीहरूका प्रसूतिकालमा कसैले थाहा नपाई त्यो मोहरको छाप पखाली जल खुवाउँदा उत्तिखेरि प्रसूति हुने भइगयो। त्यो प्रथा अहिलेसम्म छँदैछ।

राजा प्रताप मल्लकी रानी भुवनलक्ष्मीदेवीले अत्यन्त प्रिय सर्वलक्षणसंपन्न कान्छा पुत्र परलोक हुँदा ठूलो शोक मानिन्। राजाले रानीको चित्त बुझाउन र पुत्रको उद्धारका निति धेरै रुपियां खर्च गरी उनका नाउँले एउटा पोखरी खनाए। चारै दिशामा जान सकिने ठाउँसंम मानिसहरू पठाई ठाउँठाउँमा तीर्थस्नान गरी तीर्थहरूको जल ल्याएर यन्त्राकारले बनाएको पोखरीमा त्यो जल हाली नागहरूको वास गराएर पोखरीका मध्यभागमा स्वेष्टदेवताको स्थापना गरे। श्री बूढानीलकण्ठका जलले पोखरी भरी शेषनागको फणा राखेर संवत् ७९० कार्तिक शुदि पूर्णिमाका दिन प्रतिष्ठा गरी पुत्रको उद्धार गराए। त्यस पोखरीलाई आजकाल रानीपोखरी भन्दछन्।

यिनै राजाका राज्यसमयमा जामन नामक एक

गुभाल बहुत सामर्थ्यवान् थिए । उनीसंग संमत गरी वाम-मतका क्रियाहरू गर्न उत्तम भएको देश मध्यमा पारी इटुंबहालको बाहाल राजासंग बक्साएर केशुचन्द्र नामक महाजनले बनाए । स्वयंभूको चैत्याकार एक प्रासाद भएको हुनाले राम्रो भएन भनी आफ्ना इच्छाले प्रेतचतुर्दशीका दिन गुरुमापालाई बलि दिने गूठी राखे । यिनै राजाले शान्तिकर बज्राचार्यसंग संमत गरी स्वयंभूचैत्यका अगाडि स्वेच्छाले स्वयंभूको पार्श्वस्थ गरी युग्म देवालय बनाउने इच्छा गरे । तर स्वयंभूको इच्छा नहुँदा राजा रिसाई छ माससम्म कोही पनि नपठाई शून्य गराए । पूजासमेत बन्द हुँदा स्वयंभूले मुश्किलसंग बनाउनू भन्ने आज्ञा भयो । अनि पार्श्वमा देवालय बनाई कवीन्द्रपुर, प्रतापपुर नाउँ राखेर आवतजावत चलाए । मध्यभागमा ठूलो बज्रकलश बनाई धर्मधातुमण्डल स्थापना गरेर बौद्ध जगाई बौद्धहरूलाई बसाए । स्वयंभूका शान्तिकर बज्राचार्यसंग संमत गरी स्वयंभूका देवताहरूलाई बुझाए । अनि भविष्यमा अनावृष्टि भएमा राजा प्रजा सबैलाई कष्ट होला भन्ने ठानी अष्ट-नागहरूको आकर्षण प्रयोग गरे । त्यसमा टौदहको कर्कोटक नाग आएनन् । अनि यिनै बज्राचार्यले कुन्दपुष्प मन्त्री राजाका हातमा दिंदै भने "राजन्, टौदहमा गई तीरमा बसेर कर्कोटकनागलाई डाक्नुहोस् । आएनन् भने कुन्दपुष्प टौदहमा फालिदिनुहोस् र नाग बसेका ठाउँमा जाने बाटो देखिन्छ । त्यहाँ पुगी नागलाई सम्झाईबुझाई ल्याउनुहोस् । कदाचित् मानेनन् भने बलात्कारसंग पक्रेर ल्याउनुहोस् । त्यहाँ नागनागिनीहरू कसैले पनि हजुरलाई केही गर्न सक्नेछैनन् ।" यसरी राजालाई अह्राई पठाए । राजाले पनि उहाँ गई डाक्दा आएनन् र दहमा कुन्दपुष्प फाल्दा बाटो देखियो । अनि सरासर गएर नागलाई समाती ल्याए । नागलाई यथास्थानमा राखी गुरुगमन विनाश आदि धेरै पुस्तकहरू बनाए । कान्तिपुरमा सप्तपत्रको वाम गराई रक्त आकर्षण गरेर रगतको मसी तुल्याई लेख्दै गुरुगमन विनाशन आदि गरेका धेरै पुस्तकहरू बनाए । वाम सप्त-पत्रको ठार अतलगमनाधिकारी दृश्यक्रियासमेत संपूर्ण राखी शान्तिपुर बनाए । फेरि बौद्धशास्त्रोक्त रीतले जापाइनार नाउँ गरेको सिद्धकूप बनाई यो इनार वर्षा शून्य हुँदा मात्र चलाउनू, अघिपछि कहिले पनि नहेर्नू भनी गुप्त गरी राखे ।

यी राजा, गुरु लम्बकर्ण भट्ट र जामन बज्राचार्य यी तीन जना मिली पीठपीठमा गएर अनेक तरहको तमाशा गरी तपोविहार गरिरहन्थे । एक दिन यी तिनै जना डुल्न जांदा आधारातका समयमा धेरै डाकिनीहरू पीठपीठमा सेवा गर्न लागेका रहेछन् । यिनीहरूलाई फजित गरौं भनी पंचसूत्रले शहर बाँधेर डाकिनीहरू शहरमा आउन नसक्ने गरी दिग्बन्धन गरे । मन्त्रले शहरको रक्षाकर्म गरी तीनै जना फर्केर दरवारमा आए । भोलिपल्ट बिहान उठी हेर्न जांदा डाकिनीहरू सबै शहरभित्र आउन नसकी शहरबाहिर चारै दिशामा मुख छोपिरहेका देखिए । सबैको मुख खोली हेर्दा त आफ्ना सुहृत्हरूका र काजीहरूका स्त्रीहरूसमेत जातजातका छोटाबडा सबैका स्त्रीहरू डाकिनीमन्त्रको सेवन गर्दा रहेछन् । यो हामीले गरेको कर्म असम्भव रहेछ भन्ने ठानी उनिलेरि पंचसूत्र झिकिदिए । डाकिनीहरू पनि शहरभित्र पसी आफाफ्ना घरमा गए ।

एकदिन यिनीहरू डुल्न जाँदा ललितपुरका एक घर-भित्र धेरै बुद्धमार्गीहरू जम्मा भई चर्चा गाउँदै भोज खाइरहेका रहेछन् । यहाँ तमाशा गरौं भनी मन्त्र प्रयोग गर्दा घरभित्रका बाँडाहरू सबै रुन थाले । फेरि केही बेरपछि अघोर शब्द गरी हाँस्न थाले । फेरि भयंकर शब्द गरी रोए । यसरी दुइ घडीसंम तमाशा गरी आफैंले शान्ति गरेर कान्तिपुर फर्के । फेरि ललितपत्तनका राजाले कोट्या-हुति गर्न लाग्दा अघि बांडाहरूउपर उपद्रव गरे कैं यी राजा सर्पको रूप गरी हेर्न गए । त्यस यज्ञका आचार्य विश्वनाथ उपाध्यायले यो सर्प विघ्न गर्न आएको हो भनी मन्त्रका बलले आसन गरेर पूर्णाहुति गर्न तयार भए । अनि जामन बज्राचार्यले गरुड भई सर्प भएका राजालाई गाँजेर ल्याई बचाए ।

फेरि नेपालमा तीन गणेश प्रत्यक्ष हुन् भनी जगाई प्रसिद्ध गराए । कान्तिपुरका लगाभरका सिद्धिदाता चाबहील-का श्वेतविनायक, भक्तपुरका सिद्धिदाता सूर्यविनायक र ललि-तपुरका लगाभरका सिद्धिदाता चोभारका चन्द्रविनायक यी तीन शहरका प्रधान गणेश हुन् भनी देखाए । यिनले कान्ति-पुरका भीमसेनका क्रोधमूर्तिलाई बुझाई यथाक्रमले बाटामा पादुकापीछे एक एक हंसबलि, टोलपीछे एक एक छागबलि र दोबाटापीछे एक एक महिषबलि दिंदै दरवार मोहनचोक-सम्म ल्याए । द्रौपदीको मूर्ति बनाई जामन गुभालबाट जीवन्यास गराएर समाई न्यासमूर्तिको कलशमा आवाहन

गरी ठूलो यज्ञ गरे। व्यासमूर्तिका हातबाट भीमसेन मूर्तिलाई कन्यादान दिएको भाव गरी अघिका भीमसेनका मध्य भागमा यथाक्रमले राखे। त्यहाँबाट अघि जस्तो विधिपूर्वक तत्तत् ठाउँमा तत्तत् बलिदान दिई निर्दिष्ट स्थानमा पुऱ्याएर पूजा गरी विराजमान गराए। यस दिनदेखि द्रौपदी राजकन्या भई बीचमा रहंदा दुइ भीमसेनको उपद्रव शान्ति भयो। अघि ठकुरी राजाका पालामा दोलखाका भीमसेन मनुष्यरूप भई आएर उनका घरमा रहंदा भीमसेन भनी ठहराई मूर्ति बनाएर भीमसेनलाई प्रवेश गराउँदा उसै बखतमा भीमसेनको एक तामसमूर्ति र एक शान्तमूर्ति बनाएको थियो।

अघि गंगारानीका पालादेखि सती जाने स्त्रीहरूलाई सिन्दूर सुपारी दिने रीत चलिआएकामा यी राजाले असल सुन र रुपियां दिने रीत कान्तिपुरका लगाभरमा चलाए। यिनले श्री पशुपतिनाथका मन्दिरभित्र अघिको तामाको बसाहा पुरानो भयो भनी चांदीको बसाहा बनाएर जीवन्यास गरी राखिदिए। केही दिनपछि त्यस बसाहाले देवपत्तनका लगाभरमा रात्रीमा गई प्रजाहरूको बाली खाएर नाश गरिदिंदा यो बसाहाको उपद्रव हो भन्ने ठहराई त्यो जीवन्यास गरेको बसाहालाई भण्डारमा राखिदिए। अनि अघिकै बसाहा त्याई राखिदिए। मोहनचोकमा पांच गणेश देवालय बनाई पंचमुखी हनुमान् स्थापना गरिदिए।

अघि राजा वीर विक्रमादित्यका पालामा श्री उग्रतारा नीलसरस्वती प्रसन्न भई हरिसिद्धिपुराणमा प्रख्यात भएको एक नाटक प्रख्यात गर भन्ने आज्ञा भएको थियो। सोबमोजिम त्रिशक्तिदेवी प्रमुख भएको हरिसिद्धिको नृत्यलीला बनाए। त्यसमा आफ्नो यश प्रख्यात गर्नाका निमित्त तीन तला भएको छत्र शिरमा र आफ्ना नाउँले मकुण्डे बनाए। अनि चारै दिशाका राजाहरूलाई जितेको भाव गरी चार राजा र सिद्ध मन्त्रीको मुख बनाएर आदिनृत्यविधान तयार गरी नचाएका थिए। उनका शेषपछि केही कालसम्म बानेश्वरगाउँमा र त्यसपछि विशालनगरको प्रान्त ठेवमा यिनै ईश्वरी प्रवेश भई कुलचोकगाउँसम्म वास गरिन्। विक्रम संवत्७४५ पर्यन्त नृत्यलीला चलिरहेको थियो। त्यसपछि यस नाटकको प्रभाव सुखऐश्वर्य वृद्धि र राजमान राज्यलक्ष्मी प्राप्ति हुने थाहा पाएपछि विश्वशर्मा ब्राह्मणले यी ईश्वरीलाई प्रसन्न गरे। चौसट्ठी प्रमाणको नृत्यलीला बनाई ज्योतिस्वरूप श्री पशुपतीश्वर, भीमेश्वर र ज्ञानेश्वर यी तीन महादेवबाट हरिसिद्धिनाटकको दृष्टि गर्ने इच्छा गरेको भाव पारेर नाटक प्रख्यात गरे। विक्रम संवत् १००३ सम्म यस रीतले चलिरहेको थियो। उहाँपछि त्यो नाटक लोप हुँदा कालान्तरमा ललितपत्तनका ज्यापूहरू फूलचोक वनबाट काठ लिई फर्कंदा एउटा चौरमा दाउराको भारी बिसाई चिउरा खाइरहेका थिए। त्यसै बेला देवी प्रसन्न भई उनीहरूका शरीरमा प्रवेश भइन् र ज्यापूहरूले हातमा दाउराका फल्लेंटा लिएर युद्धभावले नाच्न लागे। त्यस्तो आश्चर्यजनक समाचार सुन्दा तीनै शहरका राजाहरूले ज्ञानी, पण्डित र तान्त्रिकहरू जम्मा गरी ललितपत्तनका तान्त्रिक गर्भदत्त ब्राह्मणलाई समेत बोलाई सोधे। यहाँ पिशाचहरू मध्ये कोही प्राप्त भई यस्तो अद्भुत भएको होइन, साक्षात् हरिसिद्धि भवानी प्रख्यात भएकी हुन् भनी सबै सभासदले ठहराई मान्यता गर्दा ईश्वरीबाट आज्ञा भयो। "अब मलाई गुप्त गरी नराख, भीमेश्वरका स्थानमा जाने इच्छा लागेको छ" भनी आज्ञा भयो। ईश्वरीलाई प्रार्थना गरी त्यो कुरा माफ गराई थामे। त्यसपछि ईश्वरीबाट मेरो नृत्यलीला विधानको पुस्तक वनिह्य आगममा होला, त्यो पुस्तक त्याई विधिपूर्वक मलाई प्रख्यात गर" भन्ने आज्ञा भयो। सोही पुस्तकअनुसार बाह्र वर्षमा उत्पन्न पूजा गरी मूल श्री कलश विराजमान गराएर उनन्तीस गण देवदेवीको मुख र मुकुट बनाई विधिपूर्वक यज्ञ पूजाहरू गरेर नृत्यलीला गराए। अन्त्यमा भीमेश्वरका स्थानमा जानुपर्ने प्रबन्ध र चौसट्ठी नृत्यलीला गराउने रीत चलाइराखेका थिए। यही नाचलाई कान्तिपुरका सूर्यवंशी राजा अमर मल्लका राज्यसमयमा विशेष भावना गरी जगाएथे। सोही नाचलाई यी राजा प्रताप मल्लले ललितपत्तनका राजासंग संमत गरी देवीको नृत्यविधानको भारा ललितपत्तन गावहालका ब्राह्मणलाई दिए। नाचमा चाहिंदो कर्म गर्ने अधिकार दिई यथास्थित देवीको नाच जगाए।

त्यसपछि बाह्र वर्षको हरिसिद्धिनाचको मेला आउँदा दरबारमा नाच भइरहेका बखतमा यी राजा रातमा तमाशा भइरहेका समयमा पोशाक बदली एक्लै नाच हेर्न गए। हिटीचोकका डबलीमा श्री हरिसिद्धि त्रिशक्ति मूर्तिहरू अतिसुन्दरी स्त्रीको रूप धारण गरी विराजमान भइरहेका थिए। ती देवीहरूलाई राजाले देख्दा स्त्री हुन् भन्ने ठानी

मोह भएर हातपात गर्न गए । देवीहरूले राजाको हात समाती अंगमा सबै रगत परेको छुवाइदिएर पर सरी बसे । त्यति भएपछि पनि राजाले नचिनी रूपमा मोह हुँदा फेरि हातपात गर्न अघि सरे । त्यसपछि यिनीहरू कोप भई राजालाई आज्ञा गरे ' राजन्, तिमी स्त्रीमा अतिआसक्त रहेछौ । तिमीलाई विवेक विचार केही रहेनछ" भनी राजालाई घोक्र्याएर भूमिमा पछारी अन्तर्धान भए । राजा त्यहीं लडेर चेष्टासमेत केही नगरी रगत वान्ता गरिरहेका बखतमा कुनै मानिसले देखेर उठाई दरवारमा पुर्‍याइदियो । अनि दुई घडीसम्म बाँची संवत् ७९४ चैत्र एकादशी उपर द्वादशी तिथि सोम वारका दिन चौबीस घडी रात जांदा बडा प्रतापी, शास्त्रमा प्रवीण, कवि, धेरै धर्मकीर्ति गर्ने, पुरुषार्थी राजा प्रताप मल्ल परलोक भए । यी राजासंग पट्टरानीसहित नौ स्त्रीहरू सती भए । यी राजाले परलोक नहुँदै अघि साहिँला छोरा महीपतीन्द्रले राज्यभोग गर्नू भनी आज्ञा दिएका थिए । तथापि ललितपत्तनका राजा श्री निवास मल्लले बेरीत ठहराए । अनि उनी अघि सरी उनका छोरा योगनरेन्द्र मल्ल, भक्तपुरका राजा जितामित्र मल्ल, उनका छोरा र राजा प्रताप मल्लका छोरा नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल तथा महीपतीन्द्रसमेत जम्मा सात जना राजाहरू जम्मा भई सभा गर्दा जेठा नृपेन्द्र मल्ललाई राज्य दिन उचित ठहराए । अनि उनैलाई राज्याभिषेक दिई रातभर दरवारमा उत्सव र नाचकीर्तन गराए ।

त्यसपछि कान्तिपुरमा नृपेन्द्र मल्ल राजा भए । यिनले वर्ष १३ राज्यभोग गरे । यिनले आफ्ना पितालाई विसर्जन गर्‍यो भनी हरिसिद्धिको नाचलाई मेरा सन्तानभर कान्तिपुरमा नल्याउनू भनी आज्ञा गरे । बरु कान्तिपुरको सट्टा देवपत्तनमा नचाउने रीत चलाए । यिनका पालामा सिंहख्वाल भन्ने काजी थिए । यिनले राजा बक्साई श्री पशुपतिनाथका चारै ढोकामा सुनका खम्बा र तोरण चढाए । फेरि श्री पशुपतिनाथको महास्नान गरी कार्तिक शुदि पूर्णिमाका दिन पंचविंशति पुष्पले पूजा गर्ने रीत चलाए र गुठी पनि राखिदिए । यिनका पालामा श्री पशुपतिनाथका अघिका पूजक स्वामी स्वेच्छाले नेपाल छाडी बिदा भएर जांदा विदेशबाट आई टंकेश्वरमा बसेका विमलानन्द नामक षोढान्यासी स्वामीलाई भेटे । उनलाई शास्त्रार्थको परीक्षाद्वारा पूजकयोग्य ठहराई श्री पशुपतिनाथका पूजाको अधिकारी गराइदिए । देवपत्तनका लगामा बर्सेनि हुने अग्निको भय निवारण गर्नालाई यी स्वामीसंग संमत गरी श्री पशुपतिनाथका पश्चिम दिशामा दक्षिणामूर्ति ऋषिको आह्वान र स्थापन गराएर आगममूर्ति भन्ने नाउँ चलाई अग्निभय निवारण गराए । इटाखाल भनेका ठाउँमा ईंट झिंगटी धेरै पारेर पोली यी राजा आफैंले बोकी लगेको सबै प्रजाहरूले देखरा धर्मको चेष्टा भएका प्रजाहरू सबै आई अहोरात्रभरमा ईंट झिंगटी सबै भुवनेश्वरी रानीसहित भई अघि गंगारानीले बनाएको श्री पशुपतिनाथको देवालय हाल भत्केको हुनाले यथाक्रमले बनाइदिए ।

यिनका पालामा तेह्लौतिया ब्राह्मण धर्म व्याले चांगुनारायणमा भोज खान जांदा गोत्रहत्या गरे र उनको सर्वस्व सरकारमा दाखिल भयो । राजाले ब्रह्मस्व खानु छैन भनी धन जम्मा गर्दा तीन लाख पुग्यो । यो सब धन खर्च गरी ठूला शिलामय भैरवका अग्रभागमा ठूलो लिंगाकार देवालय बनाएर अष्टधातुभागले संयुक्त गरी रानी भुवनलक्ष्मीका नाउँले भुवनेश्वरी नामक शिवमूर्ति स्थापना गरी नित्यार्चनका निति धेरै गुठी राखिदिए । यही धनले सिभूको लिंगो जीर्ण हुँदा नयां सालवृक्ष ल्याई लिंगो खडा गरे । भगवान्‌को मूर्ति पांचौ शिलाका देवालयदेखि पश्चिम दिशामा सारी सुनका पाँच मूर्ति बनाई स्थापना गरे । यसै धनले श्री पशुपतिनाथका पूजक स्वामीसंग संमत गरी शिवार्चनचन्द्रिका शास्त्रका प्रमाणले श्री पशुपतिनाथको वर्षवन्धन र अस्पृश्यस्पर्श, अगम्यागमन आदि पापक्षयनिमित्त कैलाशकुसुमारोहण नाउँ गरेर धेरै गुठी राखी प्रतिवर्ष चलाए । यति गर्दा पनि धन धेरै बाँकी रहंदा वज्रयोगिनी र चांगुनारायणको देवालय जीर्णोद्धार गराए । यसै धनले जयवागीश्वरीको दुइपत्र आकार गरी देवालय बनाए । तैपनि बाँकी रहेको धनले योगीजन, अभ्यागत र खान नपाउने कंगालहरूलाई भण्डारा भोजन गराई समाप्त गराए ।

यिनैका पालामा एक दिन रात्रीमा जयवागीश्वरीमा चोर पसी सबै गहना चोरेर धोक्रामा हाली बाहिर पाटीमा आयो । चोर पाटीबाट उठ्न सकेन । पालेहरू हाहाकार गरी खोज्दै थिए । राजाले यो खबर थाहा पाई हेर्न जांदा त्यो चोर धोक्रो समातेर उठ्न, बोल्न केही गर्न नसक्ने अवस्थामा थियो । देवीका गहना जस्ताका तस्तै रहेछन् र चोरलाई मारी गहना देवीलाई लगाइदिए । यी राजाका

भाइ पार्थिवेन्द्र मल्ल पितृपक्षका अमावस्याका दिन परलोक हुँदा कान्तिपुरलगाभरका देवदेवताको दशमीकर्म ब्राह्मणद्वारा गराए ।

यिनैका पालामा सवा जयसिंह रवले काशीमा यज्ञ गर्दा सबै मुलुकका राजाहरूसंग कर लिएको थाहा पाई यी राजाले पनि त्यस अश्वमेघ यज्ञका पुण्यमा भाग लिने हो भनी लडाईं नगरी चाहिने वस्तु र नेपालका चीजवीज सौगात पठाएर सवा जयसिंहलाई खुशी गराए । यिनका पालामा श्री गुह्येश्वरीका भक्त कान्तिपुरका तक्षबाहालको समन्तभद्र नामक एक गुभाल थिए । उनसंग कारणवश दुप्पा लामाले ईर्बी गरी आइलाग्दा नेपालमा आफ्नो गुणसिद्धि केही प्रकाश नगरी परेवा भई भागे । दुप्पा लामाले चील भई लगार्दा गुभाल शिखापाकुभित्र लुके । दुप्पा लामाले ठूलो स्वरूप धरी त्यस पाकुमाथि उफ्री उफ्री मिच्न लागे । अनि समन्तभद्रले श्री गुह्येश्वरीको आराधना गरी शरण परे । गुह्येश्वरी प्रसन्न भएर प्रत्यक्ष दर्शन दिइन् । समन्तभद्रले सहाय पाउँदा मन्त्रप्रयोग गरी दुप्पा लामालाई मारे । अद्यापि गुह्येश्वरी प्रकट भएका ठाउँमा केही आकारप्रकार देखिंदैछ । त्यहाँ मानिसहरू गएर दर्शन गरी फर्कन्छन् । यो कुरा गुप्तै थियो । त्यसपछि समन्तभद्र गरीब हुनाले ल्हासामा गएका थिए । उहाँ बस्दा एक दिन एक कोठीवाल महाजनले रुपियां दिई गुभाललाई भट्टीमा पठायो । भट्टीवाल भोटिनीले चाडैं नदिई विलंब गर्दा झगडा भई गुभाल रिसाएर फर्के । पछिबाट भोटिनीले आफ्ना घ्याम्पामा हेर्दा सबै जांड रगत भएको देखी मनमा फिक्री गरी । अनि गुभाललाई खोजेर घरमा लगी बहुतै प्रार्थना गर्दा जांड फेरि जस्ताको तस्तो भयो । त्यस भोटिनीले पनि एक घ्यांपो जांड गुभालका घरसंम पुर्‍याई । गुभालको यस्तो प्रभाव देख्दा त्यहांका मानिसहरूले ती समन्तभद्रलाई मान्यता गरी पोशाक बक्सिदिए ।

यिनैताका ती गुभालको परिचय गर्ने लामाले उनका घरपट्टीका एक छोरालाई मन्त्रप्रयोग गरी बिरामी गराउँदा ती गुभालले आराम गराइदिए । यतकारण यी दुइ जनाको तकरार भइरहेको थियो । एक दिन मुख्य लामाले यसपाला ठूलो हिउँ पर्ने योग छ, थाहा दिए मात्र प्रजाको रक्षा होला भनी शहरमा च्युइँकी लगाए । यो कुरा बत्तीस कोठीका महाजनले सुन्दा यसमा केही उपकार गर्न सक्छौ कि भनी गुभालसंग सोधे । यस कुराको भय निवारण हुने युक्ति म जान्दछु, गरौंला भनी जवाफ दिए । यो कुरो शहरमा फिंजिदै लामाकहाँ पनि पुग्यो । अनि गुभाललाई लामाले बोलाई बातचित गर्दा म गर्छु भनी गुभालले प्रतिज्ञा गरे । तुसारो वृष्टि हुने दिनमा ती गुभाल एउटा पहाडमाथि गई मन्त्रप्रयोग गर्न लागे । त्यसैका प्रभावले सबै तुसारो पहाडमाथि खनियो । एकदुइदिनसंम त्यस पहाडमा तुसारो वृष्टि भएपछि मात्र थामियो र गुभाल ल्हासामा फर्कंदा सब दुनियाँ रमिता हेर्न गए । त्यसपछि लामाले ती गुभाललाई बहुतै मान्यता गरी प्रेमपूर्वक आफ्ना साथमा राखे ।

एक दिन गुभालले लामाले दिएको चिया नखाई कटोराबाटै सबै चिया छरिदिए । "मैले दिएको चिया नखाई किन छरिदियौ ?' भनी लामाले सोध्दा "अरू कुराले होइन, नेपालको मेरा घरमा आगो लागेछ र थाहा पाउँदा निभाएको मात्र हुँ" भनी जवाफ दिए । लामाले उसै दिन बुझ्न मानिस पठाउँदा हो ठहरियो । अनि लामाले तिम्रो सामर्थ्य ठूलो कि मेरो ठूलो छ परीक्षा गरौं भनी प्रस्ताव राखे । प्रस्तावअनुसार गुभाल र लामा दुवै पक्षी भई उडे । लामा गुभाल कैं अकासिन नसक्दा फट्याङ्ग्राको रूप लिई खेतमा पुगेर गहुँका बालाका टुप्पामा बसे । लामा बसेको बाला नुहिहाल्या । गुभाल बसेको बाला भने ठाडै रह्यो । अब गहुँको बोटमा विलीन होऔं, यस बोटमा छ भनी पहिल्याउनू भन्ने प्रस्ताव रह्यो । पहिले लामा अदृश्य हुँदा यस बालाको यस ठाउँमा तिम्रो जीउ रहेको छ भनी गुभालले ठहनाए । गुभाल लुक्दा लामाले बल्लतल्ल गहुँको बोट मात्र ठहराउन सके, ठाउँ भने ठहराउन सकेनन् । अनि दुवै जनाले आफआफ्नो स्वरूप लिए । लामाले तिमी धन्य रहेछौ, मभन्दा पनि पुरुषार्थी रहेछौ भनी आफ्ना घरमा लगे ।

केही दिनपछि गुभालले नेपाल फर्कन बिदा मागे । लामाले बिदा नदिई यस गुभाललाई नेपाल जान दिन्न भनी पहरा चौकी राखी घाटमा पनि नउतार्नू भन्ने उर्दी गरेका थिए । थोरै दिनपछि गुभाल नेपालतर्फ हिंडी घाटमा आइपुग्दा घाटवालाले लामाको चिह्न नभई तारिदिन्न भन्यो । बहुतै नरम भई मित्रभाव राख्दा पनि घाटवालाले तारिदिएन र आफै जाने भए जाऊ भन्यो । गुभालले वचन

पाउँदा एउटा रुमाल नदीमाथि बिच्छ्याई त्यसमाथि बसेर नदीमा हेलिई तरे। लामाले भनेको मानिस यही रहेछ भन्ने संझी घाटवालाहरू पछिपछि लागे, तर भेट्टाउन भने सकेनन्। यो कुरा लामाले थाहा पाउँदा नेपालमा समन्तभद्र नपुग्दै मन्त्रका जोडले उनका घरमा लामा पुगे। दुइ चार भारी आलमाल, जपमाला र पुस्तकहरू चिह्न देखाई तिम्रा बाबा मरे भनी काजक्रिया गराए। गुभाल नेपाल आइपुग्दा आफ्नो काजक्रिया गरेको समाचार सुने र लामाले छली अनर्थ गऱ्यो, अब घरमा पस्दिन, यतैबाट विदेश जान्छु भनी काशीतिर लागे। काशीका जैनहरू ठूलो चैत्य बनाई सरजाम तयार गरेर अब कसले प्रतिष्ठा गरिदेला भनी विचार गरिरहेका थिए। अनि यिनै समन्तभद्रलाई बडा सामर्थी ठहराई जैनहरूले सन्मानपूर्वक भने "हामीले एक चैत्य बनाएका छौं। त्यसको प्रतिष्ठा गरी जगाइदिनुहोस्" समन्तभद्रले हुन्छ भनी गंगाजल ल्याएर चैत्यमा छरी प्रतिष्ठा भयो भनी हिंड्न लागे। उनीहरूले नजान्ने रहेछ भनी ठट्टा गरे। यो विधि नपुऱ्याई केको प्रतिष्ठा गरेको हो? सरजाम तयार छ राम्ररी गरिदेऊ भनी उनीहरूले भने। समन्तभद्रले जवाफ दिए "मैले प्रतिष्ठा गरिसकें, तिमीहरूले नपत्याए ठूलाठूला डोरीले बलियोसंग बांधी राम्ररी समातिराख। मैले बोलाउँदा त्यो चैत्य सरासर आउनेछ।" उनीहरूले पनि भनेबमोजिम डोरीले बाँधी बलियोसंग समातिराखे। समन्तभद्रले तीनफेरा चुडकी बजाई डाक्दा चैत्य उनका पछिपछि लागी सरासर आयो। नेपाल कान्तिपुर नघल ठोलमा ल्याई स्थापना गरेर सिंहदेव कहलाए। उनी त्यहाँबाट लासामा गई बाहाल बनाएर बाहालैमा शरीर त्याग गरी परलोक भए।

उता काशीका जैनहरू दुइचार दिनको बाटासम्म आई डोरीले तान्दा पनि चैत्यलाई फर्काई लैजान नसक्दा त्यसै फर्की गए।

यी राजाका पालामा लल्ला झा नामक ब्राह्मणले राजालाई बक्साई गुह्येश्वरीको यन्त्राकार कवच बनाएर राजाको सवारी समेत चलाई ईश्वरीलाई चढाए। प्रतिवर्ष बालाचतुर्दशीका दिन त्यो कवच देवीलाई पहिराउने व्यवस्था गरे। यी नृपेन्द्र मल्ल ज्ञानी र बहुतै देवीभक्त हुनाले श्रद्धापूर्वक राज्यभोग गरिरहेका थिए। पछि नेपाली संवत् ८०७ आषाढ शुक्ल तृतीया रोज ७ का दिन परलोक भए। रानी आदि २४ जना स्त्रीहरू सती गए।

यिनका पुत्र भूपालेन्द्र मल्लको राज्यभोग वर्ष १४।। यी राजाका पालामा विमलानन्द नाउँ गरेका षोडान्यासी स्वामी श्री पशुपतिनाथका पूजाहारी थिए। यसै समयमा राघवानन्द नाउँ गरेका षोढान्यासी स्वामी दक्षिणदेशबाट आई श्री पशुपतिनाथको दर्शन गर्न लाग्दा अघिका स्वामी विमलानन्दले राजासंग बक्साई राघवानन्द स्वामीलाई पूजाहारी गराए। आफू बिदा भई काशीवास गरेर परलोक भए। यी राघवानन्द स्वामीले राजासंग बक्साई नेपालको रक्षा निमित्त अघि नभएको दमनारोहण भन्ने कर्म चलाए। फेरि स्वामीले यन्त्रक्रमले मठ बनाई पातालगंगा साधना गरेर आफू त्यसैबाट नित्य स्नान गर्दथे। यो कर्म र श्री पशुपतिनाथको नित्यसेवाले लोक सबैले धन्य धन्य भन्न लागे। अघिको पवित्रारोहणकर्म पनि जगाई स्वामी बसेकै घरमा बनाएर प्रतिवर्ष चढाउँथे। पछि आफू बसेकै घरमा सारी बनाउने रीत चलाए। पवित्रारोहण र दमनारोहण यी दुइ कर्मको खर्च स्वामीले नै गर्नू भनी नियम बाँधेर प्रतिवर्ष चलाए। यी स्वामीले श्रीखण्डचन्दनमा यन्त्र लेखी श्री पशुपतिनाथका ईशानभागमा राखेर नित्य आवरण पूजा गरे।

तिनै ताक कान्तिपुरका एक इकोचिली नेवारले देशका उत्तरभागको इन्द्राणी पीठमा रातमा नित्य सेवा गर्न जाँदा एकदिन पीठमा नेपालेश्वरी वत्सलादेवी आई बसिन्। देवीगणले वत्सलादेवीको संमान गरेको देख्दा त्यो इकोचिली नेवारले स्वामीलाई भेटी विस्तार कहे। स्वामीले त्यस नेवारको मतसुवा जानी राजासंग बक्साएर प्रेतचतुर्दशीका दिन युगादिदेखि नानाविधानले पूजा गरिराखेको नेपालेश्वरी वत्सलापीठलाई खुशी गराए। अमावास्याका दिन स्वामी आफै आई श्रीपशुपतिनाथलाई रातभर जगाएर ईश्वर र ईश्वरीको कुतूहल लीला गराए। धार्नी ७ सेर १ सिन्दुर छरी प्रतिवर्ष यात्रा चलाए। फेरि यी स्वामीले राजा बक्साई इकोचिली नेवारलाई यसले धेरै धन खर्च गरी दुःख पायो भनी देवपत्तनको प्रधान गराइदिए।

(क्रमशः)

# ऐतिहासिक पत्रस्तम्भ

| | |
|---|---|
| श्री ६ प्राइमिनिष्टर | श्री रैफल |
| १ | २ |
| श्री लेटर | श्री राजदल |
| ३ | ४ |

अर्जि— — — — — — — — — — —

उप्रान्त गरिप्रवर जेष्ट वदि ११ रोज ७ मा हजुरबाट पठाइबक्सनुभयको सिक्ष्यापत्र ये वदि १४ रोज ३ मा आइपुगी हरफ हरफ पढी सिर चडायां औ ''' १ ''' साहेब जेष्ट वदि १३ रोज २ का दिन बांगलदेषि कुच गरिबक्सी रसुवामा राज गरिबक्सनुभयो औ पाहाटि पुग्याका रसदहरुको सबै विस्तार मैले पार्दा तिमिले बेस्तरहसंग मिहिनत गर्‍याका रह्याछौ स्यावास भन्या मर्जि भयो षुसि भैबक्सी मलाई सबै कुराको सिक्ष्या बक्सी रसुवादेषि कुच गरिबक्सी जेष्ट वदि १४ रोज ३ का दिन लुकुवा भन्या जगामा मुकाम हुन्याछ रसद बोकन्या झारावा कुगलाई आजसम्म जो बोकायौ अब उप्रान्त झारा नलाउनु ज्याला दि बोकाउनु भन्या मर्जि भयो औ झुगाबाट कम्याण्डर कर्णेल सनकसिंषत्री पनि रसुवामा आइ ''' १ ''' का हजुरमा दर्सन गर्नुभयो निज कर्णेललाइ मर्जि भयाको तिमिले र प्रोहित मेजर कप्तान दलजित विष्ट बसि रसद पुर्‍याउन्या काम गर्‍या भन्या अति सिक्ष्या बक्सी पाउलागीबक्सनुभयो अबर अति सिक्ष्यावमोजिम हामीहरू तीनै जना बसि याहांको रसद चलाउन्या काम बुद्धि बर्गेतले भेट्टायासम्म भरमगदूर गरि काम गर्‍याछौं औ ''' २ ''' ३ ''' पल्टन २ पाउ रषवारि भै ''' ४ ''' पल्टन रसद चलाउनलाइ थामी बक्सनुभयो पैले सबै रसद बोकन्या पल्टनलाइ ल्यैजान्छु भन्या मर्जि भयो पछि र रसदले अड्काउ होला भन्या वेहोराले अरु सबै थामिबक्सनुभयो २ पल्टन ल्यैज्याइबक्सनुभयो औ लडाइको षवर यथास्थितै छ भोट्या लस्कर भैरवलंगुरमा द्वि हजार पच्चिस सय छ भन्या हाम्रा चिवाले बुझि आया भन्या षवर छ= — — — — — — — —

श्री प्रोहित चतुर्भुजदत्त अर्ज्यालको कोटि २ चतुर्वेदोक्त शुभ आसीर्वाद सहस्र शुभम् — — — —

– । –

अर्जि— — — — — — — — —

उप्रान्त वैसाष सुदि १४ रोज ३ मा लेषि पठाइबक्सनुभयाको अति सिक्ष्यापत्र जेष्ट वदि २ रोज ५ मा आइपुग्यो हरफ हरफ हेरि सिर चह्रायां झुगा किल्लामा अघि टिंगरिबाट आउन्या फौजसंग कोहि रैति मिली लडाइ पनि गर्‍याछन् कोहि रैति निस्की वन पस्याका रह्याछन् तेस्तै विचारमा हामीबाट किल्ला मर्‍यो र चारौतर्फ ढोकामा पहरा राषि जो तेस किल्लाभित्र भयाको नुन अन्न पानी कसैलाइ बाहिर निकाल्न नदिनु ल्याइ एकै ठाउँमा ज्मा गरि राषनु भनी अह्राइदिदा करु सत्तु केराउ नुन गरि कसैका घरमा १० कसैका घरमा २० कसैका ४० कसैका ६० ८९ मुरिसम्म पनि रहेछ ज्मा गरि एकै ठाउमा राष्याको छ जो घ्याङ गुम्वामा रहन्या लामाहरू र निस्कनु नसकन्या बुढाबुढि किल्लैभित्र बस्याका रह्याछन् इन्को अन्नगानि भाडावर्तन इनैलाई थामिदियां अरु दुस्मनषित मिलि हामिसित लडन्या र भागी बनमा जान्याहरूका घालषा रह्याका घरको उनले

छोडिगयाका भाडावर्तन छन्न नुन पुराना दोचा वषु हात हतियार जमा गरिराष्याको छ ति फौजमा मिसि भागि जान्या र अघिवाटै भागि जान्या रैतिहरूलाई मैले हामीलाई मान्छौ भन्या तम्रो ज्यू धन केहि हुन्याछैन भन्या दम दिलासाको बेहोरा लेषि भोट्या अक्षरको चिठी पठाइदिदा कोही सामेल हुन आएनन् अव र तिमिलाई मान्छौ किल्ला गुल्जार गर्छौं भनि १।२ घर आउन लागिरह्याछन् तिन्हेरुको मालताल जो आउन्याहरूको फिर्ता गरि दिन्या हो कि नदिन्या हो हजुरबाट जस्तो मर्जि भै आउछ सोमाफिक सँग राषन्या काम गरुला औ हजुरबाट पठाइबक्सनुभयाको लमछट वन्दुक २ र तेस्को षर्षजाना सबै ली हवल्दार असमान षत्रि र सिपाहि वलविर थापा हिजो याहाँ आइपुग्या वहुत विस्तार कहाँतक विन्ति चढाइपठाउ लेषदामा तलमाथि पऱ्याको छेमा राषिवक्स्याजाला विज्ञ चरणकमलेषु किम् अधिकम्— — — — —

श्री मद्राजकुमार कुमारात्मज श्री जनरल जगत्संसेर जंग कुवर राणाजिको कोटि कोटि साष्टाँग दण्डवत् सेवा सहस्रम

इति संवत् १९१२ साल मिति जेष्ट वदि ३ रोज ६ मुकाम कुगा किल्ला शुभम् — — — —

—।—

श्री भाइ जनेरल जगतसंसेर जंग कुवर राणाजी श्री इश्वर
१ २

अर्जि — — — — — — — —

उप्रान्त हजूरका गाथ सदा क्षेम कुसल मंगल भै स्थिर रहनुभया मेरो प्रतिपाल उद्धार होला वैसाष सुदि १२ रोज ७ लेषिवक्स्याको सिक्ष्यापत्र जेष्ट वदि २ रोज ५ मा दाषील भै हरफ हरफ पढि सिर चढायां आगे केरुङबाट कुगामा चढाइ गर्न जादा किल्लादेषि अढाइ कोस वोढो गुंटा भन्या घाटि पर्न गयाको विकट जग्गा रहेछ तेस ठाउमा वैसाष वदि ३० रोज २ का दिन ८ घडि वाकीदेषि लडाइ हुँदा दुस्मनको हात माथि हाम्रो हात मनि पर्न जादा फौज बढाइ लैजानि नहुदा थामि लडाइ गर्दै थियौं पछि वाटो पैलाइ तिन मुष भै हाम्रा फौजले हल्ला गरि जाइलागि वैसाष सुदि ८ का दिन गुंटा भन्याको फत्ते भयो दुस्मनका सिपाहि ढेरै परि हातहतियार पनि ढेरै हात लाग्याछन् हाम्रा फौजमा भन्या कसैलाई केहि भयेनन् भनि फत्तेनामाको षवर""१ " बाट लेषी आउदा फत्तेनामाको २१ तोप बढाइ भयो ताहा पनि २१ तोपको वढाइ गर भनि लेषिवक्स्याका अर्थ गुंटा भन्ने घाटि विकट जगा दषल भयापछि हजूरका इकवालले कुगा किल्ला पनि आजसम्म सर भयो हो " १ ले पनि वहुतै मिहिनत गरेछन् "" २ ""का कृपाले यत्रा यत्रा काममा हजूरको यरादा बराबर पुग्दै जादा मजह षुसि भै मर्जिवमोजिम फत्तेनामाको तोपका २१ फैर सलामि दिया लेषदामाको कमवेस माफ फर्मायेजाला विज्ञेषु किमधिकम् इति संवत् १९१२ साल मिति जेष्ट वदि ३ रोज ६ मुकाम तान्सेर शुभम् — — — — —

इत श्री वद्रिनरसिंह कुवर राणाजीको कोटि कोटि साष्टांग दंडवत् सेवा सतं सहस्रम् शुभम् –

—।—

अर्जि — — — — — — — — — —

उप्रान्त गरिप्रवर कार्तिक वदि १४ रोज ४ का दिन ल्हासा आइपुगि पोताला लामा अम्वा चार काजिहरूसंग भेट गरिसकि कप्तान चन्द्रमान कार्की क्षत्रीसीत बुझी लिन्ये कुरो बुझी लीन लागीरहेछु वाकी मानतारिन अंवा भन्ये नयाँ अंवा आइपुगेका रहेचाछन् ड्याङ का लडाईमा ड्याङ का राजा वस्याकै घर जगासमेत भोटेहरुले लीसक्यो भन्या हौडा कुरा सुनिन्छ दारोगा राजवीर पनि ल्हासामा रह्याछन् मसंग भेटघाट भयो अलिक घोडा किनिसकेछन् अरु घोडा पनि हेर्दै छन् अरु षवर ज्यथास्थितै छ आउसको वुझने वेरोहा गरी सकी पछिल्ला अर्जिमा षुलासा विन्ति चढाउला अर्जिमा कमदा पऱ्याको क्षमा राषिवक्स्याजावस् — — —

कप्तान जितमानसिं षत्री क्षत्रीको सहस्र कोढि कोटि सलाम सलाम — — — —

—।—

श्री प्राइम्मिनिष्टर

१

अर्जि — — — — — — — — — — —

उप्रान्त ··· १ ··· साहेवबाट जेष्ट सुदि ५ रोज २ का दिन ७ घडि दिन चढ्दा झुगा गढि पुगि १२।१३ घडि दिन चढदा चिनिया तालयसित घ्याङमा वसि मोलाकात भयो हाल घालाइ म नसाधि सक्तिन साधनलाई ७।८ दिन लागछ भन्या कुरा तालयले गऱ्यो ताहासम्म म पर्षन्न याहाँदेषि डेढ कोसमा ठाउ २ गरि ५।६ हजार दुस्मनको लस्कर तयार भै वस्याको रहेछ ७ पल्टन र १० पल्टनका षलासि पठाइदिनु भनि कम्याण्डर कर्णेललाई लेषिगयो पठाउन्याछन् तेले व्यां र ताहाँका गाउल्या प्रजा गैह्रलाइ ज्याला मुजरि दि षाचो नहुन्या गरि चाडो रसद पठाउन्या काम गर भन्या गुलामलाई कृपापत्र ज्येष्ट सुदि ६ रोज ३ का मितिमा वक्सी आयाको रहेछ ऐं सुदि ७ रोज ४ का रातमा आइ-पुग्यो मर्जिवमोजिमका पल्टन र पिपा षलासि आजे रवाना भै रसद पनि धराधर चलाइन लागिरह्याछन् औ गुलाम-हरूका बुद्धिले भेट्यासम्म भरमकदुर गर्न्यैछौ पछि जो जो भैपरिआयाको हाल सुरत लेषि अर्जि चह्राइ पठाउदै गरउला अर्जिपत्रमा उचानिचा पर्न गयाकोलाइ गुलामपर क्षेमा राषिवक्स्याजाला कि किमधिकं विज्ञचरणेषु — — —

इत सदा स्थवक मेजर कप्तान दलजित विष्ट
प्रोहित चतुर्भुजदत्त अज्र्यालको कोटि कोटि दंडवत्
स्थवा चतुर्वेदोक्त शुभ आसिरवाद — —

इति संवत् साल मिति ज्येष्ट सुदि ८ रोज मुकाम शुभम् — — — — — — — — —

—।—

श्री दुर्गाज्यूशाह

१

अर्जि ···· ··· ··· ··· ··· ··· ··· ···

उप्रान्त करुणानिधान चिके षेम्वुबाट घोडा चढि ५ जना मानिस साथमा लि षामतर्फ भाग्यो भनि जादा डिगु वाका वांडाहरूले निज चिके षेम्वुलाई सकेसम पक्रनु नसक्या मार्नू भन्ने उर्दि लि चौकि वस्याका रहेछन् निजहरूले आषाढ सुदि ७ रोज १ मा निज चिके षेम्वुहरू आयाको देषि पक्रन नसकि वन्दुकले हानि गोलि लगाइ घाइत्या हुँदा अव मलाइ भोट सरकारका हातमा नपारिदे घाइत्या भै गयाँ म वाचन्या छैन चाडै मेरो प्राण छुटाइदे भनेछ र निज चिके षेम्वुको चाकर डुंगेर भन्ने भोट्याले छातिमा माला रोपि मारेछ अरू ४ जाना चाकर पनि गोलि लागि मरेछन् निज डुंगेर पनि गोलि लागि घाइत्या भै सरकारबाट पक्रिएछ आफु घात गरि मऱ्याको रहेनछ येस्ता रितसित निज चिके षेम्वु मऱ्याको तहकियात हो सेठको छोरो काजि १ छआत्या १ चिके षेम्वुलाइ मार्न्या डुंगेर १ ट्युघ्युघ १ इयासा १ येति ५ जनालाइ नेल हालि ठूलो सकस गरि थुनि राषेछन् कोहि जन्मकैद गर्छन् भन्छन् इनलाइ मार्न्या र कैद गर्न्या ठेगाना भयाको छैन सारा गुम्वाको लाग्या सेठको छोरो काजिलाइ मार्न्या तवर छ नर धन लुटि ज्यू ता मारोनन् कि भने जस्तो मेरा मनमा लाग्छ पछि कसो कसो हुन्छ फेरि हिजोआज राक्षेस प्यान्दे डुन्डु भन्ने चिके षेम्वु १ छआत्याँ १ ट्युछिरि भन्ने ट्युघ्युघे १ छिरि वान्छु भन्ने सेठको छोरो काजि १ ढापका सिगो भन्ने राजा लामा-को इयासा १ येति ५ जना मध्ये मूल चिके षेम्वुलाइ मारि ह्लाससमेत ल्याइ देषाइ निज ह्लासको टाउको ह्लासा सहरमा घुमायूं येसका मतमा परयाका मतियारहरू को को छन् हामिले पनि कोहि पक्रौं केहि पक्रनु छ अरू पनि कति छन् षोजदैछौं तिमि दुनियादारहरूले पनि येस राक्षसका मतमा लाग्याप-स्याको देष्याजान्याको केहि संष कसै भोट्या भारदारहरूमा छ भन्या ननिस्या कचहरिका मालिक भेवुनहरूसित भनि पक्राउ भन्ने वेहोरा भोट्या हरफको सवाल ह्लासा सहरमा भोट सरकारबाट टास्या येस वेहोरामा भोट सरकारतर्फबाट मलाई यस्तो भयो भनि केहि सुनायाका छैनन् डिगर्चाको चिरुवादार भक्ति भोट्यासितका रुपैया लिनाका वेहोरामा कास्यालका काजिहरूसित भन्न पठाउँदा डिगर्चाको कुरो वेहोरा केहि परिआयो भन्या सुन्या छिन्या टासिलिभुको मेसेगो भोट्या डिगर्चातर्फबाट याहाँ ह्लासामा आई वस्याको छ त्योसंग गै वेहोरा गर्नु र तेसवाट छिनेन भने हामी काजिसंग भन्न आउनु र वेहोरा बुझि छिनौला भनी पठाया-छन् सोवमोजिम निज डिगर्चाको टासिलिभुको मेसेगोबा

भोटेसित मेरो दोमासे करमिलाई भन्न पठाउदा डिगर्चाको कुरो हो आवतजावत गर्दा मैह्ला दिन लागला तसर्थ मैह्ला १ को भाषा पाया त्यो रुपैया लिन्या भोट्यासित कुरो गरि निकासा गरौला भन्दा मैह्ला १ को भाषा हुँदैन चाडै १५।२० दिनमा रुपैया छिकिदिनुपर्छ भनिराष्याछु हजूरबाट रोकसोध गरि राइ पठाइबक्स्याका चिनिया उताल्वेहरू आषाढ सुदि १५ रोज १ मा ल्हासा सहरमा सबै निका-आनन्दसित आइपुग्या इनिहरूसित भेटमुलाकाद भयाको छैन भरेभोलि हुन्याछ औ डुक्पाको मालिक प्याङसुला भन्नेले लाषि बनात षगाम २॥। र छिजेषाता १ षादिको वेठन गराइ पोको पारि मेरा ताउको चिठि सानु पैसा जत्रो लालछाप चिठिका पुछ्रमा लाई पठायाको रहेछ स्व चिठिमा लेष्याको वेहोरा उप्रान्त भोट सर्कार र देवाधर्म मिल्याको निमित्त पोतला लामाज्यूलाई मानि अघिदेषिका रित चलाउनालाई यहावाट मानिस पठायाको छ ताहावाट देवाधर्म र नेपालको दोस्ति समझि केहि कुरामा हारगुहार मेहर राषनु चाहिन्छ पछि परन्तु पनि तपाईको सरिरमा वेस सम्भार गर्नुहवस पत्र चिह्न वनात वष्षु १ समेत देवा-धर्मको दर्वारबाट भन्ने यति वेहोरा लेषि पठायाको रहेछ सो पत्र ल्याउन्या डुक्पाहरूले प्याङपुला अघि काजि थिया अब मुष्ये मालिक राजा भया उनैवाट यो चिठि पठायाको हो अघि अघि पनि नेपालका नेवारका मालिक नाएक्यालाई नेपाल र देवाधर्मको दोस्ति हुनाले चिठि र पत्र चिह्न षाता १ वनात वष्षु १ दी आयाको हुनाले हामी डुक्पाका मुलुक आफसको झगडा हुदा यो रित अड्क्याको थियो आज हाम्रो झगडा छिनियो मालिक षदम भया र हामी अघिका रित-बमोजिम निज मालिकले पठायाको पत्र चिह्न लि आयाका हुँ भन्या र अघिको रित हो भने म पनि लिन्छु भनि लियाँ मैले पनि येहि मालअनुसारको पत्र चिह्न गरि पठाउनुपर्ला भन्ने वेहोराले सो वनात आम्दानि षर्च स्याहामा चढायाको छैन स्याहामा चढाई पत्र चिह्न गरि पठाउन्या हो कि कसो गर्न्या हो जो मर्जि जेष्ट सुदि १५ रोजसौ लगायत आषाढ सुदि १५ रोजतक मैह्ला १ को स्याहा रपोट षडा गरि येसै अर्जिका सग चढाई पठायाको छु दाषिल होला सेवक्का अर्जिका वेहोरामा घटवड पर्याको होला छेमा करुणा राषि-बक्स्याजावस् शुभमस्तु शुभम्......

इत सेवक कपतान जिरमान्सिह सिलवाल क्षेत्रीको दिनप्रति साज सवेरको कोटि कोटि सलाम सलाम.

इति संवत् १९२८ साल मिति श्रावण वदि १ रोज २ मुकाम ल्हासा अडा शुभम्.........

| श्री ३ महाराज | श्री भोट सर्कार | श्री ५ सर्कार |
|---|---|---|
| १ | २ | ३ |

अर्जी – – – – – – – – – – –

उप्रान्त करुणानिधान माघ वदि १४ रोजसौ लगायेत फाल्गुण वदि १४ रोजतक मैह्ला १ को आम्दानी षर्च भयाको स्याहा रिपोट चढाई पठायाको छ राङजुङ काजिले मेरा घर कप्तान साहव आउनुभया वडोया हुदो हो भनी लिन पठायाछन् र म गया अरू अरू कुराको विस्तार गर्‍या पछि-बाट डुक्पासित लडाई गर्न अंग्रेजका फौज ताहाँ नवसि ये सालका पौष मै हामा आफ्ना मुलुकतरफ लडाई चल्यो भनी गया भन्दा सुन्दछु तहकियात भने होइन लडाई चलेको हो भने गोर्षासित हो कि भन्ने मेरा मनमा संषा लाग्यो र तपाईसित सोधेको हो भने र हामिष्ति लडाई कदाचित गरैनन् क्या अर्थ भने १४ सालमा अंग्रेजका मुलुक गैह्ल जगा जगामा रहयाका आफ्नै फौज फुटि आफ्नै मालिक र निज मालिकका स्वास्नि उनैका वालबच्चा छोरा-छोरीलाई मारि तमाम मुलुकमा छोटावडा जसजसको पाउछन् लुटि आगो लगाई सबैको नास गरिदिया भनि टोप उतारि…१…का पाउमा परि रोइ यस्ता तरहको वेहोराको विन्ति अंग्रेजबाट गर्दा हाम्रा…१…का हृदयमा दया करुणा उठ्यो र अंग्रेजका सिरमा वाहुलि राषिबक्सि तिनीलाई जे वेहोराको मद्दत चाहिन्छ हामिबाट हुने वेहोरामा बक्सीस गरौंला भनि षातिरजामाको हुकुम वक्सिस भयो र अंग्रेज-लाई दिलजमै भयो हाम्रा हिन्दुका धर्मले वाल अस्त्री ब्राह्मण गौ हत्ते भयाको हेरिरहनु नहुदा येस कुराको मद्दत अंग्रेजलाई बक्सीस गर्नुपर्ने हो भन्ने हुकुम ठहराई २४ पल्टन २६ तोप षलासि ४ हजार गाडा २४ सये हाति ५ सय बक्सीस गरि कर्णेलहरू र अफिसरहरू पठाइबक्सनुभयो तिनिहरूले साहेबगंज भन्ने जगा पिपरा भन्ने जगा गोरषपुर भन्ने ई वडा वडा सहरमा किल्ला वाधि मद्दत पुरा गरि अँग्रेजका दुस्मन फौज काहि २० हजार काहि १० हजार काहि ३० हजार काहि ४० हजार फौजसंग लडाई गरि यस्ता यस्ता २५ लडाई जिति वाहापछि सबै फौज जमा

गरि लषनौका नजिकमा हाम्रा फौज पुग्दा लषनौका वादशाहसंग ३।४ सये तोप १०।११ गोलन्दाज १५।१६ हजार तुरुक सवार १ लाष ६०।७० हजार फौज लि लषनौमा आई किल्ला बलियो गरी वस्याका छन् मद्दत हाम्रो पुग्ने तवर छैन भनी हाम्रा कर्णेलहरूले र अंग्रेजका साहवान्ले अर्जि विन्तिपत्र लेषी हाम्रा ... १ का हजुरका चढाई पठायाछन् र हाम्रा ... १ वाट त्यो लषनौ सर नगरी म फर्कन्याछैन भन्ने हुकुम भैववसी १५।१६ पल्टन पाउ प्यादा गरि लषनौतरफ सवारि भै हाम्रा अघि गयाका फौजसंग भेट गरि अकिल वुद्धि जमार्मर्दि मद्दत पुग्न गरि सवै फौज ज्मा गरि सग लि पुर्व दक्षिनका मुहुडा गरि ७ दिन ७ रात लडाईं गरि लषनौका वादशाहका फौज घेरै गर्द पारि मारि लषनौ फत्या गरि वेनि गारतमा साहवान्हरू १५।२० तिनीहरूका मीम १५।२६ र इनका साथमा रहेका ४।५ सये सरसिपाहिस्मेतलाई ६।७ मैंह्ना दुस्मनले घेरा दी राषेको हुनाले ती सवै नीकासी ल्याया र घेरामा पर्‍याका दुःष सम्झी हर्षका आसु षसाली टोप उतारि ... १ ... का पाउमा परि सवै साहवान्हरूले धन्ये गोर्षा ... ३ ... को अकल वुद्धि प्रताप ठूलो हुनाले हाम्रा दुस्मनहरूलाई नियात पारि हाम्रो मुलुक फत्ये गराइवक्सनुभयो भनी गुनुनु वात गरि ठूलो उत्सव गर्‍या आपना फौज सावुद पाउ प्यादा ली नेपाल आइपुगी वक्सनुभयो ताहांपछि अंग्रेजका सानसाह वादसाहबाट हाम्रा ... १ ... लाई हीराको श्रीपेच मोतिको माला आदि षिल्लत र सये कोसको मुलुक हाम्रा सेवाना मिल्दो सपुर्थ भयो यस अर्थले हामीसित अंग्रेजले लडाई गर्न्याछैन भने जस्तो लाग्छ अंग्रेजको मुलुक छ कोहि मुलुकमा लडाई चल्यो हो तसर्थ डुक्पासित लडाई गर्ने फौज उठिगया हुनन् यो विस्तार मैले गर्दा राङजुङ काजी वडो चित्त लाई दोहोर्‍याई तेहर्‍याई स्वधनी गर्‍या र लषनौका लडाईमा म नपुगेको हुनाले हाम्रो भतिजा यहाँ मषित आयाको सुवेदार वाकावीर षत्री क्षेत्री सेरमा अमल्दार भै गयाको थियो र लडाईको विस्तार गर्‍याको देष्याको वुझ्याको हुनाले सवै विस्तार गर्दा राङजुङ काजिको चित्त वेसरि वुझी ... १ ... ता देउतै हुन् विना देउताको अंस नभै तेस्तो अकल वुद्धि ज्मामर्दि सवैलाई हुदैन तसर्थले ... १ ... देउतै हुन् हामीलाई पनि ... १ ... वाट ठुलो मेहेरमान कदरदान राषिवक्सेको छ भनि भनेर ... २ ... वाट ... ३ ... मा दोस्ती प्रितिमा षलल नभयासम कौनै कुराको पनि विस्यास पर्ने छैन भनि मैले भने र वडिया कुरा भन्नुभयो कप्तान साहेव येस कुरामा मेरो चित्त वुझ्यो भनि भन्ये तसर्थ ... १ ... को र हजुरहरूको नियानिसाफ अयन अकल ज्मामर्दिदेषि सुनी ... २ ... थर्कको रहेछ औ याहां मोलामका वांडाहरूले चोर १ पक्रि कुटि तिघ्रामा घाउ षारि अजपिल्टो गराई वाघी घिच्याई मुर्दा काटि कुकुर्लाई षुवाउने मसानमा लगि तेसै अजपिल्टै कुकुरलाई षुवाई मार्‍या चिन जान्या काजिहरूको चिठि पेश हिज आयाको छैन पछि जो परिआउला लेषि विन्ति चढाइ पठाउला अरु हालसुरथका अर्थलाई यथायोग्ये छ लेषतामा घटवड भयाको होला सेवकपर छेमा करुणा राषिवक्सेजावस् शुभम् — — — — — — —

कप्तान जितमानसिंह षत्रृ क्षत्रृको दिन प्रति साज-सवेरकी सलाम सलाम सलाम — —

इति संवत् १९२३ साल मिति फाल्गुण सुदि ३ रोज मुकाम ल्हासा अडा शुभम् — —

—।—

श्री दुर्गाज्यू सहाय

१

| श्री ५ महाराज | श्री ५ वादसाह | धर्म | देउता |
| --- | --- | --- | --- |
| १ | २ | ३ | ४ |

अर्जी — — — — — — — — — —

उप्रान्त करुणानिधान फाल्गुण सुदि १५ रोज ४ मा लेषि आयाको षिक्से करुणा कृपापत्र चैत्र सुदि ९ रोज ७ मा आइपुग्यो पत्रको दर्सन गरी अर्थ वुझी सीर चढाया चिन जान्या काजी जगत्सेर षत्रृ क्षत्रृका नाउमा जान्या चिठिको पोका तम्रा चिठिमा षामि पठायाको छ ताहां पुग्नेवित्तिकै निज काजिहरूछेउ पुग्ने गरि पठाइदिन्या काम गर भनी लेषि र्मजि भै आयाका वेहोरालाई भोलिपल्ट रवना गरि चिनतरफ पठाइदियां २४ साल वैशाष वदि १ रोज ६ मा मलाई अम्वावाट लिन पठायाछन् र अम्वासित भेट भयो र तम्रा ... १ ... ले चिन पठाउन्या अर्जिका वेहोरामा ... १ ... ले ... २ ... का हजुरमा चह्राई पठायाका अर्जिमा विस्यास पर्ने कुरा फिकि चाहिदा कुरा राषि मसौदा गरि पठायाको

छ आवदिन गरि चाडै चाडै गरि अर्जि पठाइदिउनु र हामि वाठिन्नमार्फत ··· २ ··· का हजुरमा चढाइ पठाउला तिमिले पनि तिम्रा ··· १ ··· लाई पनि चाडै चाडै पठाइदिनु भन्ने वेहोराको अर्जि लेषि चिठिभित्र षामि पठाउ भनि अह्लाया भोटको लामा चिनिया दोमासेले गर्‍याका कुरामा साह्रै मन पर्‍या जस्तो मेरा चित्तले ठहराइ अघि षर्दारहरूसित ··· ३ ··· गरि ··· ४ ··· का पाउ छोड गजुर कल्कि राजमानको प्रसस्ति मात्रै हो भनि मैले भने र येति कुरा मात्तै हुन् भने ··· २ ··· का हजुरमा अर्जि चढाइ पठाउ भन्ने इन्को मतलब मुद्दा ठहरिरहेछ तसर्थं हजुरहजुरका तजवीजमा यसै हो भन्ने ठहर्छ भने अम्वाले पठाइदियाका अर्जिको मसौदा रात दिन चाडै पठाइबक्सनुभया चिनतरफ रमना हुन्याछ मेरा बुद्धि अक्कलले नभेट्टायाका वेहोरा कुरामा उपार दया करुणा राषि मतलव बुझि निमेषको सोझो चिताई यहां अम्वासित वेहोरा म वाधुला येस कुराको कसो होला भनि हजुरहरूबाट संधेय मानिदवक्सनुपर्दैन हजुरहरूका सिक्षे अति बमोजिम गर्न सकन्यैछु मेरा अकल बुद्धिले पुगेको होइन यति बेहोरा पुगेनछ भन्ने करुणा भैआयावमोजिम काज गर्नें छु वौधको लामाले गर्‍याका कुराको पुस्तक लेषि अस्ति चैत्र सुदि २ रोज ७ मा लेषि चढाई पठायाका अर्जिवाट जाहेर होला येस मिति रोजमा स्याहा रपोट चढाई पठायाको छु भनि अर्जिमा विन्ति चढायाको हो त्यो अस्ति चढाई पठायाको छु लेषतामा घटवड पर्‍याको होला सेवकउपर छेमा करुणा राषिवक्सेजावस् औ याहांको हालमुरथ यथा-योग्य छ शुभमस्तु सुभम् — — — — — —

—।—

श्री दुर्गा सहाय

| श्री ३ महाराज | सरकार | श्री ५ सर्कार |
| --- | --- | --- |
| १ | २ | ३ |

अर्जि — — — — — — — —

उप्रान्त करुणानिधान ज्येष्ट वदी ५ रोज २ मा र ज्येष्ट सुदी ४ रोज २ मा लेषियाका करुणा कृपापत्र आषाड वदी ७ रोज ६ मा र ये वदी १३ रोज ५ मा आइपुग्या इ २ वडापत्रको दर्सन गरि अर्थ वुझि सीह्र चह्लायां २४ साल्का फाल्गुण सुदि ७ रोज १ का दिन तिमिले लेषेको अर्जि २५ साल्का वैसाष वदी ११ रोज १ का दिन आइपुग्यो चैत्र वदी ७ रोज १ का दिन तिमिले लेषेको अर्जि वैशाष सुदी १४ रोज ४ मा आइपुग्यो अर्जिले सवै विस्तार जाहेर भयो याहांवाट फरान्सिसका पादरिहरूका मुद्दामा अम्वाका नाउमा र ४ काजिका नाउमा लेषेको चिठिको नकल २ यसै चिठि-मा षामि पठायाका छन् विस्तार तेसै वुझौला ताहां कुरा-कानि चल्यो भन्या तिनै नकलका आसयत्रमोजिम कुरा गर्नु येस कुरामा भित्री सन्छेप के के भन्दा रहेछन् सो वुझि याहाँ लेषिपठाउनु भन्ने विस्तार र नैनसोभालाई भरिसंष्ये वेचनु तिमिसित नराषनु कासेलका राङजुङ काजिले हिजआज अंग्रेजको र मुसलमानहरूको ठूलो लडाईं परिरहेछ भन्छन् हो कि होइन कप्तान साहेव भनि तिमिलाई स्वद्दा वेस जवाफ गर्‍याछौ चिन जान्या काजि सर्दार सुव्वाहरूले लेषेको चिठि पठायाछौ आइपुग्यो याहाँवाट पनि नीज काजिहरूका नाउमा जान्या चिठिको पोका १ तिम्रा चिठिका सग पठायाको छ ताहाँ पुग्यावित्तिकै चाडो ठिन्डपुर पुर्‍या गरि पठाई दिन्या काम गर तोपका मुद्दामा ल्हासाका अम्वाका नाउमा लेष्याका चिठिको नकल र ४ काजिका नाउमा लेषेको चिठिको नकल १ ज्मा २ नीज चिठिमा षामि पठायाका नकलवमोजिम विस्तार वुझि कुराकहानि गर्नु भनि मर्जि भै लेषि आयाका वेहोरामा ४ नकल आइपुग्या वुझि सीर चढाइलियां नैनसोभालाई याहाँका ४ काजिहरू सित जाहेर नगरि भीत्रसंछेप वेभौ भन्दा लिन्या कोहि निस्कदैनन् टाढा देसदेसका वर्षाको याम हुनाले मानिस कोहि छैनन् हिउद लाग्यापछि मरमग्दुर गरि वेचन्या पाठ गरौला तोपका अर्थलाइ अघि ङ्यारुको लडाईं जिति सवै तोप ल्हासामा उत्रेका छन् भन्थे आजकाल काजिहरू ३ तोप ङ्यारुङमै छन् भन्छन् यो तोपका कुरामा ··· १ ··· का हजुर-मा अर्जि विंति लेषि चढाइ पठायाको नपुर्दै हामि माथि षवकि जस्तो एक्का भै आयो तोपसग आयाका षजानाका रुपैयां अघि चढाइपठाया जस्तो लाग्छ कसो भयो र ति रुपैयाँ पुगेनन् तोपका वेहोरा वुझाउनुपर्ला भन्ने सल्लाहा गर्दैछन् तहकियात भयाको छैन वाटाङका मुद्दमा भित्रिसंछेप वुझि हेर्दा अघि चिनियां हु भनि वोलि वानि पोसाक रवाफ चिनियैं जस्तो दुरुस्त भै डिगर्चामा जना २ ल्हासामा जना ४ वेपार गरिरह्याका थिया पछि अंग्रेजहरू रहेछन् भन्ने ठहर्‍येछ र यिनिहरूलाई भोट ··· २ ··· का भरमुलुकमा नराषनु सेवाना पार गरिदिनु भनि अंग्रेज जना ६ को छन-

माल जो जति छ नीज अंग्रेजका सपुर्थं गरि सपुर्थ गऱ्याको धनमालको रसिद भरपाइ अंग्रेजबाट लि भोट मुलुकका सेवाना पार गरिदिया नीज अंग्रेजहरूका साथमा रहेका ल्हासा मुलुकका भोटे पर्जा जना ४ नीज अंग्रेजहरूसित मिलि कृस्तान हुँ भनिरहेका बुझ्दा ति जना ४ कृस्तान ठहरेनन् भोटे पर्जा ठहराई इ जना ४ मध्ये जना २ लाई बाँधी षोलामा हालि मारेछन् जना २ लाई काटि मान्याको थियो ति सेवाना पार गऱ्याका अंग्रेजहरू ठिन्डपुरमा रहन्या चुन्डुसित पुगि भोट…२…ले र ल्हासामा रहन्या अम्बावाट हाम्रो धनमाल लुटि ज्यू मारिदिया भनि फिरायेत गरेछन् र स्त्र कुराको वेहोरा चुन्डुबाट भोट…२…मा र ल्हासा अम्बालाई लेषि आउदा इ अंग्रेजहरूका ज्यू पनि मान्याको छैन धनमाल पनि लुटि लियाको छैन चिनियाँ हुँ भनि ढाटि वस्याका रहेछन् र पछि अंग्रेज ठहर्दा इन्का जो भयाको धनमाल ज्यू सबै ज्मा गराइ सुविस्तासित भोटका मुलुकदेषि सेवाना पार गरिदियाका हुन् भनि भोट…२… ले र ल्हासामा रहन्या अम्बाले चुन्डुलाइ लेषि पठाउदा चुन्डुबाट इ अंग्रेजहरूले आफ्नु धनमाल जो भयाको वुझि लि बुझि लियाको भर्पाइसमेत दियापछि फरेबि रहेछन् इ फरेबिलाइ याहाँ वस्न नदेउ निकालिदेउ भनि धपायाको थियो आजकाल आफ्ना अंग्रेजका दर्वारमा गै फरेब गरि हामिलाई सताउन आया भने इनिहरूसित पुर्पच्छे गरौला येस्ता फरेबमा हामि डराउन्याछैनौ यति कुरो अघि निस्स्यै भयाको छ भन्ने बुझ गरिरह्याका छन् आजभोलि यो वेहोरा को सल्लाहा गर्दैछन् यसै गर्नु भन्ने तहकियात ठहराउन सकेका छैनन् मैले षित्रिसन्छेप वुझि हेर्दा यहिसम्मको वेहोरा पायाँ तहकियात भने भयाको छैन कासेलवाट हजुरमा अव योपछि चढाइपठायाका अर्जिको वेहोरा र यो मेरो अर्जिको वेहोरा हजुरवाट वक्स्यापछि वाठाङ्को वेहोरा जाहेर होला यहाँ ल्हासाका सिपाहिहरू सबै ज्मा गऱ्याका थिया ति सिपाहि अफिसर ड्यारुङ्का लडाईंमा नजान्या सिपाहि जो जति छन् तिनिहरूसित जना १ के दर काला मोहर थान १०० उठाई ड्यारुङ्का लडाईंमा जान्या सिपाहिहरूलाइ दि इ ज्मा गऱ्याका सिपाहि जति छन् आश्विन महीनामा हामिले फिकायाका दिन ल्हासामा मेल हुनु भनि छोडिदिया इनिहरूका आफसमा झगडा भै लडाईं होला कि भने जस्तो खवर छ मैले अघि विन्ति चढायाको हो अकस्म मेलफुटको तहकियात भयाको छैन गुरंगुह्र छर्दैछ चिन जान्या काजिका साउमा आयाको वडापत्र यामुनका परिदारे हुस्ते सपुर्थं गरि॰ दियाँ चीनतरफ साजविहान रमना हुन्छ २५ सालका ज्येष्ट वदि १४ रोजसौलगायत आषाड वदि १४ तकको रोजनामा नयाँ तर्जुमाका स्याहा रपोट षडा गरि चढाइ पठायाको छु भादगाउ गोमरि टोलको चेतागेपाला वस्ने केहेसिं सालिमले मुसलमानकि भोटिनी स्वास्नीपट्टिकी छोरिसित करनि भै विराउ भयेछ भनि ल्हासाका कस्मेरि चिवा वाहावूजुमानले मसित कराउन आये र नीज केहेसिं सालमीलाइ हाम्रा कचहरिमा ल्याइ सोधपुछ गर्दा अघि भोटेकि छोरि हो भनि राषेथे पछि मुसलमानकि भोटे स्वास्निपट्टिकी छोरि रैछ ताहाँपछि पनि मैले राषेकै छ निज मुसलमानकि छोरिसित वस्या वर्ष १ भयो भनि कायेल भयो याहाँ ल्हासामा रहन्या दस वत्तिसहरूलाइ ल्याइ कचहरि गर्दा भोटेनिपट्टिकि मुसलमानकि छोरीसित जानि जानि विराउने निज नेवारसित भयाको रहेछ मुसलमानकि छोरिसित नेवारहरूको जानि जानि विराउ भयापछि हिजोदेषि भैचलिआयाको कसो कसो हो भनि हामि कचहरिवाट सोद्धा मुसलमानकि छोरि हो भनि जानि जानि जान्या नेवार अघि अघि पनि हामिलाई थाहा छैन मुसलमानले भोटिनि स्वास्नि राख्तछन् नेवार पनि भोटे स्वास्नि राख्तछन् येस्ताहरूका छोरि जति भोट पट्टिका रैति हुन्छन् छोरा जति षच्चरा हुन्छन् नेवारका षच्चरा गोर्षा…२…का रैत भै रह्याका छन् भोटेकि छोरि मुसलमानका स्वास्नि येस्तै रितसित ४ वर्ण भोटमुलुकमा षानपिन वस्न उठ्न हिजोदेखि आजतक बरोबरै छ ल्हासा छोडि नेपाल पुग्यापछि हाम्रा…२…बाट पतियाको दस्तुर हामि बाट लि पतिया वक्सिस हुन्छ र ल्हासाका बोर भोट जो भयाको पतियाबमोजिम किरियेकाष्टाले हामि सुद्ध हुन्छौ भनि ल्हासाका दस वत्तिस हाम्रा महाजनहरूले भने निज मुसलमानहरूले हाम्रा कचहरिमा येस्ता बेहोराको फिरायेत पाऱ्यापछि कचहरिले नसुनि नहुने येस्ता वेहोराको मेरा सवाल अहद ऐनमा येस्ता रित गरि छिन्नु भन्ने नहुदा र हाम्रा दरवारका नियां रितबमोजिम ल्हासाका नियां रितमा नमिल्नाले निज केहेसिं सालिमको जवानवन्दि कायलनामा केहि लेषियाको छैन कायेल भने भैरहेछ येस वेहोरामा सेवकले कसो गरि छिन्ने हो जो मर्जि सेवकका अर्जिका वेहोरामा घटवड पऱ्याको होला छेमा राषिवक्स्याजावस् सुभमस्तु सुभम् – – – – – – – –

—।—

श्री ५ बादसाह
१

अर्जि – – – – – – – – – –

उप्रान्त महाराज पौष सुदि ८ रोज २ मा लेषिवक्सनुभयाको करुणापत्र माघ वदि ३० रोज ३ मा आइपुग्यो हरफ हरफ पडी अर्थ बुझि सिर चह्रायां ल्हासाका चार काजीका नाउमा लेष्याको चिठिको नकल उतारि येसै चिठिमा षामी पठाया-को छ विस्तार यसैले बुझाउला ताहाँ तिमिसित केहि कुरा चल्यो भने येसै नकलका आसय बुझी कुराकाहानि गर्ने काम गर्नु भनी लेषि करुणा भै आयाका अर्थलाई ठुलो मेहेर भै वक्सी आयो आज मलाई कासेलका काजीहरूबाट येस कुरा-को बेहोरामा केहि कुरो सोध्याका छैनन् स्वजबुझ गरे भने हजुरका कृपापत्रका आसये बुझी स्वमाफिक कुराकाहानि कामकाज गर्नेछु···१···वाट याहां ल्हासाका अम्वाहरूलाई गोर्षालीहरूले अघि ली आयाको रितवमोजिमको तोफार ····१···गादिमा राज गरिवक्सनुभयाको वादी ममारष ली हाम्रा हजुरमा पठाउनु भन्ने···१···वाट चिठि माघ वदी १४ रोज २ मा आइपुग्यो यो चिठिको यति बुझ पायां र विन्ति चह्राई पठायाको हो येस कुराको चिठि अम्वाहरूले याहाँबाट ताहाँ हजुरमा साजव्याहान पठाउने छन् माघ सुदी १० रोज ५ मा ४।५ दिन वेरामि भै पुराना ङतारि अम्वा मऱ्या यो मऱ्याका लास यहाँ दाहा जिमिमा दवाउने रह्यानछन् तेसै लास चिन पठाउने रित रहेछ र चिन पठा। उनलाई ह्लास तेसै राषेको छ १०।८ दिनपछि पठाउछन् औ यहाँका हालसुरथ यथायोग्य छ लेषतामा घटवड पऱ्याको होला अजान्छु छेमा राषिवक्स्याजावस् सुभमस्तु सुभम्-- --

कप्तान जिस्मानसिंह षत्री क्षेत्रीको कोटि कोटि सलाम सलाम

इति संवत् १९२२ साल मिति माघ सुदि १३ रोज १ मुकाम ल्हासा शुभम्– – –

श्री ५ चिन बादशाह श्री ५ सर्कार श्री ३ महाराज
१ २ ३

अर्जी – – – – – – – – –

उप्रान्त करुणानिधान चैत्र वदी ३० रोज ३ का दिन बेलुका काजि छोकपालाई भोट सर्कारबाट पक्रि नजर्वन्दि गरि थुनि भोलिपल्ट अम्बाहरू भयाका ठाउमा गै येस काजिले धेरै कुराको बिदुत गऱ्यो···१···वाट यहाँ ल्हासाभर टिग-रितक रहन्या चिनियाँ सिपाहिहरूलाई दिन्या तलव चादि आउनलाई केहि दिन ढिला हुदा हामिबाट अघिका मातात्वे फापुन काम गरिरहदा सापटि दियाको थियो त्यो सापटि हामि अम्बाहरूबाट पछि तिरौला निज मातात्वे चिनतर्फ जान्छन् घोडाषालमा ह्लादानि गरिदेउ भन्दा ति रुपैयां नतिरि चिनतर्फ निज मातात्वे जानु हुदैन भनी थुन्यो आज फेरि निज सिपाहिहरुलाइ सापटि दिन सक्तैनौ भन्दा गोर्षालि कप्तानसग सापटि मागि तपाईका सिपाहिहरूलाइ वाडिदिनु पऱ्यो यस्ता विदूत यस काजिले गर्दा पछि विल्यात पर्ला भन्ने पर्ला भन्ने अर्थले हामिले पक्र्यौं भन्ने बेहोरा सुनाया यो बेहोरा तहकियात हो वाहिरफेरा र यो काजिले गोर्षालि र चिनियाँ डुक्पा इनिहरुसित मिलि कामकाज नगऱ्या पछि विल्यास पर्ला कि भने जस्तो गऱ्यो यसलाई पक्रेको हो भने-गलवा गर्छन् कोहि र राजालामाको र चिके षेम्बुको केहि कुरामा नमिलि झगडा जस्तो पर्ण जादा निज काजिले विचमा इ २ को कुरो गरि वझायाको ठहऱ्यो र येस बेहोरा-मा पक्र्या भन्ने गलवा गर्छन् येसभन्दा अघि एक दिन लामा गुरुका साम्ने छोटा अम्बा र कास्यालका ४ काजि लामा गुरुसंग रहन्या चिके षेम्वु र चिटुनहरू भयाका कच-हरिमा अम्वाहरूका भैभारदार सर्सिपाहि गैह्लाई···१···· वाट चादी तलव हाल नआइपुग्दा इनिहरूलाई षर्चले सिकिस्त हुदा पनि तिमि काजिहरूले दाम किन नदियाको भन्दा अरु काजि सबै चुप लागिरह्या निज छोकपा काजिले केहि मुहुजोर गऱ्यो भन्थ्या येस बेहोरामा निज काजिलाई नजरबन्दिमा राषि गन्थे सारा भेवुं ३ गुम्बाका वाडाहरू ४०।५० जना प्यादा वस्याका छन् घरमा पनि मालताल रहन्या कोठामा ताल्चा ठेचे मारि भोटे पालेहरू पहरा बस्याका छन् येस्ता वेहोरासग यो काजि पक्रियो भनि मलाई भोट सर्कारबाट केहि सुनायाको छैन येहिसम्म भै रहेछ येस बेहोरामा पछि बुझि तहकियात गरि भयेभर्को

वेहोरा लेषि विन्ति चढाउला अघि'''२'' वाट राजा लामा र ४ काजिहरूलाइ लेषिआयाका रुक्काचिठिहरूको पत्र उत्तर अव येहि काजिको विद्दुत देशाइ लेषनन् कि भने जस्तो लाग्छ फागुनले अवउप्रान्त ल्हासादेषि टिगरितकका चिनियां सिपाहिहरूलाइ'''१'''वाट साल १ को चादि तलव असल लोलो चुच्या ज्मा टाक ६० हजार आउछ यो चादि टाक १ के मोहर थान १० का दरभाउमा गोर्षा''' २'''वाट लिन्या वेहोरा वस्यो भन्या सो वेहोरा सालवसाल येति चादि गोर्षा'''२'''मा ल्हासामा वस्न्या अम्वाहरू-मार्फत दिनु सोवमोजिवका रुपैयां निज अम्वाहरूवाट वुझि-लिनु भन्ने सनद भै'''१'''वाट आउला भनि भन्या र मैले गरि हुन्यासम्ममा हाम्रा '''२'''को र '''१'''को टुट नपर्न्या गर्नुपर्णे जोग्ये हो तर तपाईंहरूवाट पनि हाम्रा '''२'''मा यो वेहोरा षुलस्त लेषिपठाउनुहवस् र हिसापले टुट नपर्न्या ठहर्‍यो भन्या यो कुरो हुन्यैं हो मैले गरि हुन्या कुरो होइन भन्ने कुरो गर्दा वढिया भन्नुभयो गोर्षा'''२''' मा चिठि हामि पनि लेषौला भनिराष्याछन् । चादि टाक १ के सालवसाल कालामोहर १० चिनियाहरू भन्छन् मैले टाक १ के कालामोहर ९को दर गर्‍या सालवसाल पछिपरन्तुसम्म रहला भन्दा येस भाउमा कुरो नमिलि रह्याको छ हिज-आज भने असल येस दरको चादि वजारको भाउ टाक १ के मोहरु ८।। छ पोहर १० सम्ममा ता मैले देखेथ्या याहाँ साहुहरूलाइ सोध्या पनि अघि चादिको भाउ टाक १ को नौदेषि १२।१३ सम्म हुन्थ्यो भन्छन् मेरा तजविजमा पनि टाक १ के मोहर दसमा लि सो चादिको टक मराइ रुपैंया चिनियालाइ दिदा षर्च नोक्सान पर्ला कि भने जस्तो लाग्छ यो चादिको वेहोरामा हाम्रा '''२'''मा अव उप्रान्त सालवसाल चिनवाट जो आयाको चांदि जान लाग्यो भन्या ल्हासामा चादिको चलन कम होला भन्या हाम्रा साहु महाजनका मनमा पनि परिरहेछ भोट सर्कारका मनमा पनि यो चादि गोर्षा'''२''' मा अव उप्रान्त जान लाग्यो भन्या भोट सर्कारमा पनि चादि कम हुन्या भयो '''१''' वाट पनि गोर्षासगको कारोवार हुनगया हामिलाइ पछि-परन्तु कठिन पर्ला भन्ने परिरहेछ यो वेहोरा मिल्यो भन्या '''१'''वाट '''३'''का नाउको टक मार्नु भन्ने सनद गराउँ कि भन्ने सेवकका मनमा लाग्छ हजुरका तजविजमा जो ठहर्छ सो वेहोराको अधि सिछे कृपा मेहर भै आया सोवमोजिम सेवक गर्न्या छ जो मर्जि अरु हालसुरथ येथा-जोग्ये छ सेवकका अर्जिका वेहोरामा घटवढ पर्‍याको होला छेमा करुणा राषिवक्स्याजावस् शुभमस्तु शुभम् — — —

इत सेवक कपतान जित्मान्सिह सिलवाल क्षेत्रीको दिनप्रति ताज सवेराको कोटि कोटि सलाम सलाम सलाम— — — —

इति सम्वत् १९०७ साल मिति चैत्र सुदि ३ रोज ६ मुकाम ल्हासा अडा शुभम् — —

—।—

श्री दुर्गाज्यू साह

| पांचाइनी | धर्म | देवता उग्रतारा |
|---|---|---|
| १ | २ | ३ |

अर्जि— — — — — — — — — — —

उप्रान्त करुणानिधान हजुरका माल विक्र गर्नु भनि काजि जगत्सेर षत्रि छेत्रिवाट मलाइ आयाको हजुरका दसकत-वमोजिम मैले वुझिलियाका मालके नेपालको षरिदका विजोग-स्मेतको कागज उतारि यसै अर्जिमा षामि २० छ पठायाको छ हाजिर होला याहां ल्हासाका साहु महाजनहरूले पाथि मुगा तोला १के नेपालको षरिद अधेलि मोहर रुपैयाँ १। र १।= सम्मको षरिद गरि ल्यायाका साहुहरु भन्छन् साहुहरुका नेपालका षरिदको विजोग हेर्दा पनि कसैका विजोगमा १। र कसैका विजोगमा १।= रहेछ हाम्रा पाथि मुगा तोला १ को मोहर रु २=,२ कोहि पाथि मुगा तोला १ के २।,।२।।= को नेपालको षरिद रहेछ नेपालको षरिद साह्रै महंगो गरि लियाको रहेछ भनि याहांका साहुहरु भन्छन् कोहि लिंदैनन् विक्र गर्नलाई कठिन पर्‍यो किनषाप थान १ के नेपालको षरिदमा यहाँ १५।१५ रुपैयाँसम नाफा पाया याहाँका साहु-हरु विक्र गर्दा रहेछन् कोरा संष पुवाल नभाको र वाकि रहयाको किनारा मालको र किनषाप वनात मुगाहरूको याहाँ आजकाल चलेको वजारको विक्र सव उतारि अर्जिमा षामि चह्राइ पठायाका कागजवाट जाहेर हुन्याछ अरु पनि नेपालवाट साहुहरुको माल चलान भै याहाँ आइपुगेपछि याहाँभन्दा पनि केहि माल सस्तो हुन्याछ भन्छन् ई माल विक्र गर्दा साहु माहाजन भलाआदमी साछि राषि सुक्रविक्र गर्नेको साछिस्मेतको सहिछाप हलाई विक्रका आम्दानिको स्याहा षडा गरेको छ यो माल विक्र गर्दा विगार्ला कि भन्ने हजुरका चित्तमा ठहर्‍याको छ मेरो चाकरि हजुरमा जाहेर

गर्नुपायाको छैन मैले षोता षाई २७।२८ वर्षसम ढाक्रे भोको रहेकालाई कप्ताननि गराई १ माना पिठाको गुजरा गराई ठूलो मेहृर गरिवक्सनुभयाको छ मेरो बुद्धि अकल पनि छैन ज्यामर्दि पनि नजर गराउन पनि सकेको छैन आज यो काम मलाई वक्सनुभयाको छ काममा साच पुऱ्याउन सके रिझा-उला कि भने जस्तो सेवकका मनमा लागिरहेछ हजुरका मनमा लोभानि पापानि म गर्न्या छैन कदापि लोभानि पापानि गऱ्या भने ···१···को माहापातक मलाई लागोम् भन्ने यो···२···वोकि हजुरको सोझो टहल सेवकले गरेको छ यो माल यस्ता दरभाउसित विक्र गर्नु भन्ने सिक्षेपत्र मेहर भै आया सोमाफिक काज गर्दा हुं हजुरका धन ढाटि चोरि षायाको छैन···२···गऱ्याको छ भनि वहि बुझाउन सक्तिन भनि भन्ने छैन···२···मेरा सिह्रमा राषि पसोषास गरि वहि पनि बुझाउला भनि मेरा मनासिवले···२··· पत्रको अर्जि लेषि हजुरमा चढायां येस···२···पत्रका साछि मेरा इष्ट···३···छन् यति···२···गरि हजुरमा चढायां सेवकका टहल रिजवमोजिम दया करुणा राषि वक्स्याजावस् लेषताका वेहोरामा घटवड पऱ्याको होला सेवकपर छेमा करुणा राषिवक्स्याजावस् सुभमस्तु सुभम् — — —

—।—

श्री ५ सर्कार श्री ३ चौतरिया ववरजंग साहजी

१ २

स्वस्ति श्री गिरिराज चक्रचुडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री श्री श्री महाराज राजराजेन्द्रविक्रम शाह वहादुर जंग देवानां सदा समरविजयेषु इतः वालाशंकर का कोटि कोटि शुभाषिषपूर्वक अर्जी पत्रम् । अत्र कुशलं तत्र श्रीमतां कुशलं वांछामि उप्रान्त गरिव परवर मेरे जेष्ठ सुदी १४ रोजमे लिषी अर्जी वन्देकी डाक्क मुगरे जी के मार्फत···१···के मुल हेजेमे मुजरी होगी वाद मुलाहेजा गर्ने अर्जी के वन्दा···१···के चरणोसे कृपापूर्वक हुकुमनामेका उम्मेदवार है। फर्द ई दिल्ली के अषवारके···१··· के चरणोमे हाजर कर्ता हुं। सो मुलाहेजेमे गुजरे। ज्यादा अरज यहेके भी मेरे सदाशंकरजी जयशंकरजी वास्तेकोर जरुरी अपनेके जर्नेल मातवरसिंह थापाजीसे मुलाकात हुई। थापा मौसुफ २।३ रोज अंवालेमें मुकाम कर्के वास्ते सेर सिकार हवाषोरिके षिमलेको रवाना हुवे। वास्ते इत्तिलाहके अरज रषता हुं। ज्यादा अरंज ये है के···२···जी मुकाम सिलगढीसे लिषते है। के दिल्लीका षवर अषवार हमारे हजुरमे भेजते रहो माफिक हुकुमके। ···२···साहेवकी मर्जीको वजाना पढता हैं। इस मुकद्दमेमे···१···के चरणोसे हुकुम लालमोहरका उम्मेदवार हुं। किस वास्तेके मुकद्दमा अषवारका वहोत नाजुक हैं वास्ते इत्तिलाहके अरज रषता हुं। आगे···१···मालिक और षाविन्द हैं। वन्दा···१··· के चरणोसे हुकुम होवे सोमाफिक वन्दा वजा लावे। ज्यादा क्या विन्ति करुं···१···सर्वज्ञ है। जान आजान कुसुर माफ होवे। संवत् १८९९ साल मिती आषाढ सुदी ६ रोज मुकाम दिल्ली सुभम् — — — — — — —

अर्जी वालाशंकर व्राह्मणकी ।

—।—

श्री दुर्गा सहाय

१

अर्जि — — — — — — —

उप्रान्त ताकलाषारमा हाम्रा ज्मादारहेरु पुगि ल्हासाबाट आउन्या राकास्या काजिसग भेटमोलाकात गर्दा आयाछौ वढिया गऱ्यौ अव उप्रान्त हामिलाई केहि उस्तो परिआयो भन्या हामिहरू पनि सवै गोर्षाकै हौ गोर्षा पनि सवै हामिहरुकै हुन् तिम्रो हाम्रो हिजदेषिको धर्म छदैछ ठानामा लस्कर लि जान्या हाम्रा काजिहरुले मलाइ २।३ फेरा चिठि लेषि डाकि पठायाको छ म भन्या ठानातिर जान्छु ठाना पुगि हामि सवै जनाका सल्लाहले तिम्रा सर्दारलाई डाक्नु-पऱ्यो भन्या चिठि लेषि पठाउला डाकऱ्या सल्लाह ठहरेन भन्या चिठि लेषन्याछैन भनि राकास्या काजिले हाम्रा ज्मादारसग भनि हाम्रा नाउमा भोट्या अक्षरको चिठि १ लेषि सौगात टसिषाता १ कुचिन १ दि हाम्रा मानिसलाई विदा गरि पठायेछ काजि आफु ठानातिर गयेछ भोट्या र सिंहको लडाईं भयाको हालसुरत पनि उनि भोट्याहरूका मुषजमान गऱ्याका कुरा हाम्रा मानिसले लेषि ल्यायाछन् हाम्रा नाउको भोट्या चिठि र टसिषाता हालसुरतको

कागजसमेत चह्राइ पठायाको छ नजर भै जाहेर होला हामिहेरु हुमला दोसांधमा पुग्यापछि भोटतरफको जो पाय-को हालसुरतको अर्जि लेषि चह्राइ पठाउन्या काम गर्न ला जो हुकुम— — — — — — — — — —
इति सम्वत् १८९९ साल मिति वैसाष सुदि २ रोज ५ चलि चलाउ गडम दरा शुभम् — — — — — —

इत श्री सदा सेवक सर्दार हस्तविर साहिको कोटि कोटि सेवा कुर्णेस सुभम् — — — — —

—।—

श्री ५ वादशाह १ श्री ५ गोर्षा सर्कार २

अर्जि — — — — — — — —
उप्रान्त चामु लामा छेउ चिठि पठाउन्या कुराको मर्जि भयाका अर्थमा निज असल आदमि ठहरि यो जानु भन्या लामाराजाको काफिलाको साथ आषाढमा वेपारको डवल-सित जान्या गरि ठेगान भयाको छ मन्यो डाक पन्यो भन्या दैवको अनुग्रह छ वाकि पौवाको र भोट्याको भन्या... सल्लाह भयो भन्छन् देखिदैन पौवाका ५ मानिस भोट्याले पक्रि ल्याया आश्विन २ का दिन ल्हासा पुग्या भोट्याका मानिस पौवाले छोड्याको छैन पक्रियार्क छन् पौवामा पक्रि ल्यायाका मानिससग अम्वाले किन लडाई गर्‍यौ भन्दा हामिले होइन भोट्याले हो हाम्रो राजा र २।३ मानिस इनले मार्‍याथ्या इनका ७।८ सये हामिले मार्‍यौ भन्या अव पनि यसै गर्‍या तिमि पनि भोट्यासित मिलि उसै गर्‍यौ भन्या भोट्यासित तिमिसित लडाई छदैछ ...१... सित हामि पनि पुग्याकै छौं तिमिहरु १०० जनालाई हामि १० जना भया हुन्छ तिमि क्या लडौला ... भन्याको कि ...२... हो कि हामि हौं भनि अम्वालाइ जवाफ दिया पक्रि ल्याया-का मानिस तेस्ता ठाडा कुरा गर्छैन् व्रम्हाको अंग्रेजको कुरा ध्यानृषिवाट कृपा करुणापत्र आयाका अर्थ व्रह्मातिर जान्या वाटो २।३ रह्याछन् पुग्छ फिरंगिको अम्वलमा वाहावाट जान दिन्छ दिदैन व्रह्माको तर्षतमा पुगि पौवाको वाटो गरि १ सन्यासि आजकाल याहां आइरहेछ तेसछेउ व्रह्माको कुरा सोध्दा व्रह्माको लस्कर भारि छ लडाई भया व्रह्माले अंग्रेज-ले कस्ले जित्ला भन्दा लस्कर देष्ता...लाई अंग्रेजले जित्न सक्दैन भन्छ अंग्रेजका लस्करमा २।३ वर्ष वस्याथ्या भन्छ म तिर्थ गर्न जान्छु देला कि देवैन भन्दा तीर्थवासिलाई छेक्दैन भन्छ देशको वाटो ठहर्छ तापनि याहांको वाटो ठहर्छ तपनि षुस हजुरको याहांको वाटो ठहरिन्छ भन्या तिर्थको वहना गरि अम्वा लामाराजालाई लालमोहरको चिठि लेष्याजाला आउदा जादा हुलाक इन्का अम्वलभर अगुवा वाकि श्री ५ चौतरिया नेपाल पुग्यापछि राम्रो हुन्याछैन भनि अम्वा भोट्या सार्है डराइरह्याछन् चिठि लेषता ठाडै लेष्याजाला छ्यादोदेखि हजुर्को पाउरषवार आयाको मुसल-मान तालोये जो हो याहां तापचिमा तालोये भयो श्री ५ चौतरिया षुसि विषुसि कस्ता थिया भनि तेसछेउ अम्वा २ ले सोध्याछन् तेस तालोयेले ल्हासादेषि उभो भन्या वडा षुस थिया याहांदेषि विषुसि भै गयाका छन् भनेछ तेसमा डरायाका छन् विज्ञेषु किम् प्रभुचरणेषु सम्वत् १८९५ साल मिति आश्विन वदि १३ रोज १ मुकाम ल्हासा शुभम् — —

इस शुभचिन्तक वालकृष्नको वेदोक्त साष्टांग शुभासि-र्वाद शुभम् — — — — — —
मिर कुदुस्को सलाम वंदगि शुभम् — — — —

—।—

श्री दुर्गाज्यू शाह
१

श्री ३ महाराज १ श्री ५ सर्कार २ श्री ५ वादशाह ३

अर्जि — — — — — — —
उप्रान्त करुणानिधान कार्तिक सुदि ४ मार्ग वदि ४ रोज ५ ५ मा लेष्याका करुणा कृपापत्र २ विचमा नषोलि षाम छाप दुरुस्त पौष वदि ६ रोज ३ मा आइपुग्या ल्हासाका अम्वा २ का नाउमा लेषिगयाका चिठिको नकल १ यसै चिठिमा षामि पठायाको छ ताहां सोहि कुराकहानि चल्यो भन्या यसै नक्कलका आसयेवमोजिम कुराकहानि गर तिम्रा २७।२८ सालका रुपैयां ...१... का हजूरमा मोरु ४ र हाम्रा हजुरमा मोरु २ पठाउन्या काम वंदियां गरेछौ ...१... का हजूरमा

मोरु ४ दाषिल गरि हाम्रो मोरु २ वुझिलिन्या काम भयो सेजुं काजिले कपतानलाई चिके षेम्वुका पछेपाछका मानिसले दगा गरि मारिदिनन् र गोर्षा ···२··· उठेर इ काजिहरूलाइ मारिदिनन् भन्वे विस्तार लेषेका कुरालाइ यो वेहोरा सवे ··१····वाट नजर हुदा १२ सालमा १० मुद्दाको अहद भै हाम्रा गोर्षा···२···का वकिल भै याहाँ वस्याकै थियो षान्या पिन्या लाउन्या वस्तुको वन्दवेशार गर्नु भन्ने अहृदमा लेषियाको हुनाले अफिम गैह्र हाम्रो माल असवाफ धेरै ल्हासामा रह्याको छ अहद भयाको ल्हासाको मालिक भारदारसगको ल्हासाका राज्यै विग्न्यो र अर्को मालिक भारदार भयो भन्या मैले तपाईंहरूसग भन्नु हुन्या छैन तपाईंहरूको राज्ये र तपाईंहरू हुनुहुन्छ भन्या मेरो ज्यू र मालिक नविग्रला मेरो ज्यू र गोर्षा···२···को कोठि तपाईंहरू जिम्मा लिन सक्नुहुन्छ भन्या वेसै छ म पनि वस्याकैं छु तपाईंहरूका मुलुकमा तपाईंहरू जिम्मा लिन सक्नुभयेन भन्या १०।८ जना मानिस ली वस्याको करका भरोसाले मैले याहाँ वस्न्या हो तसर्थ हाम्रा ··२···को माल असवाफसमेत सेवानासम्म पुऱ्याइदिनुहवस् म जान्छु भनि तिम्रातर्फवाट ४ काजिहरूसग कुरा गर्नु भन्या हुकुम भयाको छ सोवमोजिम गर्नू र जो जवाफ दिन्छन् सो कुरा याहाँ लेषिपठाउनु र याहाँवाट जवाफ गयावमोजिम गर्नु देवाधर्म लामा र कपतान चन्द्रमान कार्कि क्षेत्रि केरुंसम्म आइ फिऱ्याका मुद्दामा ४ काजिहरूवाट फेरि स्वध्या भवे देवाधर्मको जवद भयाको जगाको कुरा गर्नलाई आयाका रहेछन् घोडा षाल्मा नपाउदा केरुंबाट फर्कि गयाछन् भन्ने कुरा गर्नु भन्ने हुकुम भयाको छ सोवमोजिम कुराकहानि गरि निज काजिहरुले ज्या भन्दछन् स्व कुरा याहाँ लेखि पठाउन्या काम गर २९ सालका वालिलाइ वदला पाउन्या काम होला भोट्या कुकुरका छाउरि १ छाउरो १ पायासम्म ठूला सेता जातका षोजि षरिद गरि पठाउनु सो जातका कुकुर जोर १ षोजि षरिद गरि याहाँ पठाउनु जो पठ्याको परल पछि सनद भै आउला भन्न्या हुकुम भयाको छ हुकुमवमोजिम गर्न्या काम गर भनि मर्जि भै लेषिआयाका सिक्षे अथि वडापत्रको दर्शन पाइ अर्थ बुझि सिह्र चह्राया ल्हासा बस्न्या अम्वाहरुका नाउमा लेषियाका चिठिको नकल १ आइपुग्यो अम्बाहरुसग कुरा केहि चल्यो भन्या सो नकलका आस्यवमोजिम कुराकहानि गरुला अफिम गैह्र माल चोरि हुवैन भनि जिम्मा लिन हामि सक्तैनौ वरु सेवानासम्म वोकि पुऱ्याइदिन्छौ भनि कास्यालका ४ काजिहरुले भन्या सो वेहोरा २८ साल मार्ग वदि १ रोज २ मा चढाइ पठायाका अर्जिवाट हजुरमा जाहेर भयोहो बर्घैंचामा सैंजु काजिसग मेरो भेट भयो र चिके षेम्बुका पछेपाछका मानिसले कप्तानलाई दगा गर्नन् भन्ने दोमास्या करम हस्ते तपाईले भनिपठायाको वेहोरा के अर्थले तेसो भनिपठाउनुभयो भनि मैले सोद्धा यो वेहोरा हुन्या ता छैन तर पनि मानिस भन्याका घटिया हुन्छन् तिन्का मनमा कुमति उठ्यो भन्या दगा गर्नलाई वेर छैन वाजा वन्दुक हान्या हुलमुलका जात्रामा नजानुहवम् तर यो वेहोरा हुन्या ता छैन मेरा मनको संषा मात्र हो यो हाम्रा घरका कुरा हुन् जियेको सम्भार गर्नुपर्छ भन्ने कुरा सैंजु काजिले गऱ्या सो वेहोरा पनि हजुरमा अघि विन्ति चढायाको छु हजुरमा जाहेर हुन्यै छ अव पनि हुकुम मर्जि लेषिआयावमोजिम···२···को माल असवाफ सेवानासम्म पुऱ्याइदिनुहवस् म जान्छु भन्ने बेहोरा कास्यालका ४ काजिहरुसित गरुला र के जवाफ दिन्छन् सो जवाफ दियावमोजिम तुरुन्त अर्जि लेषि चढाइ पठाउन्या काम गरुला २९ सालका वालिलाई तिम्रो वदला गराइदिउला भन्ने मर्जि भै वक्सी आयाको ठूलो दया करुणा राषि वक्सी आयो जागिर षान्या मन ता कसको हुदैन हो र वदला गराइ पाउं भन्दो हो म ता बुढो पनि भोटको जग्गामा साह्रै सर्दि मनले हार्षादा विन्ति चढायाको हो २९ साल लाग्यापछि हजुरको दर्शन पाउला भन्वे आधार लाग्याको छ हजुरबाट मेहेर हुन्यैछ ठुला जातका सेता अवलष रंका कुकुर अहसम्म मैले याहां देखेको छैन षोजतलास भरमगदुर गरि पायां भने षरिद गरि चढाइपठाउला हजुरमा पर्वाणा ली आउन्या चिनिवां उताल्वे हस्ते चिन··· ३··का हजुरमा अर्जि चढाइ पठायाको याहां अम्वाहरुतर्फवाट सो अर्जिको जवाफ याहांका अम्वाहरु हस्ते आइपुगेछ र···१···लाइ मानिकको गजुर कलकि वषत वषतमा पैह्रन्या मोति हिरा ज्वाहारात सोवमोजिमको पोसाक पैह्रनु हुन्छ सो पोशाक राजाले लायासम्मको गजुर कल्कि पोसाक···१···लाई फोइवक्स्यौं पैह्रनु हुन्छ भन्ने चिठि मात्र आयो चिनियांका दस्तुरले हुकुम मात्र वक्सने रित हो भनि सो गजुर कल्कि ज्वाहारात भने कविसआयेन सो माल वक्सि नआउदा···१···को चित्त बुझ्न्याछैन येस बेहोरामा कसो गर्नु कप्तान साहेब भनि हजुरमा आउन्या निज उताल्वे मासुइथां इ रे र चिनियांहरुलाइ पढाउन वस्ने वासुदेव

फुयाल ई जनाले मसग भन्न आया र यो कुरा अम्वाहरुका सल्लाहाले मसंग भन्न आयाको हो कि कसो हो भन्दा मैले ता हाम्रा सल्लाहाले मात्र भन्न आयाका हुँ भरे भरे अम्वाहरुसग पनि सल्लाहा गर्नपर्न्या छ भन्या र उसो भया अम्वाहरुका दिलमा क्या छ चिन ···३···वाट वक्सि आयाका वेहोरामा क्या छ सो वेहोरा षुलस्त मसग गन्या ···१···को चित्त पनि वुझन्या अम्वाहरुलाइ पनि राम्रो हुन्या वेहोरा तपाईंहरु हामिहरुका जुक्तिवुद्धिले पुगी आउन्यासम्म गर्नुपर्छ भन्ने कुरो मैले गन्या र वढिया भन्नु भयो तेसै गर्नुपर्ला भन्ने कुरो गरि गयापछि चिन···३··· वाट जस्तो हुकुम भै लेषि आयो सोवमोजिम पठाउनुपर्छ भनि अम्वाहरुवाट भने अरे सो चिठि नेपाल पठाया भनि वासुदेउ फुयाल मसग भन्न आया सो चिठि हजुरमा दाषिल भै वेहोरा जाहेर हुन्यैछ औ याहांको हाल भेवुं साह्रा २ अम्वाको झगडा भै लडाइँ हुन्छ भन्ने हल्ला ल्हासा सहरमा गल्वा हुन लागेछ र इ २ गुम्वा मिलि वस्याकामा नचाहिंदो येस्तो कुरो जसले गर्ला तेसको मुष काटौंला भन्ने उर्दि भरेभोलि फिराउनेछन् भन्न्या भैरहेछ हाम्रा नेवारको भोट्याहरुसग लिना कारोवारको वेहोरा र अरु सानातिना झगडा यहिनिर रहेका १४।१५ कलम छन् इ झगडा ···२···को अैन राहामा मिलन्या गरि छिनिदेउ भनि वारंवार भन्दा कैले हाम्रो अलमल छ भन्छन् कैले आजभोलि कचहरि गरौंला कैले आज भयेन चार दिन पषिदेउ भन्ने येस्तो गर्दागर्दै १ झगडा पनि नछिनि ४।५ वर्ष भैरहेछ अवर यो झगडा नछिनिदियाको वेहोरा र हजुरवाट सिछे भै वक्सिआयाको वेहोरासमेत गरि मवाट अर्ध्यालो नपर्न्या उनहरुको अर्ध्यालो समाइ कुराकाहानि गरुला र मतर्फवाट भयाका कुरा र काजिहरुले जवाफ दियाका कुरा सवै षसोषास लेषि पछि हजुरमा विन्ति चढाइ पठाउला औ लदागमा अंग्रेजको ठाना वस्या अंग्रेजवाट निसाफ पनि रामरो गरि दुनियांदार राजि गराई वस्ति वसाउन धमाधम लागीरह्याछन् अंग्रेजहरु पनि धेरै छन् लदागिहरुले अंग्रेजलाई मान्या भन्ने वेहोराको गल्वा लदागवाट ल्हासामा वेपार गर्न आउन्या मुसलमानहरु भन्छन् अरु याहाँको हाल-सुरथ यथायोग्य छ सेवकका अर्जिका वेहोरामा घटवढ पर्न्याको होला छेमा करुणा राषिवक्स्याजावस् शुभमस्तु

इत सेवक कप्तान जितमानसिंह सिलवाल क्षेत्रीको दिनप्रति साजसवेरको कोटि कोटि सलाम सलाम

इति सम्वत् १९२८ साल मिति पौष वदि ९ रोज ६ मुकाम ल्हासा अडा शुभम्...........

| श्री ५ सर्कार | श्री ३ सर्कार |
|---|---|
| १ | २ |

अर्जि — — — — — — — —

उप्रान्त गरिपरवर आश्वीन वदि १३ रोज ४ का दिन ल्हासा पुग्यौं र पुग्याको दिन ४ सम्म चार काजीहरूलाई फुरसत छैन भेवुं वाडाहरूको र राजालामाको झगडा कौसल हुँदैछ भनी ···२···वाट वक्स्याको चिठि दिन पनि पायेन प्रभु पाचौ दीनमा कप्तान चन्द्रमान कार्कि र म गै चिठी दिया र चार काजीले ···१···को र ···२···को गाठमा आराम हुनुहुन्छ कि भनी सोधनुभयो र मैले भन्या तपाइ-हरूको आसिरवादले हाम्रो···१···का र···२···को गाठ आरामै हुनुहुन्छ भनी भन्दा यो चिठी भोट्या अक्षेरमा सारि हेरुला ऐले १०।१५ दिन भन्या हामीहरूलाई काम छ १०। १५ दिनपछि हामीहरूले तिमिलाई दाकन पठाउला र कुरा गरुला भनी भन्यो प्रभु भेवुंको वाडाका झगदाको कुरा भन्या अघिदेषी ताहां भेवुंमा बस्न्या सात हजार वाडालाइ पाच मिस्कार दाम वाडी दिनुपर्दो रहेछ दाम वार्दा सामेल हुन नआउन्याहरूलाई दिन पर्दो रहेनछ यस्तो थिति भयाको मा ताहां दाम वाडी दिन्या छ्यांजये भन्या षजांचिले राजा लामाकहां गै कसो कर वाडाहेर भन्या धेरै छ पाच पाच मिस्कार दिन्यामा चार चार मिस्कार मात्र दिउँ की भनि विन्ति गर्दा राजालामाले लौ हुन्छ भनी चार चार मिस्कार मात्र दिनु भन्यां लालमोहर गरिदियो र निज षजांचिले भेवुंमा गै वाडाहेरूलाई दाकि लौ तिमिहरुको दस्तुर भोलि वाडी दिन्छु भनी सवै वाडाहरूलाई उर्दि दी आयो र सवै वाडा लामेल भैरह्यो र उस दिन नगैदिदा वाडाहरूका मनमा काम मात्र बरबाद गरिदियो भनी कोही वाडाहरु आफुनु षेतमा गहु कटाउन गयो कोही वाडा आफना काममा गयो र यस्तो वषत पारि पसिपोल्ट गै चार चार मिस्कार रुपैयां बाडी दियो र आधा वाडाहरूले पनी रुपैयां पायेन र वाडाहरूले भन्यो हिजो तिमिले उर्दि दिदा हामी सवै वाडा सामेल भै रह्याको थिया र हिजो तिमिले बाडी दियेन आज र कोहि नभयाको वेला पारि रुपैयां बाडी दियो र पनी

अघीको दस्तुरभन्दा घटाई चार चार मिस्कार मात्र दियो भनी भन्दा निज षजांचिले भन्यो हामीलाई राजालामाको हुकुम यस्तै छ भनी लालमोहर देखायो र बाडाहेरूले भन्यो राजालामाको धन दिनुपर्न्या पनि होइन अरु कसैको धन दिनुपर्न्या पनि होइन भन्यापछि जो अघि दाताले दियाको धनमाल आज क्याको रैबन्दो हो भनि नीज वाडा सवैको रिस उथ्यो र राजालामाको दरवारमा गै रहरा बस्न्यालाई कुटपिट गरि कपाल फोरि धुंगाले झ्याल फोरि फेरि भित्र पसि वैठकको कुचीन्को झुल चदुवा सवै च्याटी दियेछ र पछी चार काजीहरूले यो कुरा हामीहरूले छिनी दिउला भनी बुझायो र उस दिन उसै फर्कि गयो राजालामाले पनि उसै दिन आपनु सिपाही सवै सामेल गरि बारुद गोली दि ठाउ ठाउ घाट घाटमा वस्याकै थियो अज झगडा छिन्याको छैन वांडाहरूले र राजालामा क्या जान्दछ ति रैबन्दी गर्न्या कारिन्दाहरू हामीलाई सौपिदिन्छौ भन्या हामी मानुला भनी भन्दा रहेछ राजालामाबाट पनि मेरा मानीसलाई कुटपिट गरि कपाल फोरि मेरो बेइजत गरि ढुंगाले झ्याल फोरि झुल चदुवा च्याटीदिन्या मानिस मलाई सपुर्द गरिदे भन्दा वाडाहरूले भनेछ राजालामाको झ्याल फोर्नु र झुल चदुवा च्याट्नु नजान्या वापट्मा हामिहरुले सुनको झ्याल सुनको चदुवा राषीदिउला त्यो हामीहरूको रैवन्दी गर्न्या कुल्याहाहरू हामीलाई देऊ भन्या येस कुरामा बरोवर कौसल हुँदै थियो तेसै बीचमा सिपाहीहरूलाई वारुद गोली दि पहरा ठाउ ठाउमा राष्याको छ भन्या वाडाहरुले थाहा पायो र २०।२५ जना वाडाहरूलाई मतमै गरि जाउ तिमि· हरू दराउनुपर्दैन तिमिहरूको जिउमा केहि भयो भन्या हामि सात हजार वाडाको जिउ त्यागुला भनी भरोसा दी रोज रोज सहरमा घुम्न पठाउदो रहेछ वाडाहरूलाई र कसैले केहि गर्नु सक्दैन प्रभु दुनियाँहरूले भन्या यो झगडा अहिले छिनिदैन कि भन्या जस्तो कुरा गर्दछ भेवुं गुंवाको वाडाहरु भन्या चिनको भारदारहरुको दाज्यूभाई र अरू वाडा भलामानिसको भाइछोराहरू वाडा भै वस्याको रहेछ र काजीहरू चार जनाले पनि तिनिहरूलाई हार्न सक्दैन भनी भन्या कुरा गर्छ राजालामावाट र आश्विन सुदि ८ रोज २ का दिन ठाउ ठाउमा पहरा राष्याको सिपाहीहरू ता झिकिदियो भनी भन्छ प्रभु कोहिले र यो कुरा छिन्या पनि गर्घे भन्याका गुंवाको वाडाहरू पनि सेत्या काजीको कुरामा उठ्ला भन्या जस्तो छ भनी भन्छ सेत्या काजीले र अघी नीज त्यो गुंवामा धेरै रुपैयां पैसा षर्च गरि गुठ राषी वन्दोवस्त गरिदियाको छ भनी भन्छ प्रभु स्येत्या काजीको कुरा भन्या ल्हासादेषी पश्चीमतर्फ ३।४ दिनको वाटोमा उसको छाप रहेछ ताहादेषी किन जानु भन्या उर्दि दि राष्याको रहेछ र स्येत्या काजीले राजालामासित अर्जि लेषी मलाई हिड्यो ६ मैन्हा येही वसुला ६ मैन्हा वर्षा ताहादेषी यक दिन यही षोलाको किनारामा वस्न्या वेहोरा गरिदिया वधीया होला भन्या अर्जि लेषी चह्राई पठायो र राजाला— माले हुदैन भन्या जवाफ दियेछ र फेरि तेसै वेहोराको चर्जि लेषी अम्वालाई चह्राइ पठायेछ र त्यो कुरा राजालामाले ठाहा पायो र लौ हुन्छ अम्वालाई गुहार मागन्या भन्या वेहोरा राजालामाको मनमा पर्‍याको थियो उस्तै वेलामा स्येत्या काजिको चाकरहरूले भन्येछ तपाईको छ्यांजयेले ता दौलथको हिनामिना पार्‍यो भनी भनेछ र स्येत्या काजिले चिठी लेषी आपनु छ्यांजयेलाई दाक्न पठायो र छ्यांजयेलाई भन्यो तिमिले धेरै वर्ष भयो कारवार गर्‍यो अब यक फेरा वहि वुझाऊ भनी भन्दा नीज छ्यांजयेले वहि वुझायेछ र अलीकती मिलेन छ र उस दिनमा जाऊ माथी गै च्या षाई वैठकमा सुत भोली कुरा गरुला भनी काजीले भन्यो र विदा भै माथी गै च्या षाई वस्दा तेसै रातमा च्यांकुस भन्याले तलाई ता भोलि काजिले मार्न्या छ भनी सुनाई दियेछ र उसै रातमा भागी भेवुं गुम्वामा लुकिरह्यो र स्येत्या काजिले थाहा पायेछ र भेवुं गुम्वामा हेर्न पठाउदा ताहावाट पनि भागी कास्याल कचहरिमा गै स्येत्या काजिले ता गोर्षा ... १ ... मा सालिन्दा रुपैयां दिन्या तैले दिलायाको ता हो भनी मलाई वाट लायो भन्या वेहोराको अर्जि लेषी गोर्षा ... २ ... मा चह्राइ पठायाको छ अंग्रेजलाई पनी चिठी लेषी पठायाको छ भनी नीज छ्यांजयेले भन्यो भनी स्येत्या काजीलाई पक्री १ कपरा मात्र राषी ल्हासादेषीन् पश्चिम— तर्फ ३।४ दिनको वाटो लगी कैद गर्‍याको छ भनी भन्छ नीज स्येत्या काजिका अरु चाकर कारवारिलाई र धन हिनामिना पार्‍यो भनी पोल्न्याहरूलाई पनि इनहरूले पत्ती जान्याको होला भनी वाट लाई कोर्दावाजी गरेछ र पनि कायेल भयेन र थुनीराष्याको थियो आश्विन सुदि २ रोज ५ का दिनमा ईनहरूलाई ल्हासादेषी धपाईदियो भनी भन्छ प्रभु चिन्तर्फवाट आयाको साहेवान भन्या कैल्है फर्कि भन्या लिठांनठां भन्या जगामा आइपुग्यो भनी भन्छ यसो हो भन्या ठेगानाको कुरा सुनिदैन जान्या वुझन्याहरूसित सोधदा यसै भन्छ देष्याको भन्या होइन प्रभु अर्जिमा तलमाथी पर्‍याको माफ गरिवक्सयाजावस्.................

सदा सेवक चाकर, गुलाम दारोगा राजविरसिको साष्टांग कोटी कोटी डंडवत् सेवा सेवा सहश्रम् —

इति सम्वत् १९१८ साल मिति आश्वीन शुदी १३ रोज ५ शुभम् ... ... ... .... ...

श्री महाराज — १      श्री ५ वादशाह — २

अर्जि — — — — — — —

उप्रान्त करुणानिधान ह्लासाका अम्बलमध्ये बाटाङ भन्ने मुलुकमा फरानसेसका पाड्डिहरूले घर बनाइ बस्याकाहरूलाई धपाई मानिस मारि मालताल लुटपिट गर्‍याछन् यो बेहोरा.... १ ... बाट याहां ह्लासाका अम्बा ४ काजीहरूलाई चिठि र स्व चिठिहरूका नकल मलाई पनि मेहर भै आउदा स्व नकलका आसये बुझी सिर चढाये येस मुद्दाका बेहोरा भीत्रसंक्षेप गरि के उत्तरा लेषता रहेछन् सो बुझि हाम्रा हजुरमा लेषि चाडै चढाइ पठाउनु भनी मर्जी भै अघि आयाको सो वेहोरामा ४ काजीहरूले अम्बासित गै यो बेहोराको विस्तार गरेछन् र अम्बाबाट ... २ ... का हजुरमा यो वेहोरा नशादी म जवाफ दिन सक्दिन भन्ने जवाफ भयेछ साधक पनि हालिपठाया भन्ने सुनिन्छ हाम्रा चिन जान्या काजीहरूका साथ यहाँ अम्बावाट चिनियां दोमासे पथायाका थिया ती दोमासेहरूले कार्तिक सुदी १३ रोज २ मा मुकाम ठिन्डपुरबाट ह्लासामा आफ्ना घरलाई चिठि लेषि पठायाका रह्याछन् यो चिठिको बेहोरा बाटामा लडाई भै बाटो बन्द हुनाले चिन जान पायेनौ ठिन्डपुरका फाफुं दर्जाकोलाई मामुलीत गादी ममारष बुझाई ई फाफुंले चिन ... २ ... का हजुरमा सो मामुलितहरू बुझाई ... २ ... बाट षिलबत चिज तोफा जो बक्स्याको लौ नीज फाफुंले ठिन्ड-पुरमा आइ गोर्षाका काजीहरूलाई बुझाउन्याछन् तसर्थले हामीलाई ढिलो भयो माघ फागुनतिर याहां ठिन्डपुरबाट ह्लासातर्फ हामीहरू सबै कुच गर्न्याछौ भन्ने बेहोराको चिठि पौष मैह्लामा ह्लासा आइपुग्यो हाम्रा काजिहरूले भने चिठि लेषिपठायानन् औ हाम्रा तोप ह्लासामा पठायाका छन् तसर्थ ति तोप साबुद भया साबुद पठाइदिनु विग्र वेकम्वा भयाका अघि लेषियाबमोजिमको मोल ४ काजीहरूसित भनी पठाइ दिनु भनी लेषियाका वेहोरा यहाँ ४ काजीहरू-सित भन्दा आजभोलि उत्तरा दिउला भन्दाभन्दै अझसम्म छेडषान भयाको छैन डुकेछेन्जो भन्ने भोटेलाई यो कुराको जो गर्नु पर्ने वेहोरामा र राजबिर दारोगासित लियाको अफिमका रुपैयाँ मध्ये ८।९ धोजे अस्ति असोजतिर गैह्लहेछ अव हिसावकिताव गरी वाकी जो ठहर्छ पठाइदिउला भन्छन् ङ्यारुंको लडाई जिति आउन्या अफिसरहरूमध्ये फुलुं काजीका दाज्यू धैंबुंलाई ङ्यारुंको लडाई जित्येमा सुनाचादि ज्वाहार धेरै दवाई लौ राषिछस् भनी भोट ... २ ... बाट नीज धैबुनलाई र नीजका छोरा १ ईन्का कारोबार गर्नेलाई र ईन्का पछेपातका मानिस सबैलाई पौष सुदि १० रोज ७ का दिन ईनीहरू सबैलाई पक्र लगी अड्डा जग्गा जग्गा लगी नजरवन्दी गरि थुन्ये नीज धैंबुनकी स्वास्नी घरैमा थुन्याको छ फुलुङ काजी अघिल्ला दिन ९ रोज ६ मा ल्हासादेषिन् १० दिनको बाटो तातापानी जान्छु भनी कास्येलमा बिदा भै गैरहेछन् ये सुदि १२ रोज ३ का दिन ३ काजीहरू नीज धैबुनका घर गै मालताल ताजायेत गर्‍या घोडा षच्चरहरू लामाराजाका तवेलामा पुर्‍याया यो बेहोरामा येस्ता रितले कृपया अव इनीहरूलाई येसो हुन्छ भन्ने तहकीयात भयाको छैन तहकियात भयापछि लेषि विन्ति चढाउला सेवकको अर्जीका वेहोरामा घटबड पर्‍याको होला छेमा राषिवक्स्या-जावस् शुभमस्तु भभम् — — — — — — —

—।—

स्वस्ति श्री ५ चीन वादसाहका हुकुमले भोट ह्लासामा वसि काजकाम गर्न्या श्रीटुचाङ ताठीन श्री ३ मान्तारिन अम्वा तथा श्री ३ टुचाङ ताठिन श्री ३ ङन्तारिन अम्वा दुवै अम्वाले गोर्षाका पगरि कपतान चन्द्रमान कार्कि-लाई पठायाका पत्रम् उप्रान्त हामि ताठिनवाट पठायाको दस्षत तिमि कप्तानले मानि काम गर्‍याछौं यो साल पौष महीनाका २५ दीनमा तिमी कप्तानले विन्ति गर्‍याका पत्रमा लेष्याको अर्थ उप्रान्त १९१७ साल श्रावण वदी ८ रोज ४ का दिन डिगर्चामा गोर्षाका रैयत रणविर राइटर र मन्टुं मुसलमानको रेसम किन्दा वेचदाका कुरामा निज गोर्षाको रैयत रणविर राइटरलाई डिगर्चाका फापुनले सिक्रीले वाधी यामनमा लगी पांस्येले कुटेका कुरामा हामी कपतानले श्री वडा २ अम्वाका हजुरमा अर्जि विन्ति जाहेर

गऱ्याको हो सोही वेहोरामा नेपालवाट मलाई चिठि आयो भोटसरकार र गोर्षासरकारका रैयतको झगडा पर्दा दुवैतरफका भारदार वसि जस्ताको तस्तो निसाप गरि छिनु भन्या भोटसरकार र गोर्षासरकारको लडाई भै घावन्दोवस्त भयापछि लेषियाका सातौं अहृदमा छ गोर्षाको रैयत रणविर डिगर्चाको मुन्टु मुसलमानको झगडा भयाका मुद्दामा त्यो मुसलमान नेपालको हो भन्या तिमिले मात्रै निसाप हेरनु भोटसर्कारको रैयत त्यो मुसलमान हो भन्या भोटका भारदार र तिमि वसि निसाप हेर्नुपर्छ गोर्षाका भारदार नराषि आफ्ना मुनासिबले सिक्रीले वाधि पांसे ठोकि वासका षवटाले ५० फेरा गोर्षाको रैयत रणविरलाई डिगर्चाका फापुनले कुट्नु वहुत वेमुनासिव हो अहृद नाघि अर्ध्यालि गर्न्या फोपुनलाई सजाइ हुनुपर्न्या हो भनि श्रीवडा अम्वाका हजुरमा विन्ति गरि ज्ये जवाफ हुन्छ श्रीवडा अम्वावाट जवाप भयावमोजिम याहां अर्जि लेषि पठाउन्या काम गर भन्या मलाई चिठि आयो र श्री वडा अम्वाका हजुरमा अर्जि हामि कप्तानले चढायाको हो येसको उत्तर अति सिछै वक्सेवमोजिम सोहिमाफिक नेपालमा अर्जि लेषि पठाउदा हुँ भन्या वेहोरा लेषि आउदा हामी ताठिनले विचार गरि अघी डिगर्चाका फोपुनले हामी ताठिनवाट पठायाको दस्षत मानि फेरि विन्ति गरि पठायाको पत्रमा लेष्याको वेहोरा डिगर्चा झुंपुन र नेवारका पगरि मुसलमानका पगरिहरू वसि सोझो निसाप गरि मंटु षाजिलाई सये फेरा कुटिसक्यापछि डंड तिराई राइटरलाई घाउ पोसाउनी हजार मोहर दियूं २ तरफको चित्त बुझाई येस काममा हामि मिल्यौ दुवै सामेल छौ भन्या वेहोराको हामी २ तरफले मुचुल्का लेषिदियूं भन्या विस्तार लेषि आउदा हामी ताठिनले उत्तीषेरै सोहिवमोजिम तिमि कपतानले मान्नुपर्छ भनि दस्षत लेषि पठायाको हो गोर्षा र भोट २ पट्टिको सलाह मिलापत्र नाघी काम गर्न्या ति डिगर्चाका फोपुनलाई सजाये गर भनि दस्षत लेषि पठायाको छ फेरि हाङफोन ६ सालमा गोर्षा र भोट २ पट्टिको घा मिलापत्र गरि मिलापत्रमा चिनिया र भोटे जो भयाका भारदारहरूले यो वन्दोवस्तको डढा हेरि जाहेर गर भनि चिठि लेषि पठायाको छ ढडा पनि यांहां छदैछ आज तिमि कपतानलाई नेपालवाट सोधवुझ गर भनि चिठि लेषि आयेछ सोहि वेहोराको अर्जि हामि ताठिन यामनमा चढायौ येस कामको उत्तरा अर्जि सिक्षे वक्स्याजावस् भनि लेषि पठायाका कुरालाई तस निमित्त यो दस्षत तिमि कपतान चन्द्रमान कार्किले मान्नुपर्छ अस्ति हामि ताठिनवाट तिमि कपतानलाई पठायाको दस्षतमा लेष्याको मन्टुं षाजि र राइटरको झगडा भयाका किन्चित् कुरामा नेपालका पगरि मुसलमानका पगरि भोटका पगरिहरू वसि काम छिनिसक्याको अर्थ तिमि कपतानले सोहिमाफिकको अर्जि लेषि नेपाल पठाउन्या काम गर तसर्थ यो दस्षत लेषि पठायाको हो तिमि कपतानले मान्नुपर्छ इति श्री हङफोन १० साल ११ मैनाका २७ दीन जादा मुकाम ल्हासा यामन शुभम्... ... ...

# लुम्बिनी अंचलका ऐतिहासिक पत्र ।

—शंकरमान राजवंशी

नेपालको पश्चिमी भागको लुम्बिनी अंचलमा अर्घा नामक ठाउं छ । अर्घादेखि माथि धूरकोट र धूरकोटदेखि माथि इस्माकोट पर्दछ । त्यस इस्माकोटमा जोगीको गुठी रहेछ । उक्त गुठीको जग्गा वि. सं. १८६२ मा हरण भएको रहेछ । वि. सं. १८६२ मा श्री ५ रणबहादुर शाहका पालामा धेरै बिर्ता र गुठी जग्गा हरण भएको थियो, जसलाई बासट्ठीहरण भन्दछन् । उक्त हरण भएको इस्माकोटको गुठी जग्गालाई श्री ५ राजेन्द्रविक्रम शाहले थामिदिएको कुरा वि.सं. १८९८ को तल दिइएको पत्रमा उल्लेख छ । अर्को कुरा कन्फट्टा जोगीलाई पुजारीको बाहाली दिने विषयमा उजूरी जाहेर गरेकोमा श्री ३ जंगबहादुरले कन्फट्टा जोगी जमु नाथलाई गुठीको पुजारीमा बाहाली दिएको कुरा वि. सं. १९२७ को तल दिइएको पत्रमा उल्लेख छ । त्यस्तै गुल्मी धरमपानीमा रहेको गुठी पहिलेको स्थिति बन्देजबमोजिम थामिदिएको वेहोरा वि. सं. १९३२ को तल दिइएको पत्रमा उल्लेख छ ।

अर्घा रजस्थलको ऐतिहासिक कुरा, त्यहांको महाकालीको जात्रा चलाउने गुठियार भुसालको कुरा तथा महाकाली ल्याएको कुरा प्राचीन नेपाल संख्या ७ को पृष्ठ ३१–३३ मा प्रकाशित वि. सं. १९६१ को जंगबहादुरको रुक्कापत्रमा उल्लेख भएको छ । त्यसैलाई लिएर श्री रणउदीपसिंहले पनि ती भुसालहरूलाई गुठीको स्थिति बन्देज गरिदिएको कुरा तल दिएको वि. सं १९३६ को पत्रमा उल्लेख छ । त्यसपछि श्री ३ वीरशंशेरले पनि ती भुसालहरूलाई गुठी थामिदिएको छ । त्यस कुराको उल्लेख तल दिइएको वि. सं. १९५६ को पत्रमा गरिएको छ । पूर्वोक्त पत्रहरू यथाक्रमले संक्षिप्त परिचयसहित दिइएको छ ।

## श्री ५ राजेन्द्रविक्रमको वि. सं. १८९८ को रुक्कापत्र ।

**परिचयः—**

श्री ५ राजेन्द्रविक्रम शाहबाट अम्बरनाथ जोगीलाई इस्माकोटको गुठी जगा थामिदिई गरिदिएको यो रुक्का हो ।

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का— — —
आगे अम्बर नाथ जोगीको इस्माकोटका ···१··· को गुठी ६२ सालमा जफती हुंदा साल ९३ मा जांच गै जांच्दा गुठीको जगा नभै हुन्या रहेनछ भन्या ठहराई वीर्त्तीपत्रमा भयको जगा गुठी गरी बक्स्याको हो दुई ताली गुठीले

---

प्राचीन नेपालको संख्या ७ मा "अर्घाबाट प्राप्त केही ऐतिहासिक पत्र" शीर्षकमा अर्घासम्बन्धी केही पत्र प्रकाशित भैसकेका छन् । त्यस बेला छुटेका अर्घासम्बन्धी पत्र र त्यसै बखतको भ्रमणमा प्राप्त इस्माकोटसम्बन्धी पत्रहरू• समेत एकत्रित गरी अहिले यहां दिइएको छ । अर्घासम्बन्धी बिस्तृत ऐतिहासिक विवरण उक्त प्राचीन नेपालको संख्या ७ मा परिसकेका छन् । —सं.

बेहोरी सक्यापछि त्यो जगा बटुकदलको ठहरी गुठीले बेहोरन नपाउदा गुठीलाई समझाउन्या हुं भनी बीन्ती गर्न आउदा जाहेर भयो बीर्ता गुठ कीपट बटुकदल पल्टन कम्पनीका जागीरमा भर्ना भयाको बाहेकबमोजिम तपसील को बाकी जगा बीराउनु बगर षेत मुरी । ४४ गुठी र अघी देषी आफुले चल्याको हलको षरक मैदांको घड्यारी चार हजारको अघी देषी षाई आयको पाथी मानु आनु इस्मा अर्जे घमीर अम्बरपुरका कुमालको बेटीले सदाका रीत-बमोजिम***२***को टहल गराउनु इस्माका जोगीको बंड कुंड मन्यी अतुताली आनु मानु जोगी ती पैसा र गुठमा दरीयाका जगामा महंत मंडलीले पनी टंटा नगर्नु भनी परापुर्षादेषी खाई चर्ची वेहोरी आयको रीतबमोजिम थामी गुठमा दरी पुजाहारा थामी बक्स्यौं आपना षातीर-जामासंग गुठमा दरीयाको दैदस्तुर पटबाको बीह्राई दरीया-का जगाको पैदावरले गुठ चलाई हाम्रो जय मनाई सेस रह्याको भोग्य गर — — — — — — — — —

तपसील

आलीको षाटो बाक्रो बीह्राउनु — — — — ।२०
दुभाहारको डीही बाक्रो बीह्राउनु — — — —।१०
बंगाड षोलो दलसींगे क्रम्टाम्चाको बाक्रो बीह्राउनु— — ३
अर्वादी फेदी फाट पारीको बगर बीह्राउनु— — —।३
अघीयाका पुछारको बगर बीह्राउनु — — — —।४
बंगाडको उपल्लो तल्लो क्राम्टो बाक्रो बीह्राउनु— —।४
— — — — — — — — — — — — —

इती सम्बत् १८९८ साल मीती ज्येष्ठ वदी ५ रोज २ सुभम् — — — — — — — — — — —

—।—

## श्री ३ जंगबहादुरको वि. सं. १९२७ को

## रुक्कापत्र ।

**परिचयः—**

इस्मा रजस्थलको पुजारी बनाई घूठ चलाउने विषयमा श्री ३ जंगबहादुरको यो रुक्कापत्र श्री कम्याण्डर इन चीफ जनरल रणोद्दीपसिंहद्धारा इस्मा रजस्थल बस्ने जमु नाथ कन्फट्टा जोगीलाई लेखिई गएको हो ।

स्वस्ति श्री मदतिप्रचराडभुजडराडेत्यादी श्री श्री महाराज जंगबहादुर राणा जी. सी. बी. प्राइम्मिनिष्टर योराड कम्याराडरकस्य रुक्का — — — — —

स्वस्ति श्री मद्राजकुमार कुमारात्मक श्री कम्याराडर इन चीफ जनरल रणदीपसिंह कुवर राणाकस्य पत्रम्— —

आन्ये इस्मा रजस्थल बस्ने जमु नाथ कन्फट्टा जोगीके येथोचीत उप्रान्त जील्ला इस्मा रजस्थलका***१***का गुठका लालमोहरमा कुनौटा भन्या षेत मुरी ।१० लाल-मोहरमा हरप थपेको हुदा जाचबाट यो लालमोहरमा षेत मुरी । १० को हरप थप्याको कस्ले हो भनि हामि जांचले समाउदा नीज लालमोहरको पुजाहारी लाल मन्याको रहेछ नीजको छोरा रती नाथलाई समाउदा मेरा बाबु रती नाथले क्रया गरी षेत मुरी ।१० हरप थप्याको साचो हो भनि ज्वावंदी लेषिदीदा स्व ज्वांवन्दी र रपोट चढाई पठाउदा नीज रति नाथलाई जगा मीचन्या ३६ लबरका ऐनबमोजीं नीज रति नाथलाई मोहरु १। दंड भैसक्यापछि नीज रति नाथले ताह्रा आई षेत मुरी ।४४ मध्ये षोला ।३७ बाकी अवादी षेत मुरी ।७ र षोलो लागेको षेत अवाद गरी*** १***को पुजा चलाउदा हुँ भन्या रिपोट चढाई हाम्रा नाउँमा अरू कसैले कबोल गर्छन् भन्या कबोल गराई स्वबमोजींको रीपोट लेषिपठाउनु कसैले कवोल गऱ्यानन् यहि वेहोराले रति नाथले मात्र कबोल भन्या सो वेहोराको रिपोट लेषि पठाउनु भन्या २६ साल मिति चैत्र सुदि १३ रोज ५ मा ***२***का रुक्का दस्कतबमोजीं नीज इस्मा भलाआदमी र कन्फट्टा जोगी गैह्रलाई सोद्दा नीज ईस्मा रजस्थल बस्न्या जमु नाथ कन्फट्टा जोगीले कबोलनाम लेखिदीदा नीज गाउका जींमावाल मुषिया भलाआदमीले पनि नीज जमु नाथ भया***१***को पुजा चल्छ हामी राजी छौं भनि मुचुल्का लेषि दीदा नीज जमु नाथलाई***१***को पुजा चलाउनलाई दीयाका छौं नीज जमु नाथको कवुलनामा र नीज गाउका भलाआदमीको मुचुल्कास्मेत चढाई पठायाको छ साबीक सनद छैन सोधनु भन्या सवाल हुकुम मर्जी अैन छ जो मर्जी भनि २७ साल श्रावण सुदी ८ रोज ४ मा गलकोटतर्फ महाराजका डिट्टा रबीनारां मुषिया हरिमाधोले ठहराई पठायाका रिपोटमा रुक्काबमोजीं गाउका जीमवाल थरी

मुखिया भलाआदमी गैह्र सामेल गरी सोद्धा जमु नाथ कन्फट्टा जोगीले कबुल गर्दा र नीज गाउका जात्तीपकारले राजीनामा लेखिदीयाको हुनाले नीजको नाउमा पुजाहारीको सनद गरी दिनु भन्या ठहरायूं गरी बक्सनु नबक्सनु जो मर्जी भनि सदर महाजाच बन्दोबस्त दफ्तरखानाका सुब्बा षडानन्द उपाध्या षरीदार दौलथसिले ठहराई लेखायेकामा कौसलबाट तजबीज गर्दा यस मुद्दामा सदर महाजाच वन्दोवस्तबाट ठहराई लेष्याबमोजींको ज्वाफ हामीले पनि मुनासिब ठहरायूं भनि कौसल लंबरबाट ठोक लेष्याका २२१ का लंबरका रीपोटमा कौसल गोश्वाराबाट सो ठोक मुनासिब ठहरायूं भनि हाम्रा हजुर्मा बिन्ती पार्का जाहेर भयो तसर्थ सदर भन्या लेषि हामीबाट सदर गरी बक्स्यामुताबिक तीमीले महाजाचमा लेषीदीयाका कबुलीयतबमोजीं तीम्रा नाउमा इस्माकोटका ... १ ... को पुजाहारीका बाह्रालीको रुक्का दस्कत गरी बक्स्यौ लाल नाथ जोगीले पछि लालमोहरमा थप्याको कुनौटाका बीरौला षेत मुरी ११० बाहेक अम्बर नाथ जोगीका नाउमा भयाका १९९८ सालका मोहरमा दरीयाबमोजींका जगाको पैदावार दैदस्तुर रीतले ....१ ... को गुठ चलाई हाम्रा जय मनाई सेष रह्याको भोग्य गर इती सम्बत् १९२७ साल मीती कार्तीक वदी १२ रोज ६ सुभम् – – – – – – – –

–।–

## ले.ज. वीरशमशेरको वि.सं. १९३२ को दस्तखतपत्र ।

**परिचयः–**

यो पत्र पूर्वतर्फका लेफ्टेन जनरल वीरशमशेरले गुल्मी धरमपानी बस्ने गुठियार नेवारहरूलाई गुठी थामी गरिदिएको दस्तखतपत्र हो ।

स्वस्ति श्रीमद्राजकुमार कुमारात्मज श्रीलेफ्टेन जनरल वीरशमशेर जंग राणाकस्य पत्रम्... ... ... ... .... ...

आगे उक्त गुठमा दरियाको नेवार घर कुरिया गैह्रकै यथोचित उप्रान्त गुठमा दरियाको गुल्मीका अम्वलमध्ये मौजे घरपानीको नेवार घर कुरियाको घर जगा दंड कुंड मरे अपुताली चाकचकुई दस्तुर पैदावारकै निज गुठीभित्रको ... १ ...का जात्रा र पर्व पर्वका पूजा चलाउनू भजनमा रुजु रहनु द्वारा वेठ वेगार उघाउनी सागुन्या फागु जगा भसार नीरष नीकासी गोडधुवा गरी चुमावन रैरकं अरु रकमीले लिन पाउदैन भनी तावापत्र लालमोहर २२ सालमा रुक्का दस्कत भयाको छ सो रुक्काको नक्कल सारी सक्कलबमोजींको नक्कल दुरुस्त छ भनी सहीछाप गरी एस्मा गासी जाहेर गऱ्याको छ हाल पनि सो थितीको सनद गरी वक्स्या काम चलाउन्या छु भनी केशवनाराद्वारा हाम्रा हजुर्मा विन्ति पार्दा जाहेर भयो तसअर्थ माथि लेखियाको तामापत्र लालमोहर र रुक्का दस्कत भयाको हो भन्या सोबमोजीं हामीबाट पनि थामी दस्कत गरी वक्स्यौ ३२ साल मिति फाल्गुण सुदि ६ रोज ४ सुभम्... ... ....

–।–

## श्री ३ रणोद्दीपसिंहको वि. सं. १९३६ को रुक्कापत्र ।

**परिचयः–**

श्री ३ रणोद्दीपसिंहले अर्घा रजस्थलका देवीदास भुसाललाई अर्घाकोटकी कालिकादेवीको पूजाको स्थिति बांधी गरिदिएको रुक्कापत्र कम्याण्डर इन चीफ धीरशंशेरद्वारा निजलाई लेखिई गएको हो ।

| श्री कालिकादेवी | श्री ५ सर्कार | श्री राज |
|---|---|---|
| १ | २ | ३ |

स्वस्ति श्री मदतिप्रचराडभुजदराडेत्यादि श्री श्री श्री महाराज रणोद्दीपसिह राणा बहादुर के. सी. यस. आई. थोङ लीन पीम्माको काङ वाङ स्यान प्राइममिनिष्टर याराड कम्याराडर इन चीफकस्य रुक्का — — –

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री कम्याराडर इन चीफ जनरल धीरसंशेर जंगबहादुरकस्य पत्रम्— —

आगे अर्घा रजस्थल वस्न्या गुठियार देविदास भुसालके यथोचित उपरान्त अर्घाली राज्यका गुरु मेरा पुर्षा हुनाले गुरुसिच्छेका कुलायन पनि यकै पुजेका हुदा कुलायन पृति मोलावोट सेरा २।गुठी राषी अरु सराजामलाई दरवारबाट

रु १३। ले नित्ये नैमित्ये पर्व पर्व चैते वडा दसैंका वलि विधान विधिपूर्वक पूजा मेरा पुर्खा रोठाकहरूबाट ८३६ पुस्तासम्म चलाई आउदा गोर्षा …२…को प्रवेश भयापछि वाजे पुर्ने जैसीका नाउमा लालमोहर हुदा स्व लालमोहर-वमोजिम गुठी चलाई आयाका रहेछन् निज बाज्याका नाउको मोहरमा भयाको वेहोरा हाली अर्को मोहर गराइ जत्रतत्र गरी गुठी चलाउदा अमालिले दिन्या सरजाममा मोरु १३। लि दशै गर्दा पनि नसकि राजिनामा दि छोडदा ८ सालदेखि चौटारिया हरिकुमार शाहिलाई संग ली मैले गुठी चलाउदा जो भयाका सनदपत्र चुरै पाध्यासंग थियो र मेरा नाउला सनद भयाको थियेन निजे चुरै पाध्याले पनि राजीनामा दि सनद सवै मलाई सोपदा सालवसालको मेरा नाउमा रुक्का दस्तषत गरीवक्स्याको छ सो रुक्का दस्तषत र चुरै पाध्याले मलाई सोपेको सनदको वेहोरावमोजीम दर-साबिकदेषि दरी चली आयाकोमा मालियतले आजसम्म गुठी पूजा चलायाको छु सो गुठी चलाउनालाई अमालीले दिन्या सरजामका मोहरु १३। अमालिबाट दिदासम्म आफ्ना घरमा नफा टुटा केही पर्दैनथ्यो साबिकवमोजिम विधि चल्थ्यो आजकाल अरू बेहोरा भन्या साविकबमोजिम चल्याकै छ अमालीबाट दिन्या रुपैया १३ जागीरदारका वेलामा भरना भयो …२…नबक्साइ दिदैनौ भन्दा साल-वसाल टुट परि मेरा घरघरानाबाट खर्च लगाइ गुठी चलाउनुपर्‍याको छ यस्तैमा ३६ सालको वडादसैंमा …२…का नाउमा जमरा राख्ने कल्ल्यावारियोका ब्राह्मण, जोगी, भक्ति, तीर्थवासीहरूलाई भोज गराई दान दिन्या घरगंडी, बलक, जुता, चुरा र नौरथेका ठेकी ठेकदारहरूले बुझी सावीकमा घटाईदिदा जुता चुरा पनि किनी दान दिनुपर्‍यो इष्टमित्रबाट दुध दही झिकाई भोजन गराउनुपर्‍यो छ्वजालाई चाहिन्या बाघका छाला किनी काम चलाउनुपर्‍यो … १…का स्थानमा …२…का वलिमा रांगा ९ पाठा २७ भेडा ४ चाहिन्छन् बेद, रुद्रि, होम, जग्गे, चराडी पाठ, पुरान, सरालानाच देविजात्राका सिधा, दक्षिणा, नगद दस्तुरलाई र रागा, पाठा, नैबेद पकाउनालाई, धुप बत्तिलाइ घ्यू तेल परिद गर्नालाई समेत खर्च हुन्या जिन्सी धान मुरी ४२।७ नगदी मोरु ६५= ।।।३ षर्च चाहिन्छ …१…का मन्दीरमा जीब चडाउन आउन्याहरूका पनी अढाई घडीका जसका तस हुन्छ …२…का बढन्या वषतमा बढन्या दीक्षा र रोगव्याध आउन्या; जन घट्न्या वखतमा घटन्यै दीक्षा समेत पाइन्छ यो गुठी चलाउदा विधि घटाइ चलायो भन्या कसैलाई उपद्रव बात लागन्या, कसैलाई अनेक दुःख आइ-लागन्या, कसैका छोरा मर्न्या, कसैका छोरा बौलाउन्या हुदा सबैले छोडी राजीनामा दीदा र अघी परापूर्वदेखी मेरा पूर्खालगायत बाज्या पुने जैसीका पालासम्म यो काम गरी आयाका हुदा र कुलाग्यन पनि हाम्रै हुदा मेरा नाउमा सालवसालीको रुक्का दस्तषत वक्सदा मलाई गुठी चलाउनु परेको छ साविकवमोजिम अमालीबाट दिन्या रु १३। घट्दा र ९९ सालका तिथीका मोहरमा यो दसैंलाई पर्‍याको वेहोरा ९ सालको दस्तषतमा बाघ बलझाउनालाई पर्‍याको बेहोरा ९३ सालमा लालमोहरमा पर्‍याको गैह्र बेहोरा हाली सनद बक्स्या …२…को वडादसैं दिन १५ चैत्यादसैं दिन ९ र पर्व पर्व नित्ये नैमित्ये पूजा चलाउन मुस्कील पर्‍याको छ षामित अमालीले दिन्या रु १३ सात सय अर्घाले परिआयाको आमदानीबाट ठेकदारहरूले दिनु अघीदेखि दरी चली आयाको घरगंडी, बलक, जुता, चुरा, नौरथेका ठेकी दरसाबिकमा कसैले खिचला नगर्नु दरसाबिकबमोजिम दिनु भन्या र ९३।९९।९ सालका सनदमा यो गुठी दसैंका विधि-पूर्वकलाई पर्‍याको बेहोरा गैह्र हाली थिति बन्देजको लाल-मोहर गरी पाया …२…को जय मनाई …१…को विधि पुजा चलाउदा हुं यो गुठीलाई भयाका सनद मेरा नाउको रुक्का सबैका नक्कल यसै रिपोटमा गासी चढायाको छु जो मर्जि हुकुम भन्या अर्घा रजस्थल बस्न्या गुठियार देविदास भुसालले चढायाका रपोटमा येस मुद्दामा सबैले छाडी राजीनामा दिदा र अघी परापुर्बदेखि मेरा पुर्खालगायत मेरा बाज्या पुर्ने जैसिका पालासम्म यो काम गरिआयाका हुदा र कुलायन पनि हुदा सालवसाल मेरा नाउमा रुक्का दस्तषत बक्सदा अमालिले दिन्या रु १३ सात सये अर्घालिले परिआयाको आमदानीबाट ठेकदार अमालिले दिनु अघी-देखि दरी चली आयेको घरगंडी, बलक, जुता, चुरा, नौर-थेका ठेकीमा कसैले षिचला नगर्नु दरसाबिकबमोजिम दिनु भन्या र ९३।९९।९ सालका सनदमा यो गुठी दसैंका बिधिपूर्वकलाइ पर्‍याको बेहोरा गैह्र हाली थिति बन्देजको लालमोहर गरी पाया …१…का विधि पूजा चलाउदा हुं भन्या मुद्दा लेष्याको रहेछ नीजका नाउमा ३१ साल माघ सुदि ८ रोज ७ मा सालवसाली भयाका पट्टाका रुक्का दस्तषतका वेहोरामा दानपत्र, सिलापत्र, तामापत्र, तारपत्र, लालमोहर, पोजील गैह्र सनदवमोजीम र अघीदेखी दरि

